माघ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क २० | २०७७, माघ १६-३० | पूर्णाङ्क ६८६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिष्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ८ | | |
| इजलास नं. १ | ४ | | |
| इजलास नं. ५ | २० | इजलास नं. ११ | १५ |
| इजलास नं. ६ | ८ | इजलास नं. १२ | २ |
| इजलास नं. ७ | ६ | इजलास नं. १३ | ४ |
| इजलास नं. ८ | १ | इजलास नं. १४ | १ |
| इजलास नं. ९ | २ | इजलास नं. १५ | २ |
| इजलास नं. १० | १० | इजलास नं. १६ | १ |
| जम्मा | ५९ | जम्मा | २५ |

**कूल जम्मा ५९ + २५ = ८४**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, माघ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ७** |
| १. | उत्प्रेषण | डा.सन्ध्या कार्की (बस्नेत) वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | १ |
| २. | उत्प्रेषण | कल्पना आचार्य वि. नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङसमेत | १ |
| ३. | उत्प्रेषण | धनेन्द्र विमल क्षेत्री वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत | १ |
| ४. | परमादेश | अधिवक्ता विश्वजित तिवारी वि. नेपाल टेलिकम दूरसञ्चार कार्यालय, नेपालगन्जसमेत | २ |
| ५. | परमादेश | विरेन्द्र ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, मुकाम विरगन्जसमेत | ३ |
| ६. | निषेधाज्ञा | राजलक्ष्मी ठकुरी वि. शान्ति राणासमेत | ४ |
| ७. | उत्प्रेषण / परमादेश | रमेश झा वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत | ५ |
| ८. | परमादेश | ठाकुरप्रसाद सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १** | | | **७ – १०** |
| ९. | अनियमित वन पैदावर काटी हटाएको | नेपाल सरकार वि. राजेश चौहान | ७ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सिंगबहादुर तामाङ | ८ |
| ११. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. दुर्गा निरौलासमेत | ९ |
| १२. | घुस रिसवत लिई भ्रष्टाचार गरेको | रविन्द्र पासवान वि. नेपाल सरकार | ९ |
| **इजलास नं. ५** | | | **१० – २९** |
| १३. | ठगी | राजाराम पौडेलसमेत वि. नेपाल सरकार | १० |
| १४. | लिखत बदर | भक्तसिंह गुरूङ वि. रीता राई (गुरूङ) समेत | ११ |
| १५. | लागु औषध खैरो हेरोइन | रमजान खाँ वि. नेपाल सरकार | १२ |
| १६. | जालसाजी | सर्जुबाबा श्रेष्ठ वि. शिवादेवी जोशीसमेत | १४ |
| १७. | उत्प्रेषण / परमादेश | तारणीप्रसाद मण्डल वि. भूमि सुधार कार्यालय, सप्तरीसमेत | १५ |
| १८. | उत्प्रेषण / परमादेश | रामरति देवी कहारसमेत वि. सिताराम कहारसमेत | १६ |
| १९. | लिखत दर्ता बदर निर्णय दर्ता बदर हक कायमसमेत | सानुकान्छा भोमजनसमेत वि. राजाराम तिवारीसमेत | १७ |

| | | | |
|---|---|---|---|
| २०. | लिखत बदर | जलकुमार गुरूङसमेत वि. चम्फा गुरूङसमेत | १८ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलकुमार तुम्बापो | २० |
| २२. | कर्तव्य ज्यान, डाँका | नेपाल सरकार वि. शुक्रराज लिम्बू | २१ |
| २३. | उत्प्रेषण / परमादेश | दीपकिरण श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा पाल्पा वितरण केन्द्र पाल्पा, तानसेनसमेत | २२ |
| २४. | उत्प्रेषण / परमादेश | आशा गुरूङ वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकसमेत | २३ |
| २५. | जबरजस्ती करणी | पासाङनुरू शेर्पा वि. नेपाल सरकार | २३ |
| २६. | जबरजस्ती करणी | नेपाल सरकार वि. मधु लामा थोकर | २४ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेम वि.क. | २५ |
| २८. | उत्प्रेषण | जिल्ला शिक्षा समिति, पर्सासमेत वि. रविभूषण राम | २६ |
| २९. | कर्तव्य ज्यान | रामलक्षण यादव वि. नेपाल सरकार | २८ |
| **इजलास नं. ६** | | | **२९ – ३६** |
| ३०. | लिखत दर्ता बदर दर्ता | देवकुमार श्रेष्ठ वि. बट्टाई पोखरेलसमेत | २९ |
| ३१. | ज्यान मार्ने उद्योग र डाँका | नेपाल सरकार वि. फूर्वा लामासमेत | ३१ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विमल घर्तीमगर भन्ने विमल पुन | ३२ |
| ३३. | अपहरण तथा शरीर बन्धक लिने उद्योग र विष्फोटक पदार्थ | नेपाल सरकार वि. आकाश घर्ती भन्ने पर्शुराम घर्ती | ३२ |
| ३४. | बकसपत्र दर्ता बदर | युगेश्वर मण्डल केवट वि. मनटुटिया देवी मण्डलसमेत | ३३ |
| ३५. | लेनदेन | विष्णुकेशरी श्रेष्ठ वि. माइली खड्का | ३५ |
| ३६. | लागु औषध (अफिम) | बिर्खे कार्की वि. नेपाल सरकार | ३५ |
| **इजलास नं. ७** | | | **३६ – ४१** |
| ३७. | हालैदेखिको बकसपत्र दर्ता बदर दर्ता कायम | सलमा खातुन फकिर वि. मोहम्मद शाहसमेत | ३६ |
| ३८. | कर्तव्य ज्यान | महादेवी भन्ने महवादेवी वि. नेपाल सरकार | ३७ |
| ३९. | डाँका | नेपाल सरकार वि. छोटेलाल शाह कानुसमेत | ३९ |
| ४०. | उत्प्रेषण | किरणमान प्रधानसमेत वि. गुठी तहसिल केन्द्रीय कार्यालय, गुठी संस्थानसमेत | ४० |

| | | | |
|---|---|---|---|
| ४१. | अपहरण | नेपाल सरकार वि. विनोद मल्लसमेत | ४० |
| इजलास नं. ८ | | | ४१ – ४२ |
| ४२. | उत्प्रेषण / परमादेश | गणेश शाह वि. रविन्द्र शाह | ४१ |
| इजलास नं. ९ | | | ४३ – ४५ |
| ४३. | उत्प्रेषण | विवेकानन्द प्रसाद यादव वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत | ४३ |
| ४४. | आगलागी | नेपाल सरकार वि. देवचन्द्र यादवसमेत | ४३ |
| इजलास नं. १० | | | ४५ – ५२ |
| ४५. | उत्प्रेषण / परमादेश | सुभद्रा कार्की वि. नेपाली सेना, सैनिक मुख्यालय, भद्रकालीसमेत | ४५ |
| ४६. | जग्गा खिचोला घर उठाई चलन | आसनारायण माझीसमेत वि. लिला सरदारसमेत | ४६ |
| ४७. | माना चामल | राजेन्द्रकुमार श्रेष्ठसमेत वि. राजविक्रम श्रेष्ठसमेत | ४८ |
| ४८. | बैना रकम फिर्ता | दानबहादुर प्रजापति वि. राजु थापा | ४९ |
| ४९. | भ्रष्टाचार (अनियमितता) | हर्कबहादुर दाहाल वि. नेपाल सरकार | ५० |
| इजलास नं. ११ | | | ५२ – ६४ |
| ५०. | मूल्य अभिवृद्धि कर ०६६/०६७ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं. २ वि. डुमादेवी इन्टरप्राइजेज | ५२ |
| ५१. | खिचोला मिटाई चलन चलाई पाउँ | लियाकत अलीसमेत वि. अफसरून निशा सिद्दिकीसमेत | ५३ |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजमणि महतो | ५४ |
| ५३. | अदालतको अवहेलना | हरहरी उपाध्याय वि. सकील अहमद जसगढ | ५५ |
| ५४. | करारबमोजिम गराई पाऊँ | परवेज अख्तर मोची वि. शोभा राज्यलक्ष्मी सिंह ठकुरी | ५५ |
| ५५. | सवारी ज्यान | नेपाल सरकार वि. सुरज मगर | ५६ |
| ५६. | उत्प्रेषण / परमादेश | सिद्धराज मिश्र वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंसमेत | ५७ |
| ५७. | उत्प्रेषण / परमादेश | कल्पना रावत वि. वैदेशिक रोजगार विभाग, बुद्धनगरसमेत | ५८ |
| ५८. | लिखत बदर दर्ता बदर दर्ता कायम | जगदिश दास बैरागी वि. रामबाबु चौधरी | ५८ |
| ५९. | लिखत दर्ता बदर दर्ता | नन्द राउत कुर्मीसमेत वि. बन्ती राउत कुर्मी | ५९ |
| ६०. | लिखत बदर दर्ता बदर दर्ता कायम | करिस्मा प्रधान (नेपाली) वि. प्रकाशमान शाक्य | ५९ |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिलबहादुर वली | ६० |
| ६२. | भ्रष्टाचार (घुस रिसवत) | रामप्रसाद न्यौपाने वि. नेपाल सरकार | ६१ |

| | | | |
|---|---|---|---|
| ६३. | गैंडा मारी खाग बिक्री व्यवसाय | दिधी लामा वि. नेपाल सरकार | ६२ |
| ६४. | उत्प्रेषण / परमादेश | जीतेन्द्रकुमार झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | ६३ |
| **इजलास नं. १२** | | | **६४ - ६६** |
| ६५. | बन्दी प्रत्यक्षीकरण | राजेशकुमार थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ६४ |
| ६६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कृष्णबहादुर भण्डारीसमेत | ६५ |
| **इजलास नं.१३** | | | **६६ - ७१** |
| ६७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामेश्वर दाससमेत | ६६ |
| ६८. | बन्दी प्रत्यक्षीकरण | जङ्गबहादुर भण्डारीसमेत वि. गृह मन्त्रालयसमेत | ६७ |
| ६९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हिमप्रसाद शर्मा | ६८ |
| ७०. | बन्दी प्रत्यक्षीकरण | डम्बरबहादुर थापा मगर वि. उदयपुर जिल्ला अदालतसमेत | ६९ |
| **इजलास नं.१४** | | | **७१ - ७२** |
| ७१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रे भन्ने विनय नेम्वाङ | ७१ |
| **इजलास नं.१५** | | | **७२ - ७५** |
| ७२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हेमराज साह तेलीसमेत | ७२ |
| ७३. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. संजय लिम्बूसमेत | ७३ |
| **इजलास नं.१६** | | | **७५ - ७६** |
| ७४. | मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी | नेपाल सरकार वि. लेखबहादुर परियार दर्जी | ७५ |

## संयुक्त

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०४३६, उत्प्रेषण, डा.सन्ध्या कार्की (बस्नेत) वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत

निवेदनमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९, त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा भएका विभिन्न कानूनी प्रावधानहरूको विपरीत नेपाली केन्द्रीय विभागमा प्राध्यापक पदमा कार्यरत भई हाल मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागमा कार्यरत रही मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा सहायक डिनको पदमा नियुक्ति गरिएका प्रा.डा.कृष्णप्रसाद घिमिरेलाई सहायक डिन नियुक्ति गर्ने त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७१।८।१६ को निर्णय र सो निर्णयपछि गरिएका सम्पूर्ण काम कारबाहीहरू गैरकानूनी, त्रुटिपूर्ण एवं हचुवा हुँदा बदर गरिपाउँ भन्ने मुख्य माग दाबीको विषयवस्तु भएको प्रस्तुत निवेदनमा त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयको च.नं.२४२।०७१।०७२ मिति २०७१।९।९ को प्रा.डा. कृष्णप्रसाद घिमिरेको राजीनामा स्वीकृत गरिएको पत्रको प्रतिलिपि यो इजलाससमक्ष पेस हुन आयो। उक्त पत्रको बेहोराबाट प्रस्तुत रिट प्रयोजनहीन भएकोले अन्य कुरातर्फ विवेचना गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-०३३८, उत्प्रेषण, कल्पना आचार्य वि. नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङसमेत

निवेदक मिति २०७२।४।१७ गतेदेखि लागु हुने गरी नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय आयुर्वेद विद्यापीठको हेड असिस्टेन्ट पदमा मासिक ज्यालादारीको रूपमा नियुक्ति भएको निजको नियुक्ति पत्रबाट देखिन्छ। यसरी मासिक / अस्थायी / करारमा नियुक्ति पाएका कर्मचारीको नियुक्ति वा अवकाशको विषयमा विश्वविद्यालय सभाबाट निर्णय गरिने कानूनी प्रक्रिया नै छैन। यस्ता करार / ज्यालादारी प्रकृतिका पदमा काम गर्ने कर्मचारीहरूलाई अवकाश दिनको लागि विश्वविद्यालयको शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम, २०६७ को प्रक्रिया र कार्यविधिको अवलम्बन गर्नु नै पर्दैन भन्ने लिखित जवाफ पनि देखियो। ज्यालादारी कर्मचारीका कुनै पनि पदमा लियन रहँदैन। यस्तो कर्मचारीलाई हटाउन कुनै कानूनी प्रक्रिया पूरा गर्नुपर्ने आवश्यकता नै रहँदैन। यस्तोमा विश्वविद्यालयको ६८ औं बैठकलाई चुनौती दिँदै आफूलाई यथावत् काममा राखिनुपर्ने भन्ने निवेदन जिकिर स्वीकारयोग्य नदेखिने।

अतः मासिक ज्यालादारीमा काम गर्ने कर्मचारीलाई दिइएको अवकाशपत्र उपर यी रिट निवेदकलाई चुनौती दिने हकदैयासमेत नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०१६४, उत्प्रेषण, धनेन्द्र विमल क्षेत्री वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत

नेसनल बोर्ड काष्टिङ प्रा.लि. (सिटी एफ.एम. रेडियो) कम्पनी वा कुनै कानूनबमोजिमको संस्थाको हैसियतमा दर्ता भए वा नभए पनि त्यसरी

छुट्टै अस्तित्वमा रहेका कम्पनी, संस्था, समितिहरू कानूनी व्यक्तिको हैसियतमा रहने हुन्छ । त्यस्तो कानूनी व्यक्तिको हैसियतमा प्राकृतिक व्यक्ति र कानूनी व्यक्तिको हैसियत वा अस्तित्व छुट्टाछुट्टै रहने हुँदा त्यस्तो संस्थामा निवेदक धनेन्द्र विमलको पत्नी उक्त नेसनल बोर्ड कास्टिङ प्रा.लि. मा सञ्चालक अध्यक्षको हैसियतमा कार्यरत रहेको कारणले मात्र स्वत: यी निवेदक त्यस्तो प्रसारण संस्थाको सेवामा प्रत्यक्ष वा अप्रत्यक्ष सेवामा रहेको मान्न सकिने नहुने।

आफूले रोजेको पेसा रोजगार व्यवसाय गर्न पाउनु प्रत्येक नागरिकको संवैधानिक हक रहेकोले त्यस्तो किसिमको संवैधानिक हक र Civil Liberty को विषयमा पतिले कुनै रोजगार गरेको कारणले उसको पत्नीलाई रोजगार गर्न वञ्चित गर्नु उक्त संवैधानिक हक विरूद्ध हुनेसमेत देखिन आउने।

निवेदकले अन्यत्र संस्थामा काम गर्ने गरी लिएको अनुमति सञ्चालक समितिको मिति २०६१।१२।२८ को निर्णयबाट खारेज गर्ने गरी निर्णय भएपश्चात्को अवस्थामा यी निवेदकको सिटि एफ.एम. वा कुनै प्रसारण संस्थाको सेवामा प्रत्यक्ष अप्रत्यक्षको संलग्नताको आधार उल्लेख नगरेबाट निवेदक सिटी एफ.एम. संस्थाको सेवामा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएको भन्ने नदेखिने।

कसैको उपर लगाइएको आरोप सम्बन्धमा निर्णय गर्दा कानून, तथ्य र प्रमाणको आधारमा विवेकपूर्ण मूल्याङ्कन गरी निर्णय गर्ने अधिकारीले निर्णय गर्नु वाञ्छनीय हुन्छ। तर कसैको निर्देशन गरिने निर्णयलाई कानूनबमोजिमको र न्यायिक विवेकयुक्त निर्णय मान्न मिल्दैन। त्यस्तो निर्णय पूर्वाग्रही (Bias) निर्णय हुने हुँदा प्राकृतिक न्याय सिद्धान्तविपरीत हुने हुने।

विपक्षी रेडियो प्रसार सेवा विकास समितिको विवादित निर्णय निर्णयकर्ताले तथ्य, कानून र प्रमाणको मूल्याङ्कन आफ्नो सद्विवेक प्रयोग गरेर निष्कर्षमा पुगेको नभई केवल राष्ट्रिय सतर्कता केन्द्रको निर्देशनबमोजिम निर्णय भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत पूर्वाग्रही निर्णय एवं अधिकारक्षेत्रात्मक त्रुटि गरी गरेको निर्णयको कार्यान्वयनसम्म गरेको देखिन आएकाले यस्तो निर्देशित निर्णय त्रुटिपूर्ण देखिन आउने।

निवेदक मिति २०७४।४।२८ मा अनिवार्य अवकाश हुने देखिई सेवा निवृत्त भइसकेको देखिँदा रिट निवेदनको कुनै औचित्य नदेखिँदा खारेज हुने ठहर्छ। जहाँसम्म निवेदकले आफू बहालमा रहँदाको अवस्थासम्मको सेवा सुविधा पाउने नै देखिँदा मिति २०७३।५।१ को निर्णयको आधारमा निजलाई सेवा सुविधा नदिनेसम्मको हकमा निवेदकलाई असर परेको देखिँदा निवेदकलाई मिति २०७४।४।२८ पूर्व पूर्ववत सेवा बहाल कायम रहने हुँदा नोकरीबाट हटाइएको मितिदेखि मिति २०७४।४।२८ पूर्व निजले कानूनबमोजिम पाउने तलबभत्तालगायतको कानूनबमोजिमको प्रचलित सबै सुविधा दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल आश्विन २९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-**CI**-०४४९, परमादेश, अधिवक्ता विश्वजित तिवारी वि. नेपाल टेलिकम दूरसञ्चार कार्यालय, नेपालगन्जसमेत

निवेदकको टेलिफोन तथा इन्टरनेट सुविधा सुचारू भइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएकोमा सो तथ्यमा निवेदकको पुनरावेदन अदालतमा तहमा अन्यथा कथन देखिएन। यस अदालतमा लिएको पुनरावेदन जिकिरमा सम्पूर्ण नागरिकको सेवा सुविधा सुचरू गरेका छैनन् भन्ने भए पनि निवेदन दाबी गर्दाको बखत सुचारू

नभएको दूरसञ्चार सेवा हालसम्मा सुचारू नभएको भन्ने देखिँदैन । दूरसञ्चार सेवा प्रदान गर्दा प्राविधिक कारणले समय समयमा दूरसञ्चार सेवामा अवरोध आउने स्वाभाविक नै हुने भए पनि कसैप्रतिको पूर्वाग्रह वा मर्मत सम्भार समयमै सम्पन्न गरी स्तरीय सेवा दिन कर्मचारी वा प्राधिकरणको अनिच्छाको कारण निवेदन दाबीको सेवा प्रदान नभएको भन्ने आधार पुष्टि हुन सकेको नपाइने ।

वैकल्पिक उपचारको व्यवस्था कानूनमा हुँदाहुँदै निवेदकले सो व्यवस्थालाई अवलम्बन नगरी रिट दायर गरेको तथा निवेदकले जिकिर लिएको टेलिफोन सेवा सुचारू भइसकेकोसमेतको स्थिति हुँदा निवेदकको मागदाबीबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिन आउने ।

तसर्थ, निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिएकोले रिट खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१२५२, परमादेश, *विरेन्द्र ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, मुकाम विरगन्जसमेत*

निवेदकले अस्थायी वा स्थायी अध्यापन अनुमति लिएको भन्ने नै नदेखिएको र मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाबाट जारी भएको उक्त परिपत्र विद्यमान कानूनविपरीत रहेको भन्ने पनि देखिँदैन । शिक्षा ऐन, २०२८ को दफा ११ड(६) बमोजिम म्यादभित्र स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षक स्वत: अवकाश हुने देखिएकोले अस्थायी शिक्षक भएकै कारण शिक्षा नियमावली, २०५९ को नियम ९७क बमोजिम ....अस्थायी शिक्षकलाई संवत् २०७५ साल चैत्र मसान्तसम्म म्याद थप गर्न सकिने मान्न नदेखिने ।

निवेदक विरेन्द्र ठाकुरले कानूनबमोजिम अस्थायी नियुक्ति पाएकोमा कानूनबमोजिम म्याद थप भई विद्यालयमा निरन्तर रूपमा पढाएको र शिक्षा ऐन तथा शिक्षा निर्देशनालयको परिपत्रबमोजिम अध्यापन अनुमतिपत्र अद्यावधिक रहेको स्थापित गर्न सक्नु पर्ने हुन्छ । अस्थायी नियुक्ति पाएकोमा म्याद थप गरेर अध्यापन गरिरहेका र अध्यापन अनुमतिपत्र अद्यावधिक गराएका शिक्षकको हकमा नियमित रूपमा तलब भत्ता निकासा गरिएको भन्ने जिल्ला शिक्षा कार्यालयको लिखित जवाफसमेतबाट देखिएको छ । विद्यालयको नियमनकारी निकायसमेत रहेको जिल्ला शिक्षा कार्यालयले नै तलब भत्ताको माग रीतपूर्वक गरे नगरेको, अध्यापन अनुमतिपत्र अद्यावधिक भए नभएको जस्ता विषय हेर्न नसक्ने भन्ने निवेदन दाबी देखिँदैन । निवेदक २०४८ देखि नियुक्त भई म्याद थप हुँदै आएकोमा निवेदकको अध्यापन अनुमति पत्र नभएको विषय प्राथमिकतासाथ उठिरहेको र सो कुराको खण्डन गरी त्यसको भरपर्दो प्रमाण रिट निवेदकबाट पेस हुन नसकेको अवस्थामा प्रथमदृष्टि (Primafacie) मै मागबमोजिम अस्थायी शिक्षकको म्याद थप हुने कानूनबमोजिमको हकाधिकार रहेको नदेखिँदा रिट जारी हुने अवस्था नै नदेखिने ।

कानूनले तोकेको कर्तव्य पूरा नगरेको अवस्थामा मात्र रिट क्षेत्राधिकारमा प्रवेश गरी परमादेशको आदेश जारी हुने हो तर कानूनी हक निर्वाधरूपमा स्थापित हुन नसकेको अवस्थामा परमादेशको आदेश जारी गर्न नमिल्ने ।

चौमासिक तलब माग गर्ने प्रक्रिया पूरा नगरिएको अवस्था तथा रिट निवेदकको अस्थायी

अध्यापन अनुमतिपत्रमा नै शंका उठाइरहेकोमा सोको प्रमाण पेस नगरी जिल्ला शिक्षा कार्यालयलाई कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्व पूरा नगरेको मान्न सकिने स्थितिसमेत नदेखिएको हुँदा निवेदक विरेन्द्र ठाकुरको निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने देखिँदैन । साथै अतिरिक्त २०७१ साल श्रावण महिनादेखि नै निकासा नभएको तलब भत्ताको विषयलाई लिएर २०७३ साल जेठ अर्थात् झन्डै २ वर्षको अवधि व्यतीत गरी निवेदक अदालतसमक्ष प्रस्तुत भएको देखिँदा विलम्बको सिद्धान्तअनुसार पनि रिट जारी गर्नुपर्ने स्थिति नदेखिने ।

तसर्थ, २०७१ साल श्रावण महिनादेखि नै निकासा नभएको तलब भत्ताको विषयलाई लिएर २०७३ जेठ अर्थात् झन्डै २ वर्षपछि अदालत प्रवेश गरेको अवस्थामा विलम्बको सिद्धान्तसमेतको आधारमा रिट निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।५।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०२४८, निषेधाज्ञा, *राजलक्ष्मी ठकुरी वि. शान्ति राणासमेत*

निवेदकको साथमा नै रहने प्रकृतिको लिखत रहेको र लिखत हराएको मासिएकोसमेत प्रमाणित भएको नदेखिँदा निवेदकले सो सक्कल लिखत पेस नगरेबाट सो सक्कल लिखत पेस भएमा निवेदक विरूद्ध नै प्रमाण लाग्ने भएकोले पेस नगरेको भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ । अर्कोतर्फ दाबीको जग्गामा निवेदिकाले आफ्नो स्वामित्व रहेको कुनै जिकिर लिएको देखिँदैन । इच्छापत्रबमोजिम भोगसम्म रहेको दाबी जिकिर लिएकोमा इच्छापत्र दिनेको दाबीको जग्गामा स्वामित्वसमेतको के कस्तो हक रहेको हो, सो खुलाएको देखिएन । इच्छापत्र दिने लिने दुवैको निर्विवाद हकाधिकार रहेको तथ्य पुष्टि गर्ने भार पनि निवेदकको रहेकोमा मिसिल संलग्न कागजातबाट निर्विवाद हकाधिकारको पुष्टि भएको नदेखिने ।

निवेदिकाले माग गरेको कि.नं. ५७५ को घरजग्गा विपक्षी शान्ति राणा र भैरव शमशेरको स्वामित्वमा भएको देखिएको तथा यस अदालतबाट भएको सरजमिन मुचुल्काबाट उक्त घर भूकम्पमा क्षतिग्रस्त भएकोसमेत खुल्न आएको देखिएको, उक्त घर मर्मत सम्भार वा पुनर्निर्माण गर्नुपर्ने अवस्था रहेबाट यथावत् अवस्थामा बसोबास गर्न सकिने भन्ने नै देखिएन । साथै सो सर्जमिन मुचुल्काबाट निवेदिका राज्यलक्ष्मी ठकुरी शान्ती राणा र भैरव शमशेरको चेलिबेटी भएकोले माइतीको घरजग्गामा कहिलेकाहीँ बस्नुहुन्थ्यो भन्ने देखिएकोले दाबीको जग्गामा निवेदिकाको निर्विवाद भोग स्वामित्व रहेको भन्ने पुष्टि हुन नआएको र माइतीको घरजग्गामा भूकम्प अगाडि कहिलेकाहीँ बस्ने गरेको भन्ने देखिँदा नातेदार भएको कारण बस्दै आएको भन्ने आधारमा दाबीको जग्गामा निवेदिकाको चिरभोग कायम रहेको मान्न मिल्ने नदेखिने ।

विपक्षीहरूले पेस गरेको लिखित जवाफसमेतबाट निवेदिकाको कि.नं. १८३ को घरजग्गा रहेकोमा निवेदिका र निजको छोराबिच करारबमोजिमको दायित्व बहन गराई पाउँ भन्ने मुद्दा परी सो मुद्दामा निवेदिकालाई लालनपालन गर्न मासिक रू.५,०००।– पाउनेसमेत ठहरी फैसला भएको देखियो । सो मुद्दामा निवेदिकाले प्रस्तुत गरेको लिखित प्रतिवादमा लालन पालन गर्ने, औषधि उपचार गर्ने सम्पूर्ण दायित्व छोराको भएको तथा हाल छोरा बुहारीसँगै बसेको भनी उल्लेख गरेबाट निवेदिका दाबीको जग्गामा बसी आएको भन्ने तथ्य खण्डित भई आफ्नो नामकै अरू पनि घरजग्गा भई छोराबुहारीसँगै बसेकी तथा छोराबाट अंश पाउने

तथा लालनपालन खर्च भराइपाउनेसमेत ठहर भएबाट दाबीको घरजग्गाबाहेक अन्यत्र बसोबास नरहेको भन्ने जिकिर पुष्टि हुन नआउने।

वस्तुत: निवेदिका राजलक्ष्मी ठकुरीले दाबीको मिति २०२८।१।१६ को इच्छापत्रको सक्कल कागज अदालतमा दाखिल गर्न ल्याउन नसकेको, निर्विवाद स्वामित्व वा हकभोगको सबुत प्रमाण देखाउन नसकेकोबाट दाबीको जग्गामा निर्विवाद हकाधिकार नदेखिएको तथा विपक्षी भैरव शमशेर राणासमेतसँग नातेदार भएको कारण कहिलेकाहीँ दाबीको घरजग्गामा कहिलेकाहीँ बसोबास गरेको भन्ने सरजमिन मुचुल्कासमेतबाट देखिए तापनि भूकम्पबाट क्षतिग्रस्त भई मर्मत सम्भार गर्नुपर्ने अवस्था विद्यमान रहेको अवस्था हुँदा बसोबासको लागि उपयुक्त रहेको प्रमाणित हुन नआएको, निवेदिका छोरा केशव सिंह ठकुरीसँग सँगसाथ बसेको देखिँदा वृद्ध महिलाको अन्यत्र बासस्थान नभएको भन्नेसमेत नदेखिने।

वस्तुत: निवेदकको पेस गरेको इच्छापत्र निर्विवादित नदेखिएको र प्रमाण बुझी इन्साफ गर्नुपर्ने विषयमा हक पुग्ने भए निवेदकले सम्बन्धित जिल्ला अदालतमा गई साधारण क्षेत्राधिकारअन्तर्गत आफ्नो हक स्थापित गर्न सक्ने देखिँदा त्यस्तो वैकल्पिक उपचारको मार्ग प्रशस्त रहेकोमा असाधारण क्षेत्राधिकारअन्तर्गत प्रस्तुत रिट निवेदन दिएको देखिँदा प्रमाण बुझी हक बेहकको इन्साफ गर्नुपर्ने विषयमा निषेधाज्ञाको रोहबाट हेर्न नमिल्ने।

तसर्थ, निवेदिकको दाबीको जग्गामा निर्विवाद हकाधिकार रहेको पुष्टि हुन नआएको र वैकल्पिक उपचारको मार्ग रहेकोले निवेदिकाको हकाधिकारमा आघात पारेको मान्न नमिल्ने भई मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा निवेदिकाको निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०३२२, उत्प्रेषण / परमादेश, रमेश झा वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत

निवेदकको कृतिको, कृति मूल्याङ्कन समितिबाट यसरी मूल्याङ्कन भएको थियो र मूल्याङ्कन भएको कृतिबापत यति अङ्क प्राप्त भएकोमा आयोगले सो अङ्क दिएन भनी निवेदकले भन्न सकेको देखिँदैन। निवेदकले कृति मूल्याङ्कन समितिबाट आफ्नो कृतिको मूल्याङ्कन भएन, मूल्याङ्कन भई यति अङ्क प्राप्त गर्नुपर्ने हो भनी कहीँकतै उजुर गरेको देखिँदैन। यसरी कृति मूल्याङ्कन समितिबाट मूल्याङ्कन भएको कृतिबापत विपक्षी नारायण गौतमलाई अङ्क प्रदान गरेको र निवेदकको कृति मूल्याङ्कन नै नभएको अवस्थामा निवेदकले अङ्क पाउने अवस्था नै देखिँदैन। त्रिभुवन विश्वविद्यालय सेवा आयोगले कानूनबमोजिम पाउने अङ्क सबै उम्मेदवारलाई प्रदान गरी सबैभन्दा बढी अङ्क अर्थात् १८१.७३ प्राप्त गर्ने विपक्षी नारायण गौतमलाई प्राध्यापक पदमा बढुवा सिफारिस गरेको देखिन्छ। बढुवा मूल्याङ्कनको क्रममा विपक्षी नारायणप्रसाद गौतमले प्राप्त गरेको कुल प्राप्ताङ्क १८१.७३ नभई घटी हुने कुनै वस्तुनिष्ठ प्रमाण पेस गरेको देखिँदैन। निवेदकको विपक्षी नारायणप्रसाद गौतमको भन्दा बढी अङ्क यो यस कारणले बढी हुने भनी वस्तुनिष्ठ आधार प्रमाण पेस नगरी हचुवा तवरबाट त्रि.वि.सेवा आयोगको मिति २०७२।४।२१ र त्रि.वि.वि. पुनरावेदन आयोगको मिति २०७२।९।२ को निर्णय

बदर गर्न माग गरेको देखिन्छ । मूलत: विपक्षीको कृति मूल्याङ्कनसमेतको सम्बन्धमा प्रश्न उठाएको भए पनि कृति मूल्याङ्कनसमेत अनुचित रहेको कुनै प्रमाण पेस गरेको नदेखिई विपक्षी नारायणप्रसाद गौतमको भन्दा निवेदकको बढी अङ्क हुने वा बराबरी भएको भन्ने नदेखिँदा आफू जेष्ठ भएकोले बढुवा पाउनुपर्ने भन्ने जिकिर कानून र न्यायसम्मत देखिएन । त्रि.वि. सेवा आयोगबाट अनुभव, शैक्षिक योग्यता, कृति मूल्याङ्कन तथा कार्य सम्पादनसमेतको अङ्क गणना गरी बढुवा मूल्याङ्कनबाट प्रतिष्पर्धी भन्ने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्राप्त गर्ने नारायणप्रसाद गौतमलाई प्राध्यापक पदमा बढुवा सिफारिस गरी नियुक्तिसमेत पाइसकेको कानूनसम्मत नै देखिएको हुँदा रिट निवेदन जारी हुने अवस्था नदेखिने ।

तसर्थ त्रि.वि. सेवा आयोगबाट अनुभव, शैक्षिक योग्यता, कृति मूल्याङ्कन तथा कार्य सम्पादनसमेतको अङ्क गणना गरी प्रतिष्पर्धीमध्ये विपक्षी डा. नारायणप्रसाद गौतमले बढी अङ्क प्राप्त गरेको देखिएकोमा सो नियुक्ति सिफारिस बदर हुने वस्तुनिष्ठ प्रमाण तथा कानूनी आधारसमेत नदेखिएको र निज डा. नारायणप्रसाद गौतमलाई सहप्राध्यापकमा नियुक्तिसमेत गरिसकेको देखिँदा निवेदकको मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था नदेखिएले रिट निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-WO-०२५४, परमादेश, *ठाकुरप्रसाद सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले बाँदर नियन्त्रण गर्ने कानूनको अभावको कारण बाँदर नियन्त्रण नहुँदा कृषकको खेतिपाती नष्ट भएको हुँदा कानून निर्माण गर्न र क्षतिको आधारमा क्षतिपूर्ति पाउने व्यवस्था गर्न विपक्षी नेपाल सरकारको नाममा आवश्यक आदेश गरी पाउनसमेत माग गरेको देखिन्छ । प्रथमतः बाँदर नियन्त्रण गर्ने कानून निर्माण गर्ने आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा निवेदक र विपक्षी निकाय दुवै पक्षले बाँदर नियन्त्रण गर्ने कानून नभएको कुरा स्वीकार गरेको देखिन्छ । बाँदर नियन्त्रण गर्ने कानून बनाउने वा नबनाउने कुरा विपक्षी नेपाल सरकारको Domain को कुरा हो । कानून आवश्यकता र औचित्यको आधारमा निर्माण गरिने हो । शक्तिपृथकीकरणको सिद्धान्तअनुसार अदालतले कानून बनाउने निकायलाई यो यस्तो कानून बनाउनु भनेर आदेश जारी गर्न मिल्दैन । कानून बनाउने निकायले कानून निर्माण गरेपछि त्यसको व्याख्या गर्नेसम्मको काम अदालतको हो । जहाँ कानून छैन, त्यहाँ उपचार पाउन सकिँदैन । यस विवादमा विपक्षीहरूको लिखित जवाफमा बाँदर नियन्त्रण गर्ने प्रबन्ध गर्न आवश्यक छलफल परामर्श भइरहेको भन्ने देखिँदा यस सम्बन्धमा कुनै विचार गरिरहन परेन । विपक्षी नेपाल सरकारले बाँदर नियन्त्रण गर्न मिल्ने हो, होइन भन्ने प्रश्न पनि विचारणीय छ । अतः विपक्षी नेपाल सरकारले बाँदर नियन्त्रण गर्न के कस्तो कानून बनाउने वा नबनाउने भन्ने कुरा यस अदालतको Domain नभई कानून निर्माण गर्ने निकायको Domain भएकोसमेतका आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

कृषि प्रधान देशमा वन्यजन्तुले कृषिमा आधारित नागरिकहरूको जुनसुकै किसिमले लगाएको खेती एवं बाली क्षति हुँदा उनीहरूको आर्थिक उपार्जनमा आघात भई नेपालको संविधानको धारा २५ प्रदत्त अधिकारमा आघात पुगी जीवन निर्वाहमा धक्का लाग्छ । नेपालको कूल जनसङ्ख्याको करिब / करिब ८० प्रतिशत जनता / नागरिक कृषिमा आधारित

छन् भन्ने देखिन्छ । कृषिमा आधारित आयस्रोतमा निर्भर व्यक्तिको मुख्य आयस्रोत नै कृषि उपज हुने हुँदा त्यस्तो आयस्रोतमा वन्यजन्तुको कारण वा मानवीय कारण जस्ता अन्य कुनै कारणले क्षति पुग्न गएमा निवेदकले भनेजस्तो कृषि पेसामा नै प्रतिकूल असर परी जमिन बाँझो रहन सक्छ। यो कुरा विपक्षी नेपाल सरकारलगायत सबैलाई पनि मनन् भएकै कुरा हो। यस अवस्थामा कृषिमा आधारित उत्पादनबाट आर्थिक लाभ लिन नसके सम्पत्तिको हकसम्बन्धी मौलिक हकमा आघात पुग्न सक्छ । वस्तुतः सम्पत्तिको हकअन्तर्गत प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक पर्दछ । संविधान प्रदत्त मौलिक हकमा आघात पुग्नु राज्यको लागि शोभनीय होइन । मौलिक हक कानूनबमोजिम प्रचलन हुनुपर्ने।

यस अदालतको मिति २०७३।१०।२६ को आदेशले विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालयसमेतका विज्ञ कर्मचारी समूहले प्रस्तुत गरेको सुझाव प्रतिवेदनमा बाँदरले पुऱ्याएको क्षतिबापत क्षतिपूर्ति दिने व्यवस्था गर्न मन्त्रालय तहमा छलफल भइरहेको उल्लेख भएको देखिन्छ। त्यसैगरी विपक्षी निकायले वन्यजन्तुबाट पीडित नागरिकलाई राहत दिन वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ जारी गरेको देखिन्छ । तर उल्लिखित निर्देशिकाको दफा २ र दफा ३ को खण्ड (छ) मा गरिएको व्यवस्थाअनुसार बाँदरले पुऱ्याएको क्षतिबापत कृषकले क्षतिपूर्ति पाउने व्यवस्था गरेको देखिँदैन । बाँदरबाहेक हात्ती, गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तुले मानवीय क्षतिअन्तर्गत सामान्य घाइते, सख्त घाइते, मृत्यु गराएमा, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्न बालीको क्षति भएमा राज्यले क्षतिपूर्ति दिने व्यवस्था गरेको देखिन्छ । यसरी वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिकामा हात्ती, गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तु समावेश भई ती वन्यजन्तुले पुऱ्याएको क्षतिमा क्षतिपूर्ति दिने र त्यस्तै प्रकृति र स्वभावको वन्यजन्तु बाँदरले क्षति पुऱ्याएमा क्षतिपूर्ति नदिने भन्दा समान अवस्थामा असमान व्यवहार हुने देखिने।

त्यस आधारमा हेर्दा राज्य जनावर (Animal) को पनि Keeper हो। राज्य जनावरको Keeper को दायित्वबाट पछि हट्न मिल्दैन। तसर्थ वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका, २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानि नोक्सानीबापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्न लागि विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय र कृषि विकास मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६७-CR-०५७५, अनियमित वन पैदावर काटी हटाएको, नेपाल सरकार वि. राजेश चौहान*

प्रतिवादी बजगाई खत्रीसमेत २६ जनाको म्याद हेर्दा बेपत्ते तामेली भन्ने देखिन्छ। सो तामेली म्यादमा बेपत्ते भन्ने भएको र सार्वजनिक सूचना पाटीमा टाँस भएको भन्ने देखिएको छ। प्रस्तुत मुद्दाको उठान विषयवस्तु र प्रकृति हेर्दा बेपत्ते भनिएका मानिसहरूको पुनः म्याद तामेल गर्न जिल्ला अदालत नियमावली, २०४९ को नियम २२(क) को प्रक्रिया पूरा गरी सार्वजनिक सूचना प्रकाशित गरी समेत तामेल गर्न सकिनेमा सोबमोजिम म्याद तामेल भएको नदेखिँदा

त्यस्ता व्यक्तिका सम्बन्धमा सो नियम २२क समेतको प्रक्रिया पूरा भएको देखिएन। उपरोक्तानुसार सुरू म्याद नै कानूनबमोजिम तामेल हुन सकेको नदेखिँदा इलाम जिल्ला अदालतको मिति २०६६।१२।१० तथा पुनरावेदन अदालत इलामको मिति २०६७।५।६ को फैसला बदर गरिदिएको छ । अब बेपत्ते व्यक्तिहरूको समेत माथि उल्लिखित जिल्ला अदालत नियमावली, २०४९ को नियम २२क बमोजिम राष्ट्रिय पत्रिकामा निजहरूको नाउँमा सार्वजनिक सूचना प्रकाशित गरी वा पुनः म्याद तामेल गरी गराई अरू प्रमाण बुझ्नुपर्ने भए बुझी कानूनबमोजिम फैसला गर्नु भनी तारेखमा रहेका प्रतिवादीलाई इलाम जिल्ला अदालतमा तारेख तोकी मिसिलसमेत सोही अदालतमा पठाइदिने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६८-CR-०८८४, कर्तव्य ज्यान, नेपाल सरकार वि. सिंगबहादुर तामाङ*

घटनाका प्रत्यक्षदर्शीको भनाइबाट समेत मृतकलाई धकेलेको भन्ने नदेखिँदा मृतकले लाठीले प्रहार गरेकोमा सोही कारण खाटबाट मृतक खस्न पुगेको र सोही कारण मृतकको मृत्यु fracture of cervical vertebra कारण भएको भन्ने पुष्टि हुन आउँछ। उपर्युक्त तथ्यहरूबाट यी प्रतिवादी सिंगबहादुर अभियोग दाबीको कसुरमा निर्दोष रहेको देखिएन । आफूद्वारा हुने कार्यबाट दुष्परिणाम निस्कन सक्दछ भन्ने जानीजानी उसले गरेको कार्यबाट आपराधिक कार्य घट्न गएमा उसको मानसिक अवस्था पूर्णतया निर्दोष रहेछ भनी मान्न मिल्दैन। यो मनसायकै एउटा स्वरूप हुँदा निजमाथि फौजदारी दायित्व आकर्षित हुने।

प्रतिवादी र मृतकबिच पूर्वरिसइवी नदेखिएको र मृतकलाई मारौँ भन्ने नियतले हिर्काएको पनि नदेखिएकोमा र जाँडको सुरमा रहेका प्रतिवादी मृतकको बुहारी राजकुमारी तामाङसँग भनाभन हुँदा प्रतिवादीले राजकुमारीलाई कुटपिट गर्न लाठीले हानेकोमा एकालाई हानेको चोटसँगै खाटमा रहेको अर्को व्यक्ति मृतकलाई आकस्मिक रूपमा लाग्न गई खाटबाट खसी मरेको देखिन आउँछ । भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिनुपर्ने हुन्छ। भवितव्य आकस्मिक दुर्घटना स्वरूपको हुने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनुपर्नेमा प्रस्तुत मुद्दाको तथ्यगत विवेचनासमेतबाट रिसइवी रहेको देखिँदैन । आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना रहेको भन्ने पनि देखिएको छैन । सामान्य चोट छोडेको भए पनि सो चोटबाट मर्नेसम्मको अवस्था नदेखिएकोमा मूलत: मृतक खाटबाट खसेको कारण मृत्यु भएको देखिँदा त्यस्तो दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत मृतकलाई रहेको नदेखिने । ज्यान लिने इविलाग वा मनसाय नभई यी प्रतिवादीले सामान्य तवरले जाँडको सुरमा एकालाई प्रहार गरेको भए पनि सो कर्तव्यले मानिस मर्लाजस्तो नदेखिएकोमा भवितव्य परी मृतक खाटबाट खस्न पुगेको र सोही एकालाई प्रहार गरेको सामान्य चोट प्रहार मृतकलाई लागेको कारण मृतक खाटबाट लड्न पुगेको र सो कारणले मानिस मर्न गएकोले उक्त कार्य ज्यानसम्बन्धीको ५ नं. अनुरूपको देखिँदा भवितव्यबाट ज्यान मर्न गएको देखिन आउने।

तसर्थ प्रतिवादीको कार्य तथा वारदात भवितव्यपूर्ण देखिएकोमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको नुवाकोट जिल्ला अदालतको मिति २०६६।११।१७ को फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादी सिंगबहादुर तामाङले होस नपुऱ्याई ज्यानसम्बन्धी महलको ५ नं. प्रतिकूल लाठीले मृतकलाई हानेकोमा मृतक खाटबाट लड्न पुगी

घाँटीको हड्डी भाँचिएको कारण भवितव्य परी परिसङ तामाङको मृत्यु भएको देखिँदा प्रतिवादी सिंगबहादुर तामाङलाई ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम रू. ५००।– जरिवाना र २ वर्ष कैद हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६८।५।२० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६९-CR-०२९५, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. दुर्गा निरौलासमेत*

मूलत: कुनै पीडित व्यक्तिले यी प्रतिवादीहरूलाई आरोप लगाई पुष्टि गर्न नसकेको र कसैलाई विदेश पठाएको वा अन्य तवरको वैदेशिक रोजगारसम्बन्धी कार्य गरी अवैध रूपमा वैदेशिक रोजगार व्यवसाय गरेको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गरी कसुर पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीबाट केवल कोही कसैको प्रयोजन पुष्टि नहुने फोटोकपीका कागजात बरामद भएको वा मुद्दामा पेस भएकै आधारमा अभियोग दाबी खम्बिर भएको मान्न मिलेन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीमा हुनेमा प्रस्तुत मुद्दामा अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादीले पेस गरी दाबी पुष्टि गर्न सकेको नपाइने।

अभियोग दाबी वस्तुगत प्रमाण पेस हुन नसकेको र कसुरदार देखिने आधार नै मिसिल संलग्न अन्य प्रमाणबाट प्रस्ट हुन नसकेको अवस्थामा केवल बेनामी उजुरीकै भरमा वा शंकाकै आधारमा फौजदारी अभियोगमा प्रतिवादीहरूलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने भई दाबीबमोजिम विनाइजाजत अवैध रूपमा वैदेशिक रोजगारको कारोबार गरेको ठहर गर्न मिल्ने नदेखिने।

कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी कुनै प्रकारले झुट्टा आश्वासन दिएको वा कसैलाई प्रलोभनमा पारी रकम लिएको अवस्थाको विद्यमानतासमेत नदेखिएको र अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत विनाइजाजत वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको भन्नेसमेतको कुनै कसुर पुष्टि हुन आएको नदेखिँदा प्रतिवादीद्वय दुर्गा निरौला र सोमनाथ निरौलाले आरोपित कसुरबाट सफाइ पाउने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७३-CR-०६०२, घुस रिसवत लिई भ्रष्टाचार गरेको, रविन्द्र पासवान वि. नेपाल सरकार*

प्रतिवादी रविन्द्र पासवानको सँगसाथबाट रू.३,००,०००।- बरामद भएको तथ्यमा विवाद देखिँदैन । बरामद भएको भनिएको रकम आफ्नै झोलाबाट बरामद भएको हो भन्ने तथ्य स्वीकारोक्ति रहेको छ । बरामदी मुचुल्कालाई मौकामा भएको बयानमा अन्यथा हो भनी खण्डन गर्न सकेको पाइँदैन । बरामदी मुचुल्काका मानिसहरू रमेश नेपाल, गोकुलबहादुर निरौला, मोहनलाल आगा श्रेष्ठ र गोविन्द अधिकारीले समेत बरामदी मुचुल्काको बेहोरालाई समर्थन गरी बकपत्र गरेको र निवेदिका गंगामायाले समेत निवेदनमा उल्लेख गरेको बेहोरालाई अदालतमा उपस्थित भई बकपत्र गरी पुष्टि गरिदिएको पाइन्छ । प्रतिवादीले रिसवतलाई झोलामा राखेको रकम बरामद भई सो मुचुल्कामा रोहवरमा बसी गरेको आफ्नो सहीछापलाई अन्यथा भन्न नसकी आरोपित कसुरको बेहोरालाई स्वीकार गरी बयान गरेको देखिन

आउँछ । रिसवत लिएको बेहोरालाई अन्यथा नभनी आफ्नो गल्ती भएकाले एक पटकलाई माफी पाउँ भनी सुविधासम्मको दाबी गरेको देखिने ।

यस तथ्यबाट आरोपित कसुरमा यी प्रतिवादीको आफ्नो संलग्नतालाई स्वीकार गरेको देखिन आयो । प्रतिवादीको आफ्नो कार्यालय कार्यक्षेत्र झापा जिल्ला ३ नं. नापी टोली काँकडभिट्टा भएकोमा मिति २०७१/१०/९ गतेका दिन जग्गा हाल साबिक गर्नुपर्ने पक्षको मेची नगरपालिका वडा नं. १० स्थित डेरी तथा किराना पसलमा गएको पाइन्छ । सो पसलबाट पक्राउ यी पुनरावेदक निजामती कर्मचारी भएको र निज आफ्नो सेवासँग सम्बन्धित ऐन, नियम र आचार संहिताको पालनकर्ता भएको देखिन्छ । कुनै पनि राष्ट्रसेवक आफ्नो कार्यालयको कामको सिलसिलामा बाहेक अन्य अवस्थामा आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीको घर डेरामा जानु शोभनीय नभई आचार संहिताको विपरीत कार्य हुन जान्छ । यी प्रतिवादी रिसवत लिनेबाहेक अन्य कुन कामले निवेदिकाको पसलमा किन आउनु परेको हो सो कुराको भरपर्दो प्रमाणसहित खण्डन हुन सकेको छैन । हाल साबिक गर्ने कार्य आरोपित प्रतिवादीको जिम्मामा रहेको र सो कार्य सम्पन्न नभइरहेको अवस्थामा निवेदिकाको पसलबाट बरामद भएको रकमसहित पक्राउ पर्नुले प्रतिवादीको पुनरावेदन जिकिर विश्वासलायक देखिन नआउने ।

तसर्थ, विवेचित आधार, प्रमाणबाट प्रतिवादी रविन्द्र पासवानले निवेदिका गंगा कोइरालाबाट घुस रिसवत रू.३,००,०००।- लिएको पुष्टि भई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिई ऐ. को ३(१)(छ) बमोजिम ९(नौ) महिना कैद हुने ठहरी भएको विशेष अदालतको मिति २०७२/११/१८ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई र मिना गुरूङ

इति संवत् २०७४ साल जेष्ठ १६ गते रोज ३ शुभम् ।

## इजलास नं.५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६७-CR-१२३८, ०७२-CR-११९९, ठगी, राजाराम पौडेल वि. नेपाल सरकार, दिपेन भन्ने दिपेन्द्रजंग थापा वि. नेपाल सरकार*

प्रतिवादी दिपेन्द्रजंग थापाले अदालतसमक्षको बयानमा दिप एजुकेसनल इन्स्टिच्युट आफ्नो होइन भने तापनि का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटीकै ठेगाना राखी फर्म दर्ता भएको, यी प्रतिवादी सोही ठेगानाको इन्स्टिच्युटमा संलग्न भएको देखिएको र उक्त स्थानमा सो नामको अरू कसैको दर्ताको कुनै एजुकेसनल इन्स्टिच्युट अस्तित्वमा भएको भन्ने देखिन नआएको अवस्थामा नवीकरण नगरी खारेज भइसकेको दिप इन्स्टिच्युटको नाममा एजुकेसनल भन्ने शब्दसमेत थपी यी प्रतिवादी दिपेन्द्रजंग थापा आफूले सो इन्स्टिच्युट सञ्चालन गरेको होइन भन्न सक्ने अवस्था देखिएन । एस.एल.सी. को परीक्षा दिलाउने भनी झुक्यानमा पारी एस.एल.सी. दिने विद्यार्थीहरूबाट रकम लिई खाएको भन्ने जाहेरवालाहरूको किटानी जाहेरी रहेको देखिन आउँछ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको निजको साबिती बयान प्रहरीले यातना दिई गराएको भने पनि अदालतमा त्यसको वस्तुनिष्ठ प्रमाण वा विश्वसनीय जिकिर पेस भएको छैन । दिप एजुकेसनल इन्स्टिच्युटमा शिक्षकको रूपमा मात्र कार्यरत थिएँ भनी निज प्रतिवादीले अदालतमा गरेको बयानबाट उक्त इन्स्टिच्युटमा निजको प्रत्यक्ष संलग्नताबारे साबित नै रहेको देखियो । निजको विभिन्न क्रियाकलापबाट निज दिप एजुकेसनल इन्स्टिच्युटको शिक्षक मात्र नभई सञ्चालक नै रहेको तथ्य मिसिलबाट देखिन आएको छ । निजले बयानमा उल्लेख गरेका राजकुमार हमालको अस्तित्व कहीँकतैबाट देखिन नआएकोले काल्पनिक

नाम उल्लेख गरी तथ्य भ्रमित पार्ने प्रयत्न गरेको प्रतित हुन्छ । निजले आरोपित कसुरको दायित्वबाट उम्कने प्रयास स्वरूप उल्लेख गरेको तथा परिचय पनि नखुल्ने काल्पनिक व्यक्तिलाई अदालतबाट बुझिरहन पर्ने तथा बुझ्न सकिने अवस्थासमेत नहुँदा अ.बं.१३९ नं. बमोजिम नबुझिएको भन्ने आधारले मात्र पुनरावेदक प्रतिवादीले फौजदारी दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहेन। त्यसैगरी जाहेरवालाहरूले जाहेरीसाथ पेस गरेका रसिदहरूको बारेमा प्रतिवादीले मौकाको बयानमा स्वीकार गरेको र ती रसिदहरू अन्यथा हुन् भन्ने देखिन नआएको अवस्थामा विशेषज्ञ जाँच हुनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पनि विवेकसम्मत देखिएन। यी प्रतिवादीउपरको किटानी जाहेरी, निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, बरामद भएका रसिदहरूसमेतका कागज प्रमाणहरूबाट प्रतिवादी दिपेन भन्ने दिपेन्द्रजंग थापालाई ठगी गरेको कसुरमा सजाय तथा जरिवाना एवं निजबाट बिगो भराउने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला निजको हकमा अन्यथा देखिन नआउने।

प्रतिवादी राजाराम पौडेल अदालतसमक्षको बयानमा इन्कार रहेको पाइन्छ । प्रतिवादी दिपेन्द्र जंग थापाले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी राजारामको नाम पोल गरे पनि सो बेहोरालाई समर्थन हुने गरी अदालतमा बयान गर्न सकेको पाइएन । प्रतिवादी राजारामले नौलिन सेकेन्डरी स्कुलको विद्यालय सञ्चालक समितिको २०६१।९।१० को निर्णयबमोजिम जाहेरवाला विद्यार्थीहरूलाई एस.एल. सी. को परीक्षा दिलाउन प्रयास गरेको देखिन्छ । परीक्षाबापत लाग्ने रकम राजस्वसमेत दाखिल गरेको भन्ने मिसिल संलग्न प्रतिलिपिबाट देखिँदा निजले व्यक्तिगत तवरले जाहेरवालाहरूबाट रकम उठाई ठगी गर्ने मनसाय राखेको भन्न मिल्ने देखिएन । प्रतिवादीका साक्षी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जुजुभाइ श्रेष्ठले प्रधानाध्यापकले व्यवस्थापन समितिको निर्णयबमोजिम कार्य गरेका हुन्, निजले कानूनविपरीत काम गरेका छैनन्, उठेको जति रकम विद्यालयको खातामा जम्मा भएको छ भनी बकपत्र गरेको पनि देखियो । निजले ठगी गर्ने उद्देश्यले रकम लिए खाएको भन्ने प्रमाणित हुन सकेको छैन । जाहेरीमा किटानी रूपमा पुनरावेदक राजाराम पौडेलको संलग्नताबारे उल्लेख नभएको र निजले जाहेरवालाहरूलाई ठगी गरेको भन्ने विश्वसनीय ठोस प्रमाणबाट तर्कसम्मतरूपमा पुष्टि हुन नसकेको अवस्थामा निजलाई कसुरदार ठहऱ्याउन न्यायोचित हुने देखिएन। पुनरावेदन अदालतबाट निजलाई समेत कसुरदार कायम गरी सजायसमेत हुने ठहऱ्याएको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट प्रतिवादीमध्येको दिपेन भन्ने दिपेन्द्र जंग थापाको हकमा मुलुकी ऐन, ठगीको १ र २ नं. को कसुरमा ३ महिना कैदको सजायको अतिरिक्त बिगोसमेत भराई सो बिगोबमोजिम जरिवानासमेत हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१।१४ मा भएको फैसला मिलेकै देखिँदा निजको हकमा सदर हुने ठहर्छ । प्रतिवादीमध्येका राजाराम पौडेलको हकमा सुरू फैसला केही उल्टी भई निजलाई ठगीको १ नं. र २ नं. बमोजिमको कसुरमा ऐ. को ४ नं. बमोजिम तीन महिना कैद र दामासाहीले हुन आउने बिगो रू.१,१९,६५७।५० भराई बिगोबमोजिम जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको उक्त मितिको फैसला निजको हकमा केही उल्टी भई निज प्रतिवादी राजाराम पौडेलले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ।

इजलास अधिकृत : महेश खनाल

इति संवत् २०७५ साल भदौ १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०६७-CI-१६८१, ०६७-*

*CI-१६८२, लिखत बदर, भक्तसिंह गुरूङ वि. रीता राई (गुरूङ) समेत, बलराम गुरूङ वि. रीता राई (गुरूङ) समेत*

पुनरावेदक बलराम गुरूङका तीन श्रीमतीमध्ये जेठी किशुकुमारी गुरूङ र निजबाट जन्मिएका छोरा प्रताप र भुराज गुरूङ, महिली रिता गुरूङ र निजबाट जन्मिएका २ छोरा विश्व गुरूङ तथा विशाल गुरूङ र कान्छी शान्ता गुरूङ र निजबाट जन्मिएका १ छोरा पवन गुरूङ र १ छोरी प्रतिक्षा गुरूङसमेत १० जना सगोलका अंशियारहरू रहे भएकोमा दुवै पक्षले स्वीकार गरेको देखिँदा अंशियार नातामा विवाद रहेन। निजहरूका बिच अंशबन्डा भएको पनि देखिएन । अंशबन्डा नभई एकासगोलमै रहेको अवस्थामा प्रत्यर्थीमध्येकी रिता राईसमेतले मिति २०५८।०५।०८ मा अंश मुद्दा दायर गरेको लगाउको अंश चलन मुद्दाबाट देखिन्छ । अंश मुद्दा चलिरहेको अवस्थामा अर्थात् मिति २०६३।८।२६ मा र.नं.७०० बाट कि.नं. ४२४ को जग्गालाई राजीनामाको लिखत गरी मूल अंशी बलराम गुरूङले भक्त सिंह गुरूङलाई बिक्री गरेको देखिने।

पुनरावेदक बलराम गुरूङले राजीनामा गरी बिक्री गरेको कि.नं. ४२४ को जग्गा र सोमा बनेको घरसमेत आफैँले आर्जन गरेको हो पैतृक सम्पत्ति होइन भने पनि सो प्राप्त गरेको स्रोत खुलाउन सकेको पाइँदैन। अर्कोतर्फ बाबु आमा वा लोग्नेका नाममा रहेको सम्पत्ति जुनसुकै स्रोतबाट प्राप्त गरेको भए पनि स्वास्नी छोरा छोरीलाई बन्डा लाग्ने।

कि.नं. ४२४ को जग्गा कसैको मन्जुरी नलिई आफूखुस बिक्री गर्न मिल्ने देखिन आएन। पुनरावेदकले आफ्नो परिवारबिच अंश मुद्दा चलिरहेको अवस्थामा कसैसँग सल्लाह नगरी, कसैको मन्जुरी नलिई आफ्नो नाममा रहेको कि.नं. ४२४ को घर जग्गा बिक्री गर्नु सफाहात र शुद्ध मनसाय रहे भएको भन्न सक्ने अवस्था रहेन। यसरी दुरासययुक्त तरिकाले बिक्री गरिएको उक्त जग्गा प्रत्यर्थी वादीको अंशको हदसम्म बदर गर्ने गरेको सुरूको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न सक्ने स्थिति रहेन। पुनरावेदकहरूको पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान हुँदा लिइएका आधार र कारणसँग समेत सहमत हुन नसकिने।

तसर्थ उपर्युक्त तथ्य आधार, कारण र प्रमाणबाट पुनरावेदक बलराम गुरूङले कृष्ण कुमारी गुरूङलाई मिति २०६३।८।२६ मा र.नं. ७०० को लिखतबाट पारित गरिदिएको खोटाङ दिक्तेल गा.वि.स.वडा नं.२ कि.नं. ४२४ को क्षेत्रफल ०-३-२-० जग्गामध्ये दश भागको ३ भाग लिखत बदर हुने ठहऱ्याई भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६।०८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल फाल्गुण १३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७०-CR-०१८३, १५३३, लागु औषध खैरो हेरोइन, लागु औषध, रमजान खाँ वि. नेपाल सरकार, दिपेन्द्र बैठा वि. नेपाल सरकार*

प्रतिवादी दिपेन्द्र बैठा आफू कसुरमा इन्कार रही बयान गरेको भए तापनि सहअभियुक्त रमजान खाँले निजलाई पोल गर्नुपर्ने कुनै आधार कारण देखिँदैन। आफूलाई पोल गर्नुको कारण रमजान खाँको घर परिवारसँग झगडा भएको भनी प्रतिवादी दिपेन्द्र बैठाले जिकिर लिएको भए तापनि सोको पुष्टि हुने कुनै प्रमाण गुजार्न सकेको देखिएन। लागु औषधको कारोबार एक व्यक्तिबाट मात्र सम्भव हुने विषय होइन। प्रस्तुत मुद्दामा दिपेन्द्र बैठा भन्ने व्यक्तिले भनेको मानिसलाई

लागु औषध दिन पठाएकोले आफ्नो साथमा रहेको भनी सहअभियुक्त रमजान खाँले उल्लेख गरेको र उक्त बेहोरा अन्य प्रमाणबाट समेत पुष्टि भइरहेको अवस्थामा प्रतिवादी दिपेन्द्र बैठाको इन्कारी बयानले मात्र उक्त कारोबारमा निजको संलग्नता थिएन भनी भन्न नमिल्ने।

प्रतिवादी दिपेन्द्र बैठाले आफ्नो साथबाट लागु औषध बरामद नभएकोले कसुर कायम गर्न मिल्ने होइन भनी जिकिर लिएकोतर्फ हेर्दा लागु औषधको कारोबार एक व्यक्तिबाट मात्र सम्भव हुने विषय नभएको र सहअभियुक्तले उक्त लागु औषध दिपेन्द्र बैठाले पठाएको भनी आफ्नो बयानमा उल्लेख गरेको र निजलाई पोल गर्नुपर्ने कुनै कारणसमेत नदेखिएको अवस्थामा दिपेन्द्र बैठाको उक्त कारोबारमा संलग्नता थिएन भनी भन्न सक्ने अवस्था रहेन । निजले अदालतमा बयान गर्दा कसुर गरेकोमा इन्कार रहे पनि प्रतिवादी रमजान खाँसँग चिनजान भएको र खातामा पैसा पठाउने गरेको तथ्यलाई स्वीकार गरेको पाइने।

प्रतिवादी दिपेन्द्र बैठालाई यसअघि पनि लागु औषधको कारोबार गरी वादी नेपाल सरकार प्रतिवादी दिपेन्द्र बैठासमेत भएको संवत् २०६६ सालको स.फौ.नं.२२४० को लागु औषध खैरो हेरोइन मुद्दामा मिति २०६७।८।५ गते काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाबाट पुनरावेदक प्रतिवादी दिपेन्द्र बैठालाई ५ वर्ष कैद र ६ हजार जरिवानाको सजाय भएको हुँदा यी पुनरावेदक प्रतिवादी दिपेन्द्र बैठा बारम्बार लागु औषधको अवैध कारोबार गर्ने व्यक्ति भएको पाइने।

प्रतिवादीहरूले लागु औषध ओसार पसार गरेको तथ्य स्थापित भएको अवस्थामा सम्बन्धित कानूनी व्यवस्था हेर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ मा कुनै पनि व्यक्तिले देहायका कार्यहरू गर्नु हुँदैन भनिएको सो दफाको उपदफा (घ) मा लागु औषधको बिक्री वितरण गर्न र उपदफा (च) मा लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसार पसार गर्ने कार्यमा निषेध गरेको देखिँदा प्रतिवादीहरूको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) ले परिभाषित गरेको कार्यभित्र पर्ने देखिन्छ। सो कसुरमा के कस्तो सजाय गर्ने व्यवस्था रहेको छ भन्नेतर्फ हेर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ) मा अफिम, कोका वा सोबाट बनेको लागु औषधको सेवन र खेती गर्ने कार्यबोहक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई पच्चिस ग्रामदेखि एक सय ग्रामसम्मको कारोबार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिएको अवस्थामा प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ) बमोजिम सजाय हुने ठहर गरी प्रतिवादी दिपेन्द्र बैठालाई सोही ऐनको दफा १६ बमोजिम एक वर्ष कैद र पन्ध्र हजार जरिवाना थप सजाय गर्ने गरी भएको पुरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न सक्ने अवस्था नहुँदा पुनरावेदक प्रतिवादीहरूको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ लागु औषध खैरो हेरोइन मुद्दामा प्रतिवादी दिपेन्द्र बैठालाई कसुरदार र रमजान खाँलाई मतियार ठहर गरी सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७/११/१७ को फैसला केही उल्टी हुने ठहऱ्याई दुवैलाई कसुरदार ठहर गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ) बमोजिम सजाय गर्ने र प्रतिवादी दिपेन्द्र बैठालाई सोही ऐनको दफा १६ बमोजिम एक वर्ष कैद र पन्ध्र हजार जरिवाना थप सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६९।०६।०९ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७०-CR-०२०६ (२०७०।४।३२), जालसाजी, सर्जुबाबा श्रेष्ठ वि. शिवादेवी जोशीसमेत*

वादीकी आमा जानकीदेवी श्रेष्ठबाट कि.नं. १६६ को ०-०-३-२ जग्गा र सोमा बनेको घर मिति २०५९।१२।२७ को राजीनामा लिखतबाट शिवदास जोशीलाई हक हस्तान्तरण भएको पाइन्छ । वादीले आफ्नी आमा जानकीदेवीले २०५९ सालमा शिवदास जोशीसमेतलाई पारित गरिदिएको उक्त राजीनामा लिखत मेरो ७२ वर्षीया वृद्धा आमालाई जालप्रपञ्चमा पारी झुक्याई पारित गरेको लिखत हो भनी जिकिर लिनु भएको छ । तर यही विवादित राजीनामा लिखतअनुसारको घरजग्गामा मेरो पनि हक लाग्ने पैतृक सम्पत्ति हुँदा आफ्नो मन्जुरीबिना भएको सो लिखत आफ्नो हकजति बदर गरिपाउँ भनी भगवानदास श्रेष्ठकी पत्नी सुशीला श्रेष्ठले २०६०।५।११ मा दर्ता गराउनु भएको मुद्दामा प्रतिवाद गर्दा लिखत गरिदिने जानकी देवीले आफ्नो प्रतिउत्तरपत्रमा १९९० सालमा नै अंशबन्डा गरी छुट्टी आ-आफ्नो अंश भागको जग्गा छुट्टाछुट्टै दर्ता नामसारी भोगचलन गरी आएको छ । वादी दाबीअनुसार सगोलमा बसेको होइन, म वृद्ध अवस्थाकी जानकीदेवीलाई दुःख हैरानी दिन फिराद दिएको हो। म जानकीदेवीको हकको घरजग्गा बिक्री गर्न बेसरोकारकी विपक्षी वादीको मन्जुरी लिनुपर्ने होइन। म जानकी देवीलाई बिक्री गर्नु परेकोले राजीनामा लिखत थैली लिनुदिनु गरी प्रचलित कानूनको रीत पुऱ्याई रजिस्ट्रेसन पास भए गरेको हो । लिखत बदर हुनुपर्ने होइन। सदर रहनु पर्दछ भन्ने जिकिर लिनु भएको भन्ने उक्त २०६० सालको दे.नं. ३९२२ को राजीनामा लिखत बदर मुद्दाको प्रमाण मिसिलबाट देखिने।

प्रस्तुत मुद्दामा जुन लिखतलाई वृद्ध आमा जानकीदेवीलाई झुक्याई प्रतिवादीहरूले जालसाजीपूर्वक लिखत पारित गरेको भनी वादीले दाबी लिनु भएको छ, सोही मिति २०५९।१२।२७ को पारित राजीनामा लिखत बदर गरिपाउँ भनी दाता जानकीदेवीकै जीवनकालमा परेको लिखत बदर मुद्दामा अदालतसमक्ष प्रतिवाद गर्दा दाता जानकीदेवी स्वयम्ले उक्त लिखतअनुसारको घरजग्गा म जानकीदेवीको हक भोग चलनको घर जग्गा प्रचलित कानूनको रीत पुऱ्याई रजिस्ट्रेसन पास गरे गराएको हो, लिखत बदर हुनुपर्ने होइन, सदरै हुनुपर्दछ, जालसाजीसमेत गरेको नहुँदा झुट्ठा दाबीबाट अलग फुर्सद गराइपाउँ भन्ने जिकिर लिइरहेको अवस्थामा वादी दाबीको उक्त राजीनामा लिखत वादीले उल्लेख गर्नु भएअनुसार दाता जानकीदेवीलाई झुक्याई प्रपञ्च गरी प्रतिवादी पक्षले लिने दिने कार्य गरे गराएको रहेछ भन्न नमिल्ने।

जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बदनियत एवं सो किसिमको आचरण देखिनु पर्दछ । दाताकै जीवनकालमा परेको मुद्दामा दाताकै भनाइलाई प्रमाण लिनु नपर्ने विषय हुँदैन। आफ्ना नामको आफ्नो हक भोगको जग्गा राजीनामा गरिदिने जानकीदेवी श्रेष्ठ ७२ वर्षकी भएकी भन्ने मात्र आधार पुनरावेदकले लिएको छ । ७२ वर्षको उमेर भएको कारणले मात्र कुनै व्यक्ति अशक्त वा होस ठेगान नहुने भन्ने अवस्था हुँदैन। सो कुरा उमेर अवस्थाले मात्र निर्धारण गर्दैन। ७२ वर्षको व्यक्तिले लिखत गरिदिन कुनै कानूनी बन्देज पनि देखिँदैन। आफ्नो हकको जग्गा कानूनबमोजिम हक हस्तान्तरण भएको छ । जालसाजजन्य कार्य भएको भन्ने कुनै पनि आधारबाट पुष्टि हुँदैन । जालसाजी वा हक मेटिने कार्य के कसरी भयो भन्ने कुनै आधार प्रमाण वादी पक्षले पेस गर्न सक्नु भएको छैन । हक मेटिने कार्य भयो भनी जालसाजी ठहर गर्नलाई वादीले स्पष्ट आधार देखाउन सक्नु पर्छ । फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीकै हुने।

अतः सुरू काठमाडौं जिल्ला अदालतले वादी दाबीबमोजिम जालसाज गरेको ठहर गरी मिति

२०६७।३।२२ मा भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।३ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

फैसला टिपोट गर्न सहयोग गर्नेः राजन बास्तोला

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कार्तिक ७ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-WO-०४०४, उत्प्रेषण / परमादेश, तारणीप्रसाद मण्डल वि. भूमि सुधार कार्यालय, सप्तरीसमेत*

मुद्दाको कारबाहीको चरणमा भूमिसुधार कार्यालय सप्तरी, राजविराजबाट जारी भएको रिट निवेदकहरू तारिणीप्रसाद मण्डल र चन्देश्वरीदेवी साह हलुवाईसमेतको नामको म्यादमा "म्यादवालाको घरमा पटकपटक जाँदा फेला नपरेकोले घर दैलोमा निजको परिवार सबैले देख्ने गरी टाँस गरेको" भन्ने बेहोरा खुलाई रोहवरमा साक्षीहरू ओमनारायण मण्डल र धनपैत मण्डलको र सर्लाही जिल्ला रम्पुरा मल्हनिया गा.वि.स को सचिव तथा अध्यक्ष रामेश्वरप्रसाद मण्डलको सहीछाप ल्याप्चेसमेत गराई म्याद तामेल भएको देखिएबाट उक्त म्याद तामेल गर्दा कानूनबमोजिमको प्रक्रिया पूरा नगरेको भन्ने स्थिति नदेखिँदा उक्त म्याद तामेललाई बेरितको भन्नसक्ने नदेखिने। यसरी तामेल भएको म्याद सूचना पाई सोबमोजिम आफ्नो लिखित प्रमाणसाथ निवेदकहरू भूमिसुधार कार्यालय, सप्तरीमा जानुपर्नेमा निजहरूले सो म्याद र कानूनबमोजिमको थाम्न थमाउन पाउने म्यादसमेत गुजारी प्रतिउत्तर नै नफिराई कानूनबमोजिमको म्याद नघाई बसेको भन्ने विपक्षीहरूको लिखित जवाफ देखिन्छ।

कानूनबमोजिम तोकिएको समयमा प्रतिवाद नगरी बसेका रिट निवेदकहरूले आफू संलग्न मुद्दाको फैसला भइसकेपछि आफूहरूको नाममा रीतपूर्वक म्याद तामेल नभएको भन्ने जिकिर लिए तापनि उक्त म्याद के कसरी बेरितको हुन गएको हो सो कुरा निवेदकले स्पष्ट गर्न नसकेको स्थितिमा सुरू कार्यालयबाट मुद्दाको फैसला भइसकेपछि फेरी सोही कार्यालयमा गई निवेदकहरूको नामको म्याद बदर गरी प्रतिउत्तर दर्ता गरिपाउँ भन्ने निवेदन दरपीठ गरेको भूमिसुधार कार्यालय, सप्तरी र सो दरपीठ आदेशलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको दरपिठ आदेशबाट निवेदकलाई प्रतिउत्तरको मौका नदिएको भन्ने नदेखिएको एवं मिसिल संलग्न कागजातबाट प्रस्तुत विवादको जग्गाको सन्दर्भमा परेको निज रिट निवेदक तारिणीप्रसाद मण्डल र विपक्षी भोलाई मण्डल भई पुनरावेदन अदालत राजविराजमा चलेको ०५-०६८/WO-०२८९ नं. को निषेधाज्ञा मुद्दा खारेज भएको अवस्थासमेतबाट निवेदक प्रस्तुत विवादको जग्गाको बारेमा अनभिज्ञ रहेको मान्न मिल्ने पर्याप्त आधार नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत फैसला भएको भन्ने निवेदन जिकिर प्रतीतलायक नदेखिने।

म्याद तामेल किर्ते भएको भन्ने विवादको मुद्दा सुरू अदालतमा परी प्रमाण परीक्षणको क्रम चलिरहेको अवस्थामा सुरू अदालतको अधिकारक्षेत्र माथि हस्तक्षेप गरी उक्त विचाराधीन मुद्दामा असर पर्ने गरी रिट क्षेत्रबाट बोल्नु कानून तथा न्यायको मर्मविपरीत हुन जाने हुँदा निवेदकहरूका विभिन्न मितिका निवेदनहरूलाई विपक्षी भूमिसुधार कार्यालयले गरेको दरपीठ आदेश र सो दरपीठ आदेशलाई सदर गरेको पुनरावेदन अदालत राजविराजसमेतको आदेशलगायतका अन्य काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी विपक्षीहरूको नाममा उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकहरूका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट रिट निवेदक र विपक्षीबिच सुरू सप्तरी जिल्ला अदालतमा प्रस्तुत विवादको किर्ते म्याद तामेल गरे गराएको सम्बन्धको जालसाजी मुद्दा विचाराधीन रहेको अवस्था, पुनरावेदन अदालत राजविराजबाट रिट निवेदकको निषेधाज्ञा मुद्दा खारेज भएको स्थिति, निवेदकहरूले विपक्षीहरूको काम कारबाहीबाट आफ्नो के कुन मौलिक हक र संवैधानिक हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन नसकेको स्थिति, रिट निवेदकले विपक्षीहरूको लिखित जवाफलाई अन्यथा हो भन्न नसकेको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको काम कारबाहीबाट निवेदकहरूको संवैधानिक एवं कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-००८३, उत्प्रेषण / परमादेश, रामरति देवी कहारसमेत वि. सिताराम कहारसमेत*

मिसिल संलग्न वादी प्रतिवादीहरूको पुस्तावलीबाट निज रिट निवेदकहरू र विपक्षीहरू फरकफरक पुस्ताका देखिन्छन् भने प्रस्तुत मुद्दामा विपक्षीहरू लेनदेन व्यवहारको ८ र ९ नं. बमोजिम रिट निवेदकहरूको घरको मुख्य व्यक्ति (घरमूली) रहेको भन्ने यथेष्ट प्रमाण देखिँदैन। ऋण खाँदा निवेदकहरूको मन्जुरी, सहमति लिएको देखिने प्रमाणको अभाव रहेको, निवेदकहरूलाई लिखतमा साक्षी, रोहवरसम्म नराखेको एवं लिखत गर्दा निवेदकहरूको समेत सहमति रहेको थियो भन्ने आधार प्रमाणसमेत विपक्षीहरूले पेस गर्न सकेको स्थिति नदेखिने।

अंश मुद्दाको फिराद लेनदेन मुद्दा पर्नुपूर्व परेकोमा प्रतिवादीले प्रतिउत्तरमा ऋण नदेखाएको अवस्था र परिस्थिति देखिएको छ। लेनदेन मुद्दा पर्नुपूर्व नै रिट निवेदक वादी रामरति देवी कहारसमेतको अंश मुद्दा परेकोमा सद्दे साँचो व्यवहार भए प्रतिउत्तरसमेतमा यी विपक्षीहरू छेदी कहारसमेतले उक्त लेनदेन भएको बेहोरा र सोको वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरेको हुनुपर्नेमा सो देखिँदैन। विपक्षी छेदी कहारको दाबीबमोजिम निजहरू घरको मुख्य भई सगोलमा नै रहँदाको अवस्थामा ऋण लिएको व्यवहार पुष्टि हुने वस्तुनिष्ठ र विश्वसनीय अवस्था र परिस्थितिको विद्यमानता नदेखिँदा विपक्षीहरूको लिखित जवाफ र विपक्षीतर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीले प्रस्तुत गर्नुभएको बहस जिकिरसमेतसँग सहमत हुन नसकिने।

तसर्थ उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट वादी सीताराम कहार र प्रतिवादी छेदी कहारसमेत भएको लेनदेन मुद्दाको फैसलाबमोजिमको ऋण निज रिट निवेदकहरू रामरति देवी कहारसमेतले तिर्नु बुझाउनुपर्ने आधार देखिन नआएकोले रिट निवेदकहरूसमेतको अंशभागबाट लेनदेन मुद्दामा बिगो र कोर्ट फी भराउने भनी तहसिलदारबाट मिति २०७२।७।२९ मा भएको आदेश सदर गर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।९।२४ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७३।२।६ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकहरूलाई बाहेक गरी अरूमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी लिलामसमेतको गर्नुपर्ने कार्य गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CI-०२१०, लिखत दर्ता बदर निर्णय दर्ता बदर हक कायमसमेत, *सानुकान्छा भोमजनसमेत वि. राजाराम तिवारीसमेत*

विवादित कि.नं. १२ र १३ समेतका १३ कित्ता जग्गा मोही डि.टेकबहादुर अमात्यका नाउँमा दर्ता हुने २००० सालदेखि बाली आउने जग्गा हो भनी २००० सालको सनद पत्रबाट देखिन्छ भने २०२१ सालमा जग्गा नापी हुँदाका बखत तयार भएको फिल्डबुकको जोताहा महलमा आइते भोमजन लेखिएको किसान महलमा शशीबहादुर र देवबहादुर उल्लेख भई जोताहा महलको बेहोरामा शशीबहादुर र देवबहादुरको साझा जग्गा हो कुत तिरी जोती खाई आएको छु भनी उल्लेख भएको देखिन्छ । यसबाट विवादित जग्गाको साबिकदेखिको हकवाला प्रत्यर्थीहरूका बाबुबाजे रहेको भन्ने पुनरावेदकका बाजे आइते भोमजनले नै स्वीकार गरेको र मिसिल संलग्न २००० सालको सनतपत्रबाट समेत विवादित कि.नं.१२ र १३ का जग्गा प्रत्यर्थीहरूका बाबु बाजेको नाममा दर्ता हुन छुट रहेको भन्ने स्पष्टरूपमा देखिन आएको ।

प्रत्यर्थीहरूले मालपोत कार्यालयमा छुट जग्गा दर्ता गराई पाउन चागु मौजाको २५०३ नं.को लगत देखाई विर्ताको लागि निवेदन दिएपछि मालपोत कार्यालयले सो लगत भिडाई जग्गा दर्ता प्रयोजनको लागि मिति २०६६।४।२६ मा स्थलगत सर्जमिन गराएको मिसिल प्रमाणबाट देखिएको छ। जसमा दाबीको जग्गालगायत मिति २०६६।५।७ को निर्णयमा समावेश सम्पूर्ण कित्ता जग्गा साबिक मौजा चागु रै.नं. २५०३ को टेकबहादुर अमात्यको घरद्वार शेर्मा लगतबाट भिड्ने देवीबहादुर अमात्य, शशीबहादुर अमात्य, दुर्गाबहादुर अमात्यसमेतको नाममा नाप नक्सा भएको बिर्ता गुठी नभई रैकर जग्गा हो भनी एकै बेहोरा उल्लेख भएको देखिन आएको छ । उक्त सरजमिन बेहोरालाई स्वीकार गरी यस्तै प्रकृतिको जग्गा कि.नं. २९, ३३, ३४, १८, १०२ समेतको जोताहा मोही भीमबहादुर घलानको एकाघरको छोरा सेते घलानसमेतले सहीछाप गरेको देखिन्छ । यिनै पुनरावेदकसरह समान कानूनी हैसियत भएको सेते घलानसमेतले जग्गा बिर्ता होइन भनी उक्त सर्जमिनमा व्यक्त गरेको कथनलाई विश्वास गर्नु नपर्ने कुनै कारण नहुँदा सोसमेतबाट विवादित जग्गा श्री ५ को फर्मायसी रैकरमा परिणत भएको बिर्ताको जग्गा हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था विद्यमान देखिन नआउने ।

जग्गावालाको हैसियतमा रहेको शशीबहादुर, दुर्गाबहादुर अमात्यले दाबीको जग्गालगायत अन्य जग्गाको मालपोतबापतको रकम रू.४७७।०१ मिति २०३१।०४।१४ मा अर्थ मन्त्रालय मालपोत विभाग कोष तथा तहसिल कार्यालय काठमाडौंमा धरौटी राखेको देखिँदा उक्त जग्गा प्रत्यर्थी उत्तमबहादुर अमात्यसमेतको पुर्खाको रैकर जग्गा नै रहेभएको र अविच्छिन्नरूपमा निजहरूले नै भोग चलन गरेको भन्ने पुष्टि हुन आउने ।

दाबीको जग्गालगायत विभिन्न १७ कित्ता जग्गा मिति २०६६।५।७ मा प्रतिवादीमध्येका उत्तमबहादुर अमात्य तथा मोहनबहादुर अमात्यको नाममा संयुक्त दर्ता गर्ने निर्णय भएपश्चात् पुनः उक्त निर्णय बदर गरी मिति २०६६।५।२८ मा जग्गा श्री ५ को सरकारको नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय, चाबहिल, काठमाडौंको निर्णय बदरतर्फ प्रत्यर्थीमध्येकै राजाराम तिवारीसमेतले दायर गरेको ०६६-WO-०७५९ को उत्प्रेषणको रिट निवेदनमा मिति २०६९।१।१७ मा यस अदालतबाट भएको फैसलामा मालपोत कार्यालयको मिति २०६६।५।२८ को निर्णय उत्प्रेषणको आदेशले बदर भएको छ । सो फैसलामा २०२१ सालमा भएको नापीपश्चात् तयार भएको फिल्डबुक, मिति २०३६।४।२६ मा भएको

स्थलगत सर्जमिन, मिति २०३१।४।१४ को उक्त जग्गाको मालपोतबापतको रकम धरौटी राखेको रसिद तथा २०२१ सालमा नापी हुँदादेखि जग्गा जोतकमोद गरी आएको मोहीको अवस्थासमेतलाई प्रमाणमा स्वीकार गरेको देखिँदा सो तथ्यलाई समेत प्रस्तुत मुद्दामा निर्णय गर्ने क्रममा नजर अन्दाज गर्न सकिने अवस्था नदेखिने।

पुनरावेदकले साँखु मौजाको रैतान नं. तथा प्रत्यर्थीले चाँगु मौजाको लगतको जग्गा हो भनी दाबी एवं जिकिर लिएको अवस्था छ। साँखु तथा चाँगु सिमाना जोडिएको एकै क्षेत्र भएको तथा साबिकमा जिल्ला विभाजनपूर्व एकै मौजाको रहेभएको जिल्ला विभाजन भएपछि अलग अलग जिल्लामा परेको भनी प्रतिवादीबाट लिएको जिकिरलाई अन्यथा प्रमाणित गराउन यी पुनरावेदकले सकेको नदेखिँदा प्रतिवादीको जिकिरलाई अस्वाभाविक रूपमा लिन सक्ने अवस्था नरहने।

यसरी दफा दफामा वर्णित कथनहरूबाट समग्ररूपमा प्रत्यर्थीहरूले चाँगु मौजाको २५०३ नं. को लगत देखाई बिर्ताको लागि निवेदन गरेको, मालपोत कार्यालयले सो लगत भिडाई प्रत्यर्थी प्रतिवादीहरू उत्तमबहादुर र मोहनबहादुर अमात्यका नाउँमा दर्ता गर्ने निर्णय गरेको, सो निर्णय फिल्डबुकमा उल्लिखित किसानको बेहोरा र सरजमिनको बेहोरासमेतबाट पुष्टि भएको देखिएको, पुनरावेदकका बाबुबाजे आइते भोमजनले दाबीको जग्गा प्रत्यर्थी प्रतिवादीको बाबुबाजेको हो भनी फिल्डबुक बेहोरामा लेखाएको देखिन आयो। आफ्नो नाउँमा दर्ता हुनुपर्ने भनी फर्मायसी बिर्ताको प्रमाण देखाई यी पुनरावेदक वादीले मौकामा मालपोत कार्यालयमा हक दाबी गरी अन्यथा प्रमाणित गर्न सकेको अवस्थासमेत नरहेको, यस अदालतबाट मिति २०६९।१।१७ मा भएको फैसलासमेतबाट विवादित कि.नं.१२ र १३ का जग्गा प्रत्यर्थीहरूका बाबुबाजेको नाममा ०२१ सालमा नापी भई दर्ता हुन छुट भएको जग्गा भन्ने पुष्टि हुन आएको देखिँदा पुनरावेदक वादीतर्फका विद्वान् कानून व्यवसायीहरूले बहस जिकिरमा उठाएका तर्क एवं यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको आदेशमा लिइएका आधार प्रमाण तथा नजिर प्रस्तुत मुद्दाको तथ्यसँग मिल्ने अवस्था नदेखिँदा उक्त आदेश र बहस बुँदासँग सहमत यो इजलास हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार कारण तथा प्रमाणसमेतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।४।२८ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०७।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चिन्तामणि शर्मा

इति संवत् २०७५ साल आश्विन ९ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७४-CI-०२१३, लिखत दर्ता बदर निर्णय दर्ता बदर हक कायमसमेत, *सानुकान्छा भोमजनसमेत वि. राजाराम तिवारीसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।
- यसमा समान प्रकृतिको ०७४-CI-०२११, ०२१४, ०२१२, ०२१५, लिखत दर्ता बदर निर्णय दर्ता बदर हक कायमसमेत, *ठुलीकान्छी वाइवासमेत वि. राजाराम तिवारीसमेत, ठुलोकान्छा घिसिङसमेत वि. राजाराम तिवारीसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-१२७१, लिखत बदर, *जलकुमार गुरूङसमेत वि. चम्फा गुरूङसमेत*

सगोलको सम्पत्ति संरक्षणको दायित्व सबै अंशियारहरूको हुने र त्यस्तो सम्पत्तिको भोगचलन बिक्री व्यवहार सगोलकै समझदारी र हितमा गर्नुपर्ने

हुन्छ । त्यसैले पनि सगोलको सम्पत्ति बिक्री व्यवहार गर्दा उमेर पुगेका सगोलका अंशियारको मन्जुरी लिनुपर्ने कानूनी व्यवस्था गरिएको पाइन्छ । परिवारका सदस्यबिच एकले अर्कोप्रति गर्नुपर्ने व्यवहार, विश्वास, मर्यादा, सहयोग र भरोसा रहेसम्म घर व्यवहार चलाउने दायित्व सम्बन्धमा विवाद सिर्जना हुने देखिँदैन । घर व्यवहार चलाउने सन्दर्भमा परिवारको मुख्य व्यक्तिको चयन औपचारिक रूपमा नहुने भए पनि पारिवारिक मामलामा प्रमुख दायित्व वहन गर्ने व्यक्तिलाई परिवारका सबै सदस्यहरूले मुख्य व्यक्तिकै रूपमा स्वीकार गर्ने प्रचलनलाई हाम्रो सामाजिक व्यवस्थाले समेत स्वीकार गरेको पाइन्छ । हाम्रो घर परिवार तथा समाजमा परम्परादेखि अवलम्बन गरी आएका यस्ता प्रचलनलाई अंश तथा लेनदेन व्यवहारसम्बन्धी कानूनी व्यवस्थाले पनि आत्मसात् गरी आएको देखिन्छ । यसै सन्दर्भमा साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. र अंशबन्डाको महलको १९ नं. ले घर व्यवहार चलाउने पहिलो दायित्व पति, पिता वा लोग्ने मानिसलाई तोकेको पाइन्छ । घर व्यवहार चलाउने मुख्य व्यक्ति श्रीमती वा अन्य सदस्य भएमा सो तथ्य व्यवहार प्रमाणबाट देखिनुपर्ने हुन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. अनुसार **"घरको मुख्य भई कामकाज गर्ने वा सगोलमै बसी विभिन्न घर, खेती, व्यापार वा अरू कुनै काम गरी बस्ने उमेर पुगेका जानकार लोग्नेमानिस वा स्वास्नी मानिस आफू बसी काम गरेको ठाउँको मुख्य ठहर्छन् । त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्ने छ"** भन्ने व्यवस्था रहेको देखिन्छ । पारिवारिक भूमिका, परस्परको अन्तरनिर्भरता, आय आर्जनको जिम्मेवारी आदिको आधारमा घर व्यवहार चलाउने मुख्य व्यक्तिको पहिचान हुन सक्ने देखिन्छ । वादी जलकुमारले भारतीय सेनामा कार्यरत भई अवकाशपश्चात् विवादित घरजग्गा जोडेको भन्ने फिरादमा उल्लेख भएको देखिन्छ । निज जीवित नै रहेको अवस्थामा व्यवहारसम्मत दृष्टिकोण तथा लेनदेन व्यवहारको ८ नं. र अंशबन्डाको महलको १९(१) नं. को कानूनी व्यवस्थाको भावनाअनुसार निज स्वाभाविक रूपमै घर व्यवहार चलाउने मुख्य व्यक्ति भएको देखिने ।

यस अदालतको पूर्ण इजलासबाट लक्ष्मीदेवी बास्तोला विरूद्ध इन्द्रमोहन अधिकारी भएको लिखत बदर मुद्दा (ने.का.प.२०५४, अङ्क १, नि.नं. ६३०३) मा "*सगोलको अंशबन्डा लाग्ने सम्पत्ति भनी दाबी भएकोमा सगोलको होइन निजी आर्जनको सम्पत्ति हो भन्ने पक्षले नै निजी आर्जनको सम्पत्तिको सबुद गुजार्नुपर्ने सर्वमान्य सिद्धान्त हो । अंशबन्डाको १८ नं. ले निजी ठहर्ने र ऐ. को १९ नं. ले आफ्नो पालामा आर्जेको सम्पत्ति निजी ठहर्ने अवस्थामा बाहेक सँगै बसेको अंशियारको सगोलको आर्जनमा सबै अंशियारको भाग लाग्ने हुन्छ ।*" भनी व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रतिवादी चम्फा गुरूङले सुरू अदालतमा उपस्थित भई वादी दाबी खण्डन गर्न सकेको देखिँदैन । निज चम्फा गुरूङको आर्जनबाट दाबीको जग्गा खरिद भएको भन्ने पनि कतैबाट पुष्टि हुँदैन । निज घरको मुख्य कारोबार गर्ने व्यक्ति रहेको भन्ने पुष्टि हुने पर्याप्त आधार, कारण देखिन आएको छैन । घर व्यवहार चलाउनको लागि निजले आय आर्जनको प्रमुख जिम्मेवारी वहन गरेको देखिँदैन । परिवारका सबै सदस्यले निजलाई नै घर व्यवहार चलाउने मुख्य व्यक्तिको रूपमा स्वीकार गरेको देखिन आएको छैन । यसरी प्रतिवादी चम्फा गुरूङलाई घर व्यवहार चलाउने मुख्य व्यक्ति भएको मान्न सकिने कुनै विश्वसनीय आधार प्रमाण देखिन नआएकोले मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. को कानूनी व्यवस्थाअनुसार निजले सगोलको जग्गा बिक्री गर्दा उमेर पुगेका सगोलका अंशियारको मन्जुरी लिनुपर्ने नै देखिन आयो । अचलमा आधासम्म र चलमा सबै

व्यवहार चलाउनलाई बिक्री गर्न सो घरको मुख्य व्यक्ति हुनुपर्छ । जलकुमार घरको मुख्य व्यक्ति देखिइरहेको अवस्थामा चम्फा गुरूङले गरेको व्यवहार कानूनतः नदेखिने।

यस अदालतको पूर्ण इजलासबाट महेन्द्रबहादुर कार्की विरूद्ध वीरेन्द्रमाया कार्कीसमेत भएको लिखत बदर मुद्दा (ने.का.प. २०६९ अङ्क ५ नि.नं. ८८२१ मा ***"अंश नभएको सगोलको अचल सम्पत्ति कुनै बेहोराले बिक्री वा हक हस्तान्तरण गर्दा अनिवार्य रूपमा अंशियारको मन्जुरी लिनुपर्ने हुन्छ, यसरी हक हस्तान्तरण गर्दा अंशियारले साक्षी नबसेको र हक छाडिदिन मन्जुर नगरेमा त्यस्तो अंशियारको हक जाने स्थिति नरहने"*** भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रतिवादी चम्फा गुरूङले सगोलका यी वादीहरूको मन्जुरी नलिई पारित गरिदिएको विवादित लिखत वादीहरूको हकमा बदर गरिदिनुपर्नेमा प्रतिवादी चम्फा गुरूङ घर व्यवहार चलाउने मुख्य व्यक्ति भएको भन्नेसमेतको आधार लिई वादी दाबी नपुग्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. र अंशबन्डाको १९(१) नं. को कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल देखिने।

अतः प्रतिवादी चम्फा गुरूङ घर व्यवहार चलाउने मुख्य व्यक्ति भएको नदेखिएको र निजले पोखरा उपमहानगरपालिका वडा नं.१८ को कि.नं. ३२५६ क्षे.फ. ०-८-०-० जग्गा र त्यसमा भएको घरसमेत गंगादेवी गुरूङलाई र.नं. ४५४(ख) बाट मिति २०६८।५।२० मा राजीनामा पारित गरी दिँदा उमेर पुगेका यी वादीहरूको मन्जुरी लिएकोसमेत नदेखिँदा वादी दाबी नपुग्ने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७०।११।४ को फैसला उल्टी भई उक्त लिखतमध्ये ५ भागको ३ भाग बदर गरी वादीहरूको नाउँमा दर्तासमेत हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल पुस १० गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-CR-११७७, जालसाजी, जलकुमार गुरूङ वि. चम्फा गुरूङ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिलकुमार तुम्बापो*

प्रतिवादी दिलकुमार तुम्बापोले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा इन्डियाबाट आउनु भएका बिजुली लिम्बू भन्ने काकालाई भेट्न भनी मिति २०६३।१।३० को राति ९ बजेतिर मृतकको घरमा पुगेपछि मृतक राम्रीमाया ईङवालाई काकाहरू कहाँ हुनुहुन्छ भनी सोध्दा रातको समयमा किन खोजी हिँडेको भोलि आइज भनी भनेकीले मलाई मादकपदार्थ सेवन गरेको अवस्था हुँदा एक्कासी रिस उठी यसलाई मार्नुपऱ्यो र कान र नाकमा लगाएको सुन लानुपऱ्यो भनी मेरो मनमा पाप उत्पन्न भई यताउता हेर्दा घरको कुनापट्टि भित्तामा ठड्याई राखेको बञ्चरो देखी त्यसैलाई टिपी निजको कञ्चटमा प्रहार गर्दा निज एकै पटकमा ऐयासम्म नभनी सोही ओछ्यानमा रगताम्ये भई ढलेपश्चात मरिन् कि क्या हो भनी बोलाउँदा नबोलेको र चलाउँदासमेत नचलेपछि निजलाई सोही ओछ्यानमा सुताई निजको कान र नाकमा रहेको १२ आना बराबरको सुन झिकी भागेको, भारतको सिलगुडीतर्फ गई मृतकको सुन सिलगुडीमा नै रू.१०,०००।- (दश हजार) मा बेचेको र पैसा सकिएपछि नेपालमा फर्केको हो, उक्त वारदातमा अरू

कोही कसैको संलग्नता छैन, म एक्लैले मारेको हो भनी कसुरमा साबित रहेको देखिन्छ । निज प्रतिवादीले अदालतमा बयान गर्दासमेत इन्डियाबाट आउनु भएका बिजुली लिम्बू भन्ने काकाको बारेमा सोध्दा मृतकसँग विवाद भई मृतक राम्रीमायालाई बन्चरोले टाउकोमा हानी मारेको हो भनी कसुर स्वीकार गरेको देखिन्छ । निजको सो बेहोरा घटनास्थल तथा लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि हुन आएको छ । वारदातमा प्रयोग भएको बन्चरो बरामद भएको छ । जाहेरवाला तथा गाउँका अन्य मानिसहरूले समेत उक्त वारदातमा निज प्रतिवादीको संलग्नता रहेकोमा विश्वस्त भई घटना विवरण कागज गरी अदालतमा समेत बकपत्र गरिदिएको देखिन्छ । वारदातपश्चात् प्रतिवादी बेचैन भई कहिले ससुरालीतिर जाने कहिले भागी इन्डियातिर जाने भनी शंकास्पद व्यवहार दर्साएको कुरा जाहेरवालालगायत बुझिएका मानिसहरूको कागज तथा बकपत्रसमेतबाट देखिनुको साथै प्रतिवादी स्वयंले पनि सो कुरा अदालतको बयानमा स्वीकार गरेको पाइन्छ । उक्त वारदातमा प्रतिवादीबाहेक अन्य कसैको संलग्नता रहेको नदेखिएको तथा मृतक राम्रीमाया ईङवाको कानमा र नाकमा लगाएको सुन नभएको अवस्थासमेतबाट यी प्रतिवादीले सुन चोरी गर्ने प्रलोभनबाट नै मृतकलाई कर्तव्य गरी मारेको देखिन आउँछ । यस अवस्थामा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनेसमेत ठहराई सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिने ।

अतः उपर्युक्तबमोजिम उल्लिखित आधार कारणबाट प्रतिवादी दिलबहादुर तुम्बापोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुर अपराधमा ऐ को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको पाँचथर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७३।५।१३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल आषाढ ३ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७६-RC-००७०, कर्तव्य ज्यान, डाँका, नेपाल सरकार वि. शुक्रराज लिम्बू

प्रतिवादी शुक्रराज लिम्बू मिति २०७५।३।३।२८ को राति गाउँका साथी कैलास लिम्बूको दिदीको विवाहमा ढोल नाच्न भोटे खडक भन्ने रोहित लिम्बूसँग गएको र वारदातको दिन मिति २०७५।३।२९ को बिहानको अं.०५:०० बजेको समयमा विवाह घरबाट आफ्नो घरमा आई जाँड खाई सुनको गरगहना चोरी गर्ने नियतले भाउजू पर्ने निरमाया लिम्बूको घरमा पुगेको कुरा निज प्रतिवादीले मौकामा र अदालतमा गरेको बयानमा स्वीकार गरेको देखिन्छ । मृतकले निजलाई खाजासमेत खान दिएको र केहीबेर टर्च लाइट हातमा बोकी बाहिर निस्की केही समयपछि घरमा आई माथि टाँडमा पुगी कपडा मिलाइरहेको अवस्थामा निजले लगाएको सुनको पोते खोस्न निजको कपालको चुल्ठोमा समाती बलोमा दुई पटक बेसरी ठोक्याई दिएको र त्यसपछि पनि पुन: भित्तामा ठोक्याई निज बेहोस भई भुइँमा लडेपछि निजले लगाएको कानको एउटा मुन्द्री र सुनको नौगेडी पोते र निजको थैलीमा भएको रू.७५।- रूपैयाँसमेत चोरी गरेको भनी अदालतसमक्ष साबित रहेको देखिन्छ । त्यसपछि सुन बेच्न सिधुवा बजारतिर जाने क्रममा बाटोको होटलमा खाजा खाँदा प्रहरीहरू गाउँतिर गएको देखी सुनको गरगहना खाजा खाएको होटलको बेन्चको खुट्टामा राखेको भनी बयानमा उल्लेख गरेअनुसार नै निजबाट सोही स्थानमा चोरीको गहना फेला परेको बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदनबाट देखिन्छ ।

प्रतिवादी शुक्रराज लिम्बूले जाहेरी दर्खास्तको बेहोरालाई समर्थन पुग्ने गरी वारदातको सिलसिलेवार घटनाक्रमलाई उल्लेख गरी मौकामा र अदालतसमक्ष बयान गरेको देखिन्छ । निज गहना चोरी गर्ने मनसायले नै जाहेरवालाको घरमा पुगेको देखिन्छ । मृतक प्रतिवादीकै चिनजानकै भाउजू नाता पर्ने भएकोले प्रतिवादीको करतुतको पोल खुल्ने डरले गहना जबरजस्ती चोरी गर्ने क्रममा मृतकलाई मार्ने नै नियत राखी मृतकको टाउको पटकपटक ठोक्याई बेहोस पारी मर्नेसम्मको कार्य गरेको देखिन्छ । लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु टाउकोमा लागेको चोटको कारण भएको देखिन्छ । प्रतिवादी शुक्रराज लिम्बूको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भन्ने तथ्य घटना विवरण कागज गर्ने मानिसहरूले लेखाएको बेहोरा तथा निजहरूले अदालतमा गरेको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ। मिसिल संलग्न तथ्य प्रमाणहरूबाट प्रतिवादी शुक्रराज लिम्बूले मृतक निरमाया लिम्बूलाई टाउको ठोक्याई गम्भीर घाइते बनाएको र सोही चोट पीरको कारण मृतकको मृत्यु भएको देखिन आएकोले निजले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. र १३(३) नं. बमोजिमको कसुर गरेको तथ्य स्थापित हुने।

तसर्थ, प्रतिवादी शुक्रराज लिम्बूले गरेको कसुरजन्य कार्यको आधारमा वारदात हुँदाको अवस्थामा कायम रहेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ तथा १३ (३) नं. को चोरीको महलको ४ नं. मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(२) बमोजिम ज्यान मारेतर्फ प्रतिवादीलाई जन्मकैद हुने, जबरजस्ती चोरी गरेतर्फ मुलुकी ऐन, चोरीको महलको १४(२) बमोजिम चार महिना कैद हुने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशअनुसार यी प्रतिवादीलाई फैसला कार्यान्वयनको सन्दर्भमा जन्मकैद हुने गरी लगत कस्ने, साथै ऐ. को दफा ४१ बमोजिम रू. ५०,०००।- (पचास हजार) पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत पाउने गरी सुरू धनकुटा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।३।१२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : महेश खनाल

इति संवत् २०७६ साल पुस १० गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *२०७२-CI-०५८८, उत्प्रेषण / परमादेश, दीपकिरण श्रेष्ठ वि. नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा पाल्पा वितरण केन्द्र पाल्पा, तानसेनसमेत*

निवेदकको विद्युत् प्राधिकरण विनियमावलीद्वारा गठित पुनरावेदन समितिमा पुनरावेदन गर्न जाने हक बाँकी रहँदारहँदै अदालत प्रवेश गरेको कानूनसम्मत देखिएन। निवेदकको हकमा वैकल्पिक उपचारको समाप्ति भएको वा अपूरणीय क्षति भएको अवस्था पनि देखिएन । कानूनमा व्यवस्था भएअनुसार पुनरावेदन समितिमा पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको अवस्था विद्यमान हुँदाहुँदै निज निवेदक सो कानूनी उपचार प्राप्त गर्नेतर्फ नलागी सिधै रिट निवेदनको माध्यमबाट अदालतमा प्रवेश गरेको अवस्थामा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिई मिलेकै देखियो । अतः उपर्युक्त विवेचित आधार कारणबाट पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-WO-०६४८, उत्प्रेषण / परमादेश, आशा गुरूङ वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकसमेत*

निवेदिका सरूवा भएको कार्यालयमा समयभित्र नगई गैरहाजिर रहेकोले सेवाबाट हटाएको, उक्त कार्य कानूनसम्मत नै रहे भएको भन्ने बेहोराको विपक्षी कार्यालयहरूको लिखित जवाफ रहेको भए तापनि निवेदिका र विपक्षी कार्यालयबिच चलेको ०७१-WO-०८९९ नं. को रिट निवेदनमा आधार, कारणको विश्लेषण गरी रिट निवेदिकाको नामको म्याद तामेल हुँदाका बखत बहुविवाह मुद्दाको आरोपमा निज निवेदिका थुनामा रहेकीले निजले विपक्षी सशस्त्र प्रहरी बल कार्यालयले जारी गरेको आफ्नो नामको हाजिर हुन आउनेबारेको सूचनाको जानकारी नपाएको भन्ने देखिएको र निवेदिकालाई सुनुवाइको मौकासमेत नदिएको देखिएको भन्ने आधार लिई विपक्षी कार्यालयले गरेको मिति २०७०।१।१७ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुँदा उक्त निर्णय यस अदालतबाट जारी भएको उत्प्रेषणको आदेशले बदर हुने ठहरी फैसला भएको देखिने।

सरूवा भई जाँदै गर्दाको अवस्थामा आफूउपर बहुविवाहको मुद्दा परी सो मुद्दामा पुर्पक्षको क्रममा आफू प्रहरी हिरासतमा बस्नुपरेकोले आफूले विपक्षीहरूले आफ्ना नाममा जारी भएको हाजिर हुन आउने बारेको सूचना नपाएको भन्ने तत्कालीन समयमा थुनामा रहेकी निज निवेदिकाको जिकिर रहेको देखिन्छ। निवेदिका थुनामा रहेको स्थितिमा विपक्षी कार्यालयहरूले रिट निवेदिका रमाना भई गएको कार्यालयमा हाजिर हुन नगएको, निज कार्यालयमा गैरहाजिर रहेको भन्ने अर्थ गरी पदमुक्त गर्नु थुनाको परिस्थितिको रोहबाट न्यायोचित नदेखिने।

विपक्षीहरूले निवेदिकालाई सेवाबाट हटाउने गरी भए गरेको निर्णय कानूनसम्मत नभएकोले उक्त निर्णय बदर गरी निवेदिकालाई आफ्नो पदमा पुनर्बहाली गराउनु भनी जारी भएको आदेशबमोजिम निवेदिका सेवामा पुनर्बहालीसमेत भइसकेको देखिएको स्थितिमा निज निवेदिकाको हकमा पनि उल्लिखित नियम १५९ को व्यवस्था आकर्षित हुने नदेखिने। साथै निवेदिकालाई सेवाबाट हटाउने गरी भएको निर्णय नै गैरकानूनी घोषित भइसकेपश्चात् उक्त मितिदेखि निज सेवामा पुनर्बहाली भएको मिति अवधिसम्मको तलब भत्तालगायतका कानूनबमोजिमको पाउनुपर्ने सुविधा निजले नपाउने भन्ने पर्याप्त र यथेष्ट आधार कहीँकतैबाट पेस हुन आएको नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारण, यस अदालतको संयुक्त इजलासबाट भएको उल्लिखित निर्णय प्रस्तुत विवादका सन्दर्भमा मेल खान गएको स्थिति, निवेदिकाको सम्बन्धमा विपक्षी कार्यालयले गरेको मिति २०७०।१।१७ को निर्णय यस अदालतको मिति २०७३।११।३० गतेको पूर्वनिर्णयानुसार बदर भई निवेदिका पुनः सेवामा समेत बहाली भइसकेको देखिएको स्थितिमा निवेदिकाले माग गरेको अवधिबिचको तलब भत्तालगायत कानूनबमोजिम पाउनुपर्ने अन्य सुविधाबाट निवेदिका वञ्चित हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदिकालाई उक्त अवधिको तलब भत्तालगायतका निजले कानूनबमोजिम पाउनुपर्ने अन्य सुविधासमेत प्रदान गर्नु भनी विपक्षी सशस्त्र प्रहरी कार्यालय, हलचोक काठमाडौंको नाममा परमादेशको आदेश जारी गरिदिने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल पुस १५ गते रोज १ शुभम्।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०७७२, जबरजस्ती करणी, *पासाङनुरू शेर्पा वि. नेपाल सरकार*

मिति २०७०।१२।३० गते घटना भएकोमा पीडितको स्वास्थ्य परीक्षण मिति २०७१।१।१२ गते मात्र भएको देखिन्छ। प्रतिवेदनमा *There is no signs of recent forceful sexual entercourse* भन्ने बेहोरा उल्लिखित छ । जबरजस्ती करणीका ताजा चिह्नहरू नदेखिनुमा करिब दुई साताअघि वारदात हुँदाका बखत भएका चिह्नहरू समयान्तरमा पनि रहिरहनुपर्ने भन्ने अर्थ गर्न मिल्दैन। वारदातको समयमा पीडितले लगाएको सुरुवाल धोई पखाली फ्याँकी सकिएको छ। प्रतिवादीको डर एवं नाबालक अवस्थासमेतका कारण अरू कसैलाई भन्न नसकी प्रमाणको सुरुवाल नै फ्याँकिदिएकी पीडितले वारदातपछि परीक्षण गर्दाको अवधिसम्ममा यौनाङ्ग धोइपखाली गरेको हुन सक्ने उत्तिकै सम्भावना रहेको छ । यसरी लामो समय व्यतीत भएपछि गरिएको परीक्षण प्रतिवेदनमा जबरजस्ती करणीका ताजा सङ्केत नदेखिएको भन्ने आधारमा मात्र पीडितमाथि जबरजस्ती करणी भएको होइन भन्न मिल्दैन। अन्यथा पुष्टि नभएसम्म जबरजस्ती करणीको वारदातमा प्रमाणको पहिलो कडी नै पीडित हुन्। यस आधारमा समेत प्रस्तुत मुद्दामा आफूमाथि करणी भएको कार्य सबिस्तार उल्लेख गर्ने ९ वर्षीया पीडित बालिकाको भनाइलाई अन्यथा मान्न नसकिने।

जबरजस्ती करणी गर्ने मनसायअनुरूपको कार्य प्रतिवादीले गरे नगरेको सम्बन्धमा हेर्दा आफ्नो र पीडितको सुरुवाल खोली निजले आफ्नो यौनाङ्गले पीडितको यौनाङ्ग छोएको भन्ने स्वयं प्रतिवादीको स्वीकारोक्ति छ भने पीडितले आफ्नो सु गर्नेमा प्रतिवादीले निजको सु गर्ने छिराएको भनी मौकामा तथा अदालतमा समेत लेखाएको अवस्था छ। मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा १ को (ग) मा *योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने* छ भन्ने व्यवस्था रहेको छ। प्रतिवादीले जबरजस्ती करणी गरेपछि पीडित दुखेर रोएको र रगतजस्तो पदार्थ लागेको सुरुवाल केही समयपछि नै धोएको भन्ने तथ्य स्थापित भएको छ। यस्तो अवस्थामा यी प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको कार्य गरेकै देखिने।

प्रस्तुत मुद्दामा बालिकाको यौनाङ्गमा प्रतिवादीले आफ्नो यौनाङ्ग प्रवेश गराएको तर रुमालमा वीर्यस्खलन गरेको तथ्य स्थापित छ । पीडितको यौनाङ्गमा आफ्नो लिङ्ग प्रवेश गराइसकेपछि बाहिर वीर्यस्खलन गरेकै आधारमा मात्र जबरजस्ती करणी गरेको होइन, आशय करणी गरेको हो भन्ने जिकिरलाई मान्दै जाने हो भने यस्तो व्याख्या विधिशास्त्रीय मान्यताविपरीत हुन गई जबरजस्ती करणीको विधायिकी मक्सद पनि स्वत: खण्डित हुन जान्छ। यस्तो अवस्थामा पीडितले न्याय पाउने अवस्था रहँदैन भने फौजदारी न्याय प्रणालीमाथि नै गम्भीर प्रश्न उजागर हुने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा पीडित बालिका नाम परिवर्तित गीतामाथि जबरजस्ती करणी भएको भन्ने पुष्टि भइरहेको अवस्थामा प्रतिवादी पासाङनुरू शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुर अपराधमा सोही महलको ३(१) बमोजिम वर्ष १०(दश) कैद सजाय हुने र निज प्रतिवादीबाट पीडित गीतालाई सोही महलको १० नं. बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याएको सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०७१।३।१० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१५७४, जबरजस्ती

करणी, *नेपाल सरकार वि. मधु लामा थोकर*

प्रस्तुत मुद्दामा वारदात भएको समयमा प्रतिवादी मधु लामा थोकरको उमेर १६ वर्ष मात्र पुगेको देखियो भने निज कक्षा ७ मा अध्ययनरत पाइयो । टी.भी. बनाउन जाउँ भनी जीवन मग्रातीले निजलाई पनि साथै लिएर बजार आएको र फर्कंदा जीवन मग्रातीले नै पीडितलाई पनि घर पुर्‍याइदिने भनेकोले पीडित पनि सोही स्कुटरमा आएको भन्ने देखियो । रातको समयमा, खम्बिरेघोल भन्ने एकान्त स्थलमा पुग्दा स्कुटर रोकी, मधु लामा थोकरलाई तेरो काम छैन, पर गएर बस् । कसैलाई नभन्, भने मारिदिन्छु भनी २२ वर्षीया जीवन मग्रातीले १७ वर्षीया पीडितलाई तानेर करिब ५० मिटर टाढा लगी करणी गर्न नदिए मारिदिन्छु भनी जबरजस्ती करणी गरेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट देखिने ।

पीडितलाई जबरजस्ती करणी गरिसकेपछि पनि प्रतिवादी जीवन मग्रातीले घटनाबारेमा कोही कसैलाई नभन्नु, भने मारिदिन्छु भनी यिनै प्रतिवादी मधु लामा थोकर र पीडितलाई समेत डर, धम्की देखाएको भन्ने पीडितको भनाइ, प्रतिवादीको बयान तथा बुझिएका मानिसहरूको बकपत्रसमेतबाट देखिन आयो । बाटोमै स्कुटर रोकी सँगै आएकी पीडितलाई ५० मिटर टाढा लगी प्रतिवादी जीवन मग्रातीले जबरजस्ती करणी गर्दा रातको समय भएका कारण डरले बोल्न सकिनँ भन्ने प्रतिवादी मधु लामा थोकरको बयान रहेको अवस्थामा निज प्रतिवादीलाई नै मतियार ठहर्‍याई सजाय गर्नु न्यायोचित हुने नदेखिने ।

मतियार हो कि होइन भनी सजाय गर्नुअघि घटना हुनमा निजको उद्देश्य के थियो भन्ने कुरामा स्पष्ट हुन जरूरी हुन्छ । प्रतिवादी मधु लामा थोकर मुख्य अभियुक्तसँग साथ लागि गएको भए पनि पीडितलाई जबरजस्ती करणी गर्ने, जबरजस्ती करणी गरेको हेरी मनोरञ्जन लिने, अर्का प्रतिवादी जीवन मग्रातीले जबरजस्ती करणी गर्न लागेको कार्यमा मद्दत गर्ने, त्यस्तो उद्देश्य राख्ने वा त्यसअनुरूपको कार्य गर्ने कुनै पनि भूमिका निजबाट निर्वाह भएको पाइँदैन । यस्तो अवस्थामा रातको समयमा, एकान्त स्थानमा, आफूभन्दा माथिल्लो उमेरको नौजवान व्यक्तिले माथिल्लै उमेरकी पीडितलाई ज्यानसमेत लिन सक्ने धम्की दिई, त्रासमा पारी घटना गराएको अवस्थामा पनि पीडित नाम परिवर्तित ०४९-००३ (०७०/०७१) टाँडीको अस्मिता बचाउने प्रयास गरेन भनी स्वयं सन्त्रासमा परेका १६ वर्षीय किशोर प्रतिवादी मधु लामा थोकरलाई सजाय गर्नु उचित हुने नदेखिने ।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा प्रतिवादीमध्येका जीवन मग्रातीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैदको सजाय हुने र पीडित नाम परिवर्तित ०४९-००३ (०७०/०७१) टाँडीलाई क्षतिपूर्तिबापत रू.३५,०००/- (पैंतीस हजार) भराइदिने ठहर्‍याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी तथा यिनै प्रतिवादी मधु लामा थोकरले आरोपित कसुरबाट सफाइ पाउने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-RC-०१३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेम वि.क.*

मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा घटनास्थलबाट फरूवा थान-१ बरामद भएको देखिन्छ । वारदात मितिमा मृतक करवीर परियारसँगै सुतेका भनिएका प्रतिवादी प्रेम वि.क.का दाजु खिमबहादुर वि.क. ले मृतकलाई निज प्रतिवादीले

फरूवाले टाउकोमा हानी कर्तव्य गरी मारेको भनी अनुसन्धानमा कागज गरिदिएको देखिन्छ भने निज प्रतिवादीले अनुसन्धानमा बयान गर्दा आफ्नो श्रीमती र छोरालाई माइतीमा राख्ने, घरमा नल्याइदिने भन्ने कुराले उठेको रिसले आँगनमा रहेको फरूवा उठाई दुई चोट मृतकको टाउकोमा हानेको र सोही चोटको कारणले मृतक ससुराको मृत्यु भएको भनी र अदालतसमक्ष बयान गर्दासमेत जाहेरी बेहोरालाई पुनर्पुष्टि गर्दै मृतक आफ्नो ससुरा भएको, निजको मृत्यु आफूले प्रहार गरेको फरूवाबाट भएको र दशीको रूपमा आएको फरूवाले नै प्रहार गरेको भनी सनाखतसमेत गरी दिई यसै बेहोराको आफ्नो अनुसन्धानको बयानसमेत ठीक छ भनी आरोपित कसुरमा साबिती बयान गरेको देखिने।

भेरी अञ्चल अस्पतालबाट मिति २०६९।७।२ मा भएको मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Severe head injury due to physical assault भनी उल्लेख भएको देखिएको र प्रतिवादी स्वयंले आफूले मृतक ससुरा सुतिरहेको बेला निजको टाउकोमा फरूवाले दुई चोट हानी मारेको हुँ भनी बयान गरेको स्थितिमा प्रतिवादीको उक्त कार्यबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी प्रेम वि.क. लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू बाँके जिल्ला अदालतको मिति २०७०।१।१९ को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।७।३ को फैसला अन्यथा नदेखिने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट मृतक करवीर परियारको मृत्यु प्रतिवादी प्रेम वि.क.को कर्तव्यबाट भएकोमा विवाद नदेखिएको, घटनास्थलबाट बरामद भएको दशी फरूवाले हानेको भनी प्रतिवादी अनुसन्धान र अदालतमा समेत साबित रही निज प्रतिवादी स्वयंले दशी फरूवा सनाखतसमेत गरिदिएको अवस्थामा प्रतिवादीको उक्त कार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. कसुर भएकोले निजलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको मिति २०७१।७।३ को फैसला मिलेकै देखिँदा प्रतिवादी प्रेम वि.क. को हकमा यस अदालतमा जाहेर हुन आएको साधक सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CI-०७०२, ००७५, उत्प्रेषण, जिल्ला शिक्षा समिति, पर्सासमेत वि. रविभूषण राम, रामदेवप्रसाद कुर्मी वि. रविभूषण राम*

लिखित जवाफसाथ पेस भएको जिल्ला शिक्षा समितिको मिति २०७०।९।११ को निर्णयमा दरबन्दी कट्टा हुने विद्यालयको नाममा "भङ्गी साह उच्च माध्यमिक विद्यालय विश्रामपुर (राहत)" भनिएको छ भने दरबन्दी थप हुने "नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय सिद्धिगडी (बैरिया)" भनिएको छ । दरबन्दी मिलान सहजीकरणका लागि विपक्षी जिल्ला शिक्षा समितिसमेतले तयार गरेको "इ-पुस्तिका २०६९" अनुकूल दरबन्दी मिलानको निर्णय भएको देखिँदैन । मिति २०७१।५।१५ को निर्णयअनुसार दरबन्दी कट्टा भएर दरबन्दी थप हुने विद्यालय सिद्धिगढी (बैरिया) मा निवेदकको सरूवा गरिएको नभई निवेदकलाई निर्णयअनुसारको दरबन्दी मिलान नभएको विद्यालय (महुवन) मा सरूवा गरिएको देखियो। यसरी प्रारम्भिक रूपमा नै निवेदकको सरूवा दरबन्दी मिलानको आधारमा हुन गएको भन्ने कुनै आधारसमेत देखिन नआउने।

राहत दरबन्दी र स्थायी दरबन्दीको कानूनी आधार र मान्यतामा धेरै ठुलो भिन्नता रहेको छ । यसरी राहत दरबन्दी कटौती भएको स्थानमा स्थायी

दरबन्दीका विपक्षी रामदेवप्रसाद कुर्मीलाई सरूवा गर्ने निर्णय आफैँमा स्वतः गैरकानूनी देखिन्छ । विपक्षी रामदेवप्रसाद कुर्मी कार्यरत नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, डोकैला (बहुअरी) मा पनि दरबन्दी कट्टा भएको देखिँदैन । स्नातकोत्तर (अङ्ग्रेजी विषयमा) उत्तीर्ण शिक्षक विपक्षी रामदेवप्रसाद कुर्मीलाई मा.वि. स्तरको तृतीय श्रेणीबाट उच्च मा.वि. को प्राचार्य पदमा काम गर्ने अवसरसमेत मिल्ने गरी र अर्को सोहीसरहको योग्यता पुगेका विज्ञान विषयमा स्नातकोत्तर प्राप्त शिक्षक निवेदकलाई उच्च माध्यमिक विद्यालयको प्राचार्य पदमा रही सेवारत रहेको अवस्थाबाट माध्यमिक विद्यालय स्तरको शिक्षक पदमा कार्य गर्ने गरी सरूवा गरी समान अवस्थाका दुई शिक्षकका बिचमा असमान व्यवहार हुने गरी सरूवा गरिएको देखियो । यसरी निवेदकलाई निजको मनोबलमा असर पर्ने गरी तथा विपक्षी रामदेवप्रसाद कुर्मीलाई मात्र अनुकूल र सहज हुने गरी समान अवस्थाका दुई शिक्षकका बिचमा अन्यायपूर्ण र असमानजनक रूपमा सरूवा गरिएको अवस्था देखिन आउने ।

जिल्ला शिक्षा समितिको निर्णयबमोजिम निवेदक तथा विपक्षीलाई समान पदमा सरूवा गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ रहे पनि निवेदक रविभूषण रामलाई मा.वि. स्तरको प्रधानाध्यापक पदमा र विपक्षी रामदेवप्रसाद कुर्मीलाई उच्च मा.वि. स्तरको प्रधानाध्यापक पदमा सरूवा गरिएको भन्ने देखिन्छ । उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक भनेको व्यवहारतः प्राचार्य हुने भई माथिल्लो तहको विद्यालयको शैक्षिक प्रशासनको नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर प्राप्त हुनुलाई र तल्लो स्तर अर्थात् मा.वि. स्तरको विद्यालयको शैक्षिक प्रशासनको नेतृत्वदायी भूमिकामा रहनुलाई समान अवस्था भन्न न्यायसङ्गत देखिन नआउने ।

निवेदक रविभूषण राम दलित समुदायका व्यक्ति भन्ने पनि देखिन्छ । यसरी अवसरको समानताको अभावमा पछाडि पर्न बाध्य भएका वर्ग वा समुदायलाई अवसरमा अग्राधिकार दिइनुपर्ने मान्यता नेपालको संविधानको मर्म र भावनाअनुरूप समावेशीकरण एवं सामाजिक न्यायका रूपमा विशेष संरक्षण गरी प्राथमिकता दिइनुपर्नेमा सोको विपरीत प्राप्त भइरहेको अवसरबाट नै वञ्चित हुने गरी निवेदकको मनोबललाई हतोत्साहित बनाउने गरी विपक्षी जिल्ला शिक्षा समितिबाट दरबन्दी मिलानको क्रममा गरिएको भनिएको सरूवा माथि उल्लेख गरिएअनुसार कानूनले निर्धारण गरेका आधार र अवस्थाहरूअनुरूप रहे भएको नदेखिने ।

विपक्षी जिल्ला शिक्षा समिति एवं विपक्षी जिल्ला शिक्षा अधिकारीसमेतले निवेदकको सरूवाका सम्बन्धमा शिक्षा ऐन, २०२८ एवं शिक्षा नियमावली, २०५९ ले निर्दिष्ट गरेका आधार र अवस्थाबिना मिति २०७१।१।१५ मा दरबन्दी मिलानको निर्णय गरे तापनि दरबन्दी मिलान सहजीकरणका लागि विपक्षी जिल्ला शिक्षा समितिसमेतले तयार गरेको "इ-पुस्तिका २०६९" अनुकूल दरबन्दी मिलानको निर्णय भएको नदेखिएको, मिति २०७१।५।१५ को निर्णयअनुसार दरबन्दी कट्टा भएर दरबन्दी थप हुने विद्यालय सिद्धिगढी (बैरिया) मा निवेदकको सरूवा नगरी निवेदकलाई निर्णयअनुसारको दरबन्दी मिलान नभएको विद्यालय (महुवन) मा कानूनले निर्धारण गरेको सरूवाका मापदण्डविपरीत सरूवा गरेको देखिँदा यस अदालतबाट मिति २०७४।२।७ मा भएको झगडिया झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

विज्ञान विषयमा स्नातकोत्तर उत्तीर्णसमेत रहेका निवेदक रविभूषण राम माध्यमिक विद्यालय स्तर तृतीय श्रेणीका स्थायी शिक्षक भएकोमा विवाद नदेखिएको, शिक्षा ऐन, २०२८ को दफा १६(ज) अनुसार विशेष कारण परी एक तहमाथिको स्वीकृति लिई सरूवा गरिएको भन्ने नदेखिएको तथा कानूनले तोकेको सर्त र अवस्थाविपरीत हुने गरी भङ्गी साह

उच्च माध्यमिक विद्यालयको प्राचार्य पदसमेतको जिम्मेवारी वहन गरेका निवेदकलाई माथि विश्लेषण भएअनुसार दरबन्दी मिलानको गैरकानूनी विभेदीकृत एवं अन्यायपूर्ण निर्णयबाट नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (महुवन) को मा.वि. स्तर तृतीय तहको शिक्षक पदमा गरिएको सरूवा तथा विपक्षीमध्येका रामदेवप्रसाद कुर्मीलाई भङ्गी साह उच्च माध्यमिक विद्यालयमा हाजिर गराई प्राचार्यका रूपमा काममा लगाउनेसमेतका कार्यहरू शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा ५ को देहाय (च) एवं दफा १६(ज) समेतको विपरीत भएको देखिँदा विपक्षी जिल्ला शिक्षा समितिबाट भएको मिति २०७१।५।१५ को निर्णय निवेदकको हकमा गैरकानूनी भई उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई साबिकबमोजिम नै कामकाज गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश मिलेकै देखिँदा पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, प्रमाण र कानूनसमेतबाट विपक्षी जिल्ला शिक्षा समिति, पर्साको मिति २०७१।५।१५ को निर्णयअनुसार निवेदक रविभूषण रामलाई भङ्गी साह उच्च माध्यमिक विद्यालय (विश्रामपुर) बाट नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (महुवन) मा सरूवा गर्ने र विपक्षी नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, डोकैला (बहुअरी) का मा.वि. स्तर तृतीय तहका शिक्षक रामदेवप्रसाद कुर्मीलाई भङ्गी साह उच्च माध्यमिक विद्यालय (विश्रामपुर) मा सरूवा गर्ने गरेको हदसम्मको निवेदकसँग सम्बन्धित उक्त निर्णय न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिमको उत्प्रेषणको आदेशद्वारा बदर हुने तथा विपक्षी रामदेवप्रसाद कुर्मीलाई भङ्गी साह उच्च माध्यमिक विद्यालय (विश्रामपुर) बाट साबिकबमोजिमको नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, डोकैला (बहुअरी) कै दरबन्दीमा रही काम गर्ने गरी सोही विद्यालयमा पठाउनु र निवेदकलाई साबिकबमोजिम भङ्गी साह उच्च माध्यमिक विद्यालय (विश्रामपुर) को दरबन्दीमा रही साबिकबमोजिम नै कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।३० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

## १७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-०३९९, ०४००, कर्तव्य ज्यान, रामलक्षण यादव वि. नेपाल सरकार, रामरतन यादव वि. नेपाल सरकार*

रामरतन यादव, रामलक्ष्मण यादवसमेतका व्यक्तिहरू मेरो घरमा आई हुल हुज्जत गरी मलगायत मेरो छोरा रामनरेशलाई लाठीसमेतले कुटपिट गरी रहेको अवस्थामा मेरो श्रीमती रामरती घरबाट बाहिर निस्की गुहार पुकार गरी छोरालाई माथिबाट आफूले बचाउन छोपेकोमा विपक्षी रामरतन र रामलक्ष्मण यादवले यो आइमाईलाई पहिले मार्नुपर्छ भनी निजहरूसमेत सबै विपक्षीहरूले कुटपिट गरेको कारण श्रीमतीको ज्यान मर्न गएको हो भनी मृतकको श्रीमान् ब्रह्मदेव यादवले किटानी जाहेरी दिएको देखिन आएको छ । टाउकोमा लागेको चोटको कारण मृत्यु भएको भन्ने लास जाँच रिपोर्ट रहेबाट कुटपिटकै कारण मृतक रामरती देवीको मृत्यु भएको पुष्टि हुन आयो । उक्त दिन रामरतन यादवसमेतका व्यक्तिहरू जाहेरवालाको घरमा आई जाहेरवाला तथा निजको छोरासमेतलाई कुटपिट गरेकोमा रामरती देवीले बचाउन लाग्दा निजलाई कुटपिट गरी मारेका हुन् भनी जाहेरी बेहोरा समर्थन हुने गरी दिगम्बर यादव, रामगणेश यादव,

मनोजकुमार यादवसमेतले मौकामा कागज गरेको देखिन्छ। वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत सोहीअनुसारको बेहोरा लेखाएको देखिने।

जाहेरवाला ब्रह्मदेव यादव तथा प्रहरीमा कागज गर्ने र वस्तुस्थिति मुचुल्काको मानिसहरू रामगणेश यादव, मनोज यादव, लक्ष्मण यादव, दिगम्बर यादव र प्रदिपकुमार यादवले सुरू अदालतमा गरेको बकपत्रबाट पनि यी प्रतिवादीहरू रामरतन र रामलक्ष्मणले वचन दिई अन्य प्रतिवादीहरूसमेतले रामरतीलाई कुटपिट गर्दा निजको मृत्यु भएको हो भन्ने देखिन आएको छ। जाहेरवालाको किटानी जाहेरी, मौकामा कागज गर्ने मानिसहरूले लेखाएको बेहोरा तथा अदालतमा गरेको बकपत्र, पोष्टमार्टम रिपोर्टसमेतका कागज प्रमाणबाट उक्त वारदातमा यी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता रहेको पाइने।

उपर्युक्त तथ्यबाट यी प्रतिवादीहरूसमेत संलग्न भई मृतकसमेतलाई कुटपिट गरेको कारण मृतकको मृत्यु भएको देखिँदा यी दुवैजना प्रतिवादीहरूको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६३।१२।२६ को फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७२।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

यी प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नदेखिएको, जाहेरवाला ब्रह्मदेव र निजको छोरा रामनरेशलाई यी प्रतिवादीहरूले कुटपिट गर्न लागेको अवस्थामा जाहेरवालाकी श्रीमती रामरती देवीले हार गुहार गर्दै छोरासमेतलाई बचाउन जाँदा तत्काल आवेशमा रहेका प्रतिवादीहरूको कुटपिटबाट मृतक रामरतीको मृत्यु हुन गएको देखिन आएको र सहप्रतिवादीहरू रामराजी यादव र रन्जीत यादवको हकमा अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी फैसला भएको हुँदा सोहीबमोजिम प्रतिवादीहरू रामरतन यादव र रामलक्ष्मण यादवलाई जनही १० वर्ष कैद हुन व्यक्त भएको राय मनासिब देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : महेश खनाल

इति संवत् २०७५ साल असार १२ गते रोज ३ शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७२-CI-०६०३,* लिखत दर्ता बदर दर्ता, *देवकुमार श्रेष्ठ वि. बट्टाई पोखरेलसमेत*

विवादित जग्गाका राजीनामा पारित गरी दिने गोविन्दप्रसाद पोखरेल र यी प्रत्यर्थी वादीहरूका नाता एवम् पारिवारिक पृष्ठभूमि सम्बन्धमा हेर्दा मूल पुरूष शिवदत्तका तीन पत्नीहरू भद्रकुमारी, भवकुमारी र जशोदा भई भद्रकुमारीतर्फ काजीराम भन्ने इन्द्रबहादुर, भवकुमारीतर्फ काले भन्ने कृष्णबहादुर, जसोदातर्फ गोविन्द एक एक छोरा सन्तान रहेका, काजिराम भन्ने इन्द्रबहादुरका तीन छोराहरू भएका, काले भन्ने कृष्णबहादुरको पत्नी विष्णुकुमारी भई निजहरूका दुई छोरा रामकुमार र भिमसेन भएका, गोविन्दप्रसादका दुई पत्नी बट्टाई र निरूदेवी भई निरूदेवीतर्फ एक छोरा सुनिल भएका, मूल पुरूष शिवदत्त अघि नै परलोक भई निजका तीनै पत्नीहरू र छोराहरूसमेत परलोक भइसकेको र गोविन्दप्रसादको मृत्यु भएपछि निज गोविन्दप्रसादको हकदार वादी बट्टाई, सुनिलकुमार र प्रतिवादी निरूदेवीसमेत तीनजना रहेको देखिने।

विवादित कि.नं.३०, ३१ र ३२ का जग्गाको स्रोतका सम्बन्धमा हेर्दा मूल पुरूष शिवदत्त एवं निजका पत्नीहरू भद्रकुमारी र भवकुमारीसमेत परलोक भएपछि एक मात्र जीवित पत्नी जसोदा रहेको अवस्थामा शिवदत्तका नाउँको साबिक दर्ता

स्रेस्ताबमोजिमका उल्लिखित काठमाडौं जिल्ला भिमढुङ्गा गा.वि.स.वडा नं.६(ग) कि.नं.३० को क्षे.फ.२–४–०-०, ऐ.ऐ.कि.नं.३१ क्षे.फ.२–०–०-० र ऐ.ऐ.कि.नं.३२ को क्षे.फ.१–४–०-० जग्गा मालपोत कार्यालय, काठमाडौंको मिति २०४८।११।१५ को निर्णयबमोजिम निज जशोदाको नाउँमा नामसारी दा.खा.दर्ता भएको देखिन्छ । निज शिवदत्तका पत्नी छोराहरूसमेतका बिच अंशबन्डा भए गरेको भन्ने मिसिल प्रमाणहरूबाट देखिन आएको छैन । प्रतिवादी निरूदेवी पोखरेलले मूल पुरूष शिवदत्तका तीन श्रीमतीतर्फका सन्तानका बिच अंशबन्डा भइसकेको भनी उल्लेख नगरेकाले शिवदत्तका छोरा नातिहरूका बिच अंशबन्डा भएको भन्ने देखिन आएन । दाबीको लिखतको उक्त कि.नं. ३०, ३१ र ३२ का जग्गाहरू मूल पुरूष शिवदत्तको नामबाट जसोदाको नाउँमा नामसारी भई आएकोले सो जग्गा पैतृक सम्पत्ति नै रहे भएको देखिने ।

अर्कोतर्फ मिति २०४८।११।१५ मा जसोदाले उक्त जग्गाहरू नामसारी गराएउपर शिवदत्तको श्रीमती भवकुमारीतर्फबाट जन्मेका छोरा काले भन्ने कृष्णबहादुरको श्रीमती विष्णुकुमारी र छोराहरू रामकुमार र भीमसेनले दायर गरेको निर्णय दर्ता बदर (पुनरावेदन अदालत पाटनको संवत् २०५५ सालको दे.पु.नं. २४१०) मुद्दा र जसोदाकुमारीको मृत्युपछि उल्लिखित जग्गा निज जसोदाकुमारीका तर्फबाट जन्मेका गोविन्दप्रसाद पोखरेलले मिति २०५८।१।१३ मा नामसारी निर्णय गराएउपर यिनै रामकुमार पोखरेल र भीमसेन पोखरेलले दायर गरेको निर्णय दर्ता बदर (पुनरावेदन अदालत पाटनको २०६६ सालको दे.पु.नं.२०२८) मुद्दाहरूमा विवादमा आएको उल्लिखित कि.नं. ३०, ३१ र ३२ का जग्गाहरू सगोलको पैतृक सम्पत्ति सगोलको अंशियारमध्ये जसको नाउँमा नामसारी भए पनि सगोलको अंशियारको हकमा असर नपर्ने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्तिम रहेको उक्त मुद्दाका प्रमाण मिसिलहरूबाट देखिएको छ । यसरी हेर्दा दाबीको कि.नं.३०, ३१ र ३२ को पैतृक सम्पत्ति नै रहेको तथ्य स्थापित भएको र तहतह नामसारी दा.खा.दर्ता हुँदै गोविन्दप्रसादका नाममा कायम हुन आएको देखिँदा नामसारी निर्णय बदर नभए पनि उक्त सम्पत्तिमा प्रत्यर्थी वादीहरूको साम्पत्तिक हक समाप्त भएको भनी अर्थ गर्न मिल्ने देखिएन । अर्कोतर्फ विवादित जग्गा राजीनामा लिखत पारित गरी दिँदा प्रत्यर्थी वादीहरूको मन्जुरी लिएको वा अन्तर साक्षी बसेको अवस्था उपर्युक्त लिखतबाट देखिन आएन । मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. समेतको प्रतिकूल हुने गरी दाबीको लिखत पारित भए गरेको देखिन आएबाट गोविन्दप्रसाद पोखरेलले हक छाडी दिएको लिखतले कानूनी मान्यता पाउने र प्रत्यर्थी वादीहरूको हक जाने भनी अर्थ गर्न नमिल्ने हुँदा वादीहरूको हक पुग्ने तीन भागको १ भागबाट चार भागको दुई भागसम्म लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा देखिन नआउने ।

तसर्थ, विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई दाबीको मिति २०६६।१२।५ मा पारित भएको र.नं.९७००(क) को लिखतमध्ये तीन भागको एक भागमध्ये चार भागको दुई भाग लिखत बदर भई वादीहरूको नाउँमा संयुक्त दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल श्रावण २९ गते रोज ४ शुभम् ।

- यसमा समान तथ्य र प्रकृतिको ०७२-CI-०६०४, लिखत दर्ता बदर दर्ता, देवकुमार श्रेष्ठ वि. रामकुमार पोखरेलसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-०६८३, ज्यान मार्ने उद्योग र डाँका, नेपाल सरकार वि. फूर्वा लामासमेत

डाँका चोरीका लागि आवश्यक संख्यामा ऐनले तोकिएबमोजिमका मानिसहरू हुँदैमा मात्र डाँका चोरी गरेको भन्ने हुँदैन। डाँकाको कसुर स्थापित हुनका लागि मुलुकी ऐन, चोरीको महलको ४, ५ र ६ नं. मा भएका जबरजस्ती चोरी र रहजनी चोरीका रीतलाई अवलम्बन गरेको हुनुपर्छ। प्रस्तुत वारदातमा मिसिल संलग्न तथ्यगत आधारमा त्यसप्रकारको अवस्था रहेभएको देखिन नआउने।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रही गरिदिएको बयान कागज मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको देखिँदैन। फौजदारी मुद्दामा अभियुक्त कसुरदार हो भन्ने देखिने वस्तुनिष्ठ प्रमाण पेस गरी शंकारहित तवरबाट वादी पक्षले पुष्टि गर्नुपर्दछ। शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको छ। प्रस्तुत मुद्दामा उल्लिखित पुनरावेदक प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिम मिति २०७३।३।२१ को डाँकाको वारदात गरेको भन्ने कुरा सबुद प्रमाणबाट स्थापित हुन आएको नदेखिने।

प्रस्तुत मुद्दामा बरामदी मुचुल्काका मानिसहरू र मौकाका मानिसहरूले अदालतमा बकपत्र गर्दा बरामद भएको हतियार आफ्नो सामुन्नेमा बरामद नभएको, मुचुल्कामा भएको बेहोरा आफ्नो नभएको भनी उल्लेख गरेको अवस्था छ। निजहरूको उक्त बकपत्रमा लेखिएको बेहोरालाई प्रमाणमा लिन मिल्ने नै हुँदा प्रस्तुत मुद्दामा खडा गरिएको बरामदी मुचुल्कालाई विश्वसनीय मान्न सकिने अवस्था नदेखिने।

प्रस्तुत मुद्दाका प्रतिवादीहरू फूर्वा लामा, दीपक लामा, आशिक पौडेल भन्ने सुनिल पौडेल, जीवन आलेमगर भन्ने रेशम आलेमगर, केशव जर्गामगर, बाङ्गे भन्ने सुदिप वि.क., बाबु लामा, दावा लामा, विशाल आलेमगर, कान्छा भन्ने अमृत लामा, सन्जय लामालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, चोरीको १, ६ नं. को कसुरमा ऐ. १४(४) नं. बमोजिम जनही सजाय ६ वर्ष कैद र रू.५०,९२७।१४५ जरिवाना र प्रतिवादीहरू सुदिप मगर भन्ने सुदिप स्वराङ्गीमगर, अशोक खत्री, लीलाबहादुर खत्री र नेत्रबहादुर जर्गामगरलाई ऐ.ऐ. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम जनही ३ वर्ष कैद र रू.२५,४६३।५७ जरिवाना हुने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट भएको मिति २०७३।०८।१६ को फैसला मिलेको नदेखिँदा सो हदसम्मको उक्त फैसला केही उल्टी गरी प्रतिवादीहरूले मुलुकी ऐन, चोरीको १ र ६ नं. को कसुरमा ऐ. १४(४) नं. बमोजिमको अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला अन्यथा नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादीहरू फूर्वा लामा, दीपक लामा, आशिक पौडेल भन्ने सुनिल पौडेल, जीवन आलेमगर भन्ने रेशम आलेमगर, केशव जर्गामगर, बाङ्गे भन्ने सुदिप वि.क., बाबु लामा, दावा लामा, विशाल आलेमगर, कान्छा भन्ने अमृत लामा, सन्जय लामा, सुदिप मगर भन्ने सुदिप स्वराङ्गीमगर, अशोक खत्री, लीलाबहादुर खत्री र नेत्रबहादुर जर्गामगरले डाँकातर्फको अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४।०३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-१२१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विमल घर्तीमगर भन्ने विमल पुन*

प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको बयान बेहोरा, चिकित्सकको बकपत्र र मौकामा कागज गर्ने मानिसहरूको भनाइ, मिसिल संलग्न अन्य कागज प्रमाणबाट घटना घट्दाका बखत निजको मानसिक अवस्था ठिक रहेको तथा निजले गरेको कामको प्रकृति र परिणाम बुझ्न सक्ने अवस्थामा रहेको भन्न सकिने अवस्था देखिँदैन । मानसिक अवस्था ठिक रहेको व्यक्तिले श्रीमतीसँग हुने सामान्य झगडाकै कारण श्रीमती तथा नाबालिका छोरीलाई निर्मम तरिकाले हत्या गर्ने अवस्था हुँदैन । प्रतिवादीले श्रीमती र नाबालिका छोरीलाई मार्नुपर्नेसम्मको कारण अनुसन्धानबाट खुल्न आएको नदेखिने ।

प्रतिवादी विमल पुनलाई मानसिक उपचारार्थ अमृता फाउन्डेसन नेपाल संस्थामा ७५ दिन राखिएको र कडा खालको मानसिक रोग F.20 Schizophrenia लागेको भनी लेखी आएको देखिएको साथै निज प्रतिवादीको उपचारमा संलग्न डा.मोहनराज श्रेष्ठले मानसिक रोग Schizophrenia लागेको भनी बकपत्र गरेको देखिएबाट प्रतिवादीलाई कडा मानसिक रोग लागेको थप पुष्टि भएको देखिन आएकाले निज प्रतिवादीलाई कानूनले तोकेको कुनै प्रकारको सजाय हुन सक्ने अवस्था देखिन नआउने ।

यसरी प्रस्तुत मुद्दाका प्रतिवादी विमल घर्ती भन्ने विमल पुनको कर्तव्यबाट आफ्नै श्रीमती र छोरीको हत्या भएको देखिएको अवस्था भएको र निज प्रतिवादीलाई कडा मानसिक रोग लागेको भन्ने मिसिल प्रमाणबाट देखिएको अवस्थामा मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम निज प्रतिवादीलाई कुनै सजाय नहुने गरी फैसला गर्नुपर्नेमा सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०७३।०३।०८ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम कुनै सजाय नहुने ठहऱ्याई भएको उच्च अदालत पोखराको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

अतः उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादी विमल पुनले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७४।०२।२३ को फैसला सदर हुने ।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१३०३, अपहरण तथा शरीर बन्धक लिने उद्योग र विष्फोटक पदार्थ, *नेपाल सरकार वि. आकाश घर्ती भन्ने पर्शुराम घर्ती*

प्रतिवादी आकाश भन्ने पर्शुराम घर्तीले मिसिल संलग्न प्रमाण कागजहरूबाट मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको २ नं. मा उल्लिखित कानूनी व्यवस्थाविपरीतको कसुरजन्य कार्य गरेको भन्ने देखिन प्रमाणको अभाव रहेको ।

प्रस्तुत मुद्दामा प्रतिवादी आकाश भन्ने पर्शुराम घर्तीले उल्लिखित कानूनी व्यवस्थाविपरीतको कसुरजन्य कार्य गरेको भन्ने प्रमाणित हुन सकेको देखिँदैन । यी प्रतिवादीबाट अभियोग दाबीबमोजिमको विष्फोटक पदार्थ बरामद भएको भन्ने नदेखिने ।

यसरी प्रस्तुत मुद्दाका प्रतिवादी आकाश भन्ने पर्शुराम घर्तीबाट दशीको रूपमा कुनै चिजवस्तु बरामद हुन नसकेको, यी प्रतिवादीलाई पोल गर्ने सन्तकुमार पुन, प्रेमबहादुर वि.क.,जीवन शाहसमेतले अभियोग दाबीबाट सफाइ पाउने ठहर भई पुनरावेदन अदालत

तुलसीपुरबाट समेत फैसला भइसकेकाले सोही आधार, प्रमाणबाट प्रतिवादी आकाश भन्ने पर्शुराम घर्तीलाई सफाइ दिने गरी ठहऱ्याएको दाङ देउखुरी जिल्ला अदालतको मिति २०६९।१०।१७ को फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्थालगायत मिसिल संलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादी आकाश भन्ने पर्शुराम घर्तीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।३।७ को फैसला सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-CI-०२०२, ०४५८, बकसपत्र दर्ता बदर, युगेश्वर मण्डल केवट वि. मनटुटिया देवी मण्डलसमेत, मनटुटिया देवी मण्डल केवटसमेत वि. युगेश्वर मण्डल केवट*

वादीहरू र प्रतिवादी युगेश्वर मण्डलको आमा संझादेवी मौजे मण्डलका श्रीमती वर्तनिया र ननुवतीका छोरीहरू हुन् भन्ने कुरामा विवाद छैन। मौजे मण्डलका दुई पत्नीहरूबाट जन्मिएका सन्ताहरूमा छोरा नजन्मिएका र पाँच छोरीहरू भई पाँचैजना विवाहित भएकोमा पनि विवाद देखिँदैन। यसरी हेर्दा मौजे मण्डल र निजका पत्नीहरूको मृत्युपश्चात्का अपुताली खाने हकदारमा यी पाँच छोरीहरू रहेको देखिन्छ। त्यसरी मौजे मण्डलको हक भोगको सम्पत्ति यी पाँच छोरीहरूको बराबर हक हुनेमा संझादेवीले गाउँ विकास समितिबाट एकलौटी हकभोग रहेको भन्ने सिफारिस गराई आफ्नो छोरा युगेश्वर मण्डललाई बकस गरिदिएको विषयमा विवाद देखिन्छ। पुनरावेदक प्रतिवादी युगेश्वर मण्डलले सुरूदेखि यस अदालतमा पुनरावेदन दर्ता गर्दासमेत प्रस्तुत फिराद दानबकसको ५ नं. ले व्यवस्था गरेको हदम्याद नाघी दायर भएकोले प्रस्तुत मुद्दा खारेज हुनुपर्ने भनी जिकिर लिएकाले सर्वप्रथम प्रस्तुत मुद्दाको फिरादपत्र हदम्यादभित्रको छ, छैन भन्ने सम्बन्धमा हेर्दा मुलुकी ऐन, दानबकसको ५ नं. मा आफूले दान बकस पाएको कुरामा आफ्नो हक पुगेको मितिले र दिन नहुने दान बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले २ वर्षभित्र नालेस नदिए लाग्न सक्दैन भन्ने उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दामा विवादमा आएको घर जग्गा नापी दर्ता नभएको स्ववासी रहेको भन्ने देखिएको छ। सो घर जग्गा पुनरावेदक प्रतिवादी युगेश्वर मण्डललाई एकासगोलकी आमा सम्झादेवीले हालैदेखिको बकपत्रको लिखत गरी दिएको देखिने।

यसरी सगोलका आमा छोराका बिच भएको लिखतका विषयमा विवाहित वादीहरूलाई तत्काल जानकारी हुन सक्ने अवस्था नभएको र विवादित लिखतको घर जग्गा खेतीयोग्य जग्गा नभई बसोबासको घर रहेको देखिन्छ। विवादित घर जग्गामा प्रतिवादी र निजको आमा सम्झादेवीसमेतको बसोबास रहेको भन्ने देखिन्छ। आफूहरूकै भोग चलनमा रहेको घर जग्गा आपसमा आमा छोरा मिलेर हालैदेखिको बकसपत्र लिखत गरेकोले बकस प्राप्त गर्ने यी प्रतिवादीको हक पुगी भोग चलन गरेको देखिने अवस्था प्रस्तुत विवादमा देखिँदैन। साबिकदेखि प्रतिवादीकै भोग कब्जामा रहेको घर जग्गाको आपसमा गरेको बकसपत्रका आधारमा हक पुगी भोगचलन गरेको देखिने अवस्थाको सिर्जना नै नहुने हुनाले प्रस्तुत मुद्दामा प्रतिवादी युगेश्वर मण्डलले २०६०।४।२२ मा एकासगोलकी आमाबाट गराई लिएको लिखत मितिबाटै मुलुकी ऐन, दानबकसको महलको ५ नं. मा उल्लेख भएको हदम्याद कायम हुन्छ भन्नु कानूनसङ्गत देखिँदैन। आफ्नै भोग चलनमा रहेको अन्य व्यक्तिहरूको समेत हक निहित रहेको घरजग्गा आपसमा मिली एकलौटी

हक कायम गर्ने उद्देश्यबाट आफ्नु मात्र नाउँमा गराई लिएको बकसपत्रको जानकारी हक पुग्ने अन्य हकदारले जहिले थाहा पाउँछन् सोही मितिबाट उक्त ऐनको हद म्याद लागु हुने देखिएकोले प्रस्तुत मुद्दाको फिरादपत्र मुलुकी ऐन, दानबकसको ५ नं. को हदम्यादभित्र दायर नभएको भन्ने प्रतिवादीको जिकिर कानूनसङ्गत देखिन नआउने।

वादीहरू र प्रतिवादी युगेश्वर मण्डलको आमा सम्झादेवी, स्व. मौजे मण्डलको समान हकदार छोरीहरू रहेकोमा विवाद छैन । प्रतिवादी युगेश्वर मण्डलले विवादित लिखतभित्रको घर जग्गामा आफ्नु पैतृक घर जग्गासमेत रहेको भन्ने जिकिर लिए पनि निजले आमा सम्झादेवीबाट बकसपत्रको लिखत गराउन सम्बन्धित गाउँ विकास समितिको कार्यालय, धवौलीबाट मिति २०६०।३।२ मा लिएको सिफारिसमा मौजे मण्डलको हक खाने एक मात्र छोरी सम्झादेवी प्रतिवादीकी आमा रहेको भन्ने उल्लेख गरेबाट विवादित लिखतभित्रको घरजग्गा प्रतिवादी युगेश्वर मण्डलको पैतृक घर जग्गासमेत रहेको भन्ने देखिन नआउने।

पुनरावेदक प्रतिवादी युगेश्वर मण्डललाई हालैको बकसपत्र गरिदिन गाउँ विकास समितिको कार्यालय धवौलीबाट गराई लिएको मिति २०६०।३।२ को सिफारिस जालसाज ठहर गरिपाउँ भनी यिनै वादीहरूले दायर गरेको दु.फौ.नं. २३९ को जालसाजी मुद्दामा जालसाजी ठहर भई अन्तिम रहेको प्रमाणमा आएको सो जालसाजी मुद्दाको मिसिलबाट देखिएको छ। त्यसैगरी यी वादीहरूले उल्लिखित गाउँ विकास समिति कार्यालयबाट मौजे मण्डलका हकदार यी वादीहरूसमेत हुन् भनी गराई लिएको सिफारिससमेत जालसाज ठहर गरिपाउँ भनी यिनै पुनरावेदक प्रतिवादी युगेश्वर मण्डलले दायर गरेको दु.फौ.नं. ३९३ को जालसाजी मुद्दामा वादी दाबी नठहर्ने भनी भएको फैसला अन्तिम रहेको देखिने।

विवादको जग्गा सर्भे नापीबाट व्यक्ति विशेषका नाममा कित्ता कायम भई नाप नक्सा भएको जग्गा नभई गाउँ ब्लकको स्वबासी जग्गा देखिएको छ । जसको प्रमाण निरन्तर र निर्विवाद भोग हो भन्ने तथ्यलाई यस अदालतबाट प्रतिपादित सिद्धान्तले समेत स्वीकार गरिसकेको छ। २०६३।९।५ मा भई आएको गाउँ सर्जमिन मुचुल्काबाट वर्तनिया र ननुवतिका गरी ५ जना छोरीहरू रहेको र वर्तनिया र ननुवत्ति एकासगोलमा नै रहेको अवस्थामा स्वर्गीय भएको मूल पुरूष मौजे मण्डलको हक खाने ५ जना छोरीहरू हुन् भनी उल्लेख भएको, त्यसैगरी सोही मितिको हकदार प्रमाणित गरिएको भन्ने धवौली गाउँ विकास समितिको पत्रमा पनि सोही बेहोरा उल्लेख भई मौजे मण्डलको हक खाने ५ जना छोरीहरू भएको प्रमाणित गरेको देखिन्छ। साबिक मुलुकी ऐनको अपुतालीको महलको २ नं. मा अपुताली परेको व्यक्तिले कुनै लिखत गरिदिएकोमा सोही लिखतबमोजिम र त्यस्तो लिखत गरी नदिएकोमा देहायका व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ । सोही व्यक्तिले अपुताली पाउँछ भन्ने व्यवस्था छ। जसमाः-

(क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,
(ग) सगोलका बाबु आमा, सौतेनी आमा, छोरा छोरीतर्फका नाति नातिनी, नातिनी बुहारी,
(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु आमा, सौतेनी आमा, विवाहिता छोरी।

यसरी अपुतालीको हक प्राप्त गर्ने हकदारको उल्लिखित प्राथमिकता क्रमअनुसार हेर्दा मूल पुरूष मौजे मण्डलका श्रीमती दुवैको मृत्यु भएको, छोरा कोही जायजन्म नभएको र छोरीहरू पाँचैजनाको विवाह भइसकेको र अपुताली परेको व्यक्तिले कुनै छोरी वा अरू कसैलाई कुनै बेहोराको लिखत गरी दिएको अवस्था पनि नभएकोले अपुतालीको महलको उक्त २(घ) अनुसार पाँचैजना छोरीहरूको मौजे मण्डलको सम्पत्तिमाथि बराबर हक हुनेमा सो नगरी जिल्ला

अदालतको फैसला केही उल्टी गरी आधी घर घडेरी प्रतिवादी युगेश्वरको हुने र बाँकी आधीको पाँच भागको चार भाग बदर भई केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको नदेखिने ।

तसर्थ विवादित घर जग्गामा प्रतिवादी युगेश्वर मण्डलको पैतृक घर जग्गा रहे भएको भन्ने नदेखिएको र एकासगोलको सम्पत्ति आमाले छोरालाई गरिदिएको स्वामित्व हस्तान्तरणबाट सो हस्तान्तरण भएको सम्पत्तिमा अन्य हक पुग्ने हकदारहरूको हकमा असर पर्ने हुँदा विवादित घर जग्गाको अपुताली हक प्रतिवादीको आमा संझा तथा यी वादीहरूको बराबर हक लाग्ने देखिएकोले पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१०।८ को फैसला केही उल्टी भई दाबीको लिखतको ५ भागको ४ भागमा वादीहरूको हक पुग्ने देखिएकोले दाबीको लिखतको ५ भागको ४ भाग बदर हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भदौ ५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CI-१०२५, लेनदेन, *विष्णुकेशरी श्रेष्ठ वि. माइली खड्का*

वादीले खरिद गरिलिएको सम्पूर्ण जग्गा मिति २०६७।६।१४ सम्ममा बिक्री गरिसकेको देखिन्छ । एकातर्फ आफ्नो हक टुटेको जग्गा बिक्री गर्ने र अर्कोतर्फ हक टुटेको जग्गाको थैलीमा दाबी गरी दोहोरो फाइदा लिने उद्देश्य रहेको देखिन्छ । मिति २०६७।६।१४ सम्ममा वादीले बिक्री गरेको जग्गा खरिद गर्ने व्यक्तिहरूले हालसम्म आफूहरूले खरिद गरेको जग्गा कच्चा भएतर्फ वादीउपर दाबी गरेको भन्ने वादीको भनाइ रहेको देखिँदैन । खरिद गरेको जग्गाको केही अंश लिखत बदर भएमा बदर भएको जग्गामा परेको थैली र सोको ब्याजसमेत साहुलाई भराइ दिने व्यवस्था खरिद गरी लिने व्यक्तिको हकको संरक्षण गर्ने अर्थात् कच्चा भए जति जग्गामा परेको थैली भराइ दिने हो । तर प्रस्तुत मुद्दामा आफूले खरिद गरी लिएको जग्गाको लिखित बदर भएको हिस्सासमेत अन्य व्यक्तिहरूलाई बिक्री गरी वादीले आफ्नो थैली असुल गरिसकेको उल्लिखित व्यवहारबाट प्रमाणित भइरहेको देखिएकोले यी वादीलाई आर्थिक क्षति पुग्न गएको अवस्था नदेखिएकोले दोहोरो थैली असुल गर्ने उद्देश्यबाट लिएको दाबी पुग्न सक्ने नदेखिने ।

तसर्थ, दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा थैली भराइदिने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।७ को फैसला नमिलेकोले उल्टी भई वादी दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल फाल्गुण २९ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०६५७, लागु औषध (अफिम), बिर्खे कार्की वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाका प्रतिवादी बिर्खे कार्कीले आफूबाट बरामद भएको लागु औषध अफिम नेत्र बुढाले शिलाजित हो भनी मगाएको भन्ने बयान गरे पनि निज नेत्र बुढाको परिचय एवम् फोन नम्बरसमेत खुलाउन सकेको देखिँदैन । त्यसैगरी बरामदी लागु औषध दिने भनिएकी कोहलपुरकी महिलाबारे पनि यी पुनरावेदकले केही खुलाउन नसकेकाले आफूबाट बरामद भएको लागु औषधको कसुरबाट बच्न उनाउ व्यक्तिले ल्याइदिनु भएकाले ल्याइदिएको भनी अस्तित्व नै देखाउन नसकेका व्यक्तिहरू उल्लेख गरेको देखिएकाले यी पुनरावेदकले बयानमा नाम खुलाएका व्यक्तिहरूबारे बुझ्ने अवस्था रहेको देखिन

आउँदैन । जहाँसम्म पुनरावेदकले लागु औषध बिक्री नभएको, त्यसबाट कसैलाई हानि नोक्सानी नभएको र आफूलाई समेत फाइदा नभएको भन्ने उल्लेख गरेतर्फ हेर्दा पुनरावेदकबाट ठुलो परिमाणको लागु औषध बरामद भएको छ । सो लागु औषध बोकेर हिँडिरहेको अवस्थामा यी पुनरावेदक पक्राउ परेको अवस्था छ । निषेधित लागु औषध साथमा राखी ओसारपसार गर्नुले पनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) मा उल्लेख भएको निषेधित कार्य गरेको देखिएकाले बिक्री वितरण नगरेको, कसैलाई हानि नोक्सानी नभएको र आफूले फाइदा नउठाएको आधारमा सजाय हुनु नपर्ने भन्ने पुनरावेदकको तर्क कानूनसङ्गत देखिन नआउने ।

यसरी पुनरावेदक प्रतिवादी बिर्खे कार्कीबाट बरामद भएको वस्तु निषेधित लागु औषध अफिम रहेको तथ्य वैज्ञानिक परीक्षणबाट प्रमाणित भएको र सो लागु औषध आफूबाट बरामद भएको तथ्य निजले स्वीकारी रहेको अवस्थामा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) समेतको कसुर गरेको ठहऱ्याएको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायलको फैसला अन्यथा देखिन नआउने ।

अतः विवेचित आधार, कारण, कानूनी व्यवस्थासमेतबाट यी पुनरावेदक प्रतिवादी बिर्खे कार्कीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(३) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू .५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना गर्ने गरेको सुरूको फैसला सदर गरेको उच्च अदालत दिपायलको मिति २०७५।१।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भदौ १० गते रोज ३ शुभम् ।

## इजलास नं.७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७१-CI-१६२८, हालैदेखिको बकसपत्र दर्ता बदर दर्ता कायम, सलमा खातुन फकिर वि. मोहम्मद शाहसमेत*

प्रतिवादीहरूमध्येका अब्दुल रहिम वादीहरूका पति बाबु भई एकासगोलमा रहे भएको कुरामा विवाद देखिँदैन । अब्दुल रहिमले प्रतिवादी सलमा खातुनलाई मिति २०६८।८।१ मा बकस गरिदिएको सम्पत्ति एकासगोलको भई यी वादीहरूको समेत हक लाग्ने देखिन्छ । अर्कोतर्फ लोग्ने वा बाबु आमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोराछोरी र श्रीमतीको लागि पैतृक सम्पत्ति मान्नु नै पर्ने ने.का.प.२०६४, पृष्ठ १४०, नि.नं. ७८१४, सावित्रीसमेत विरूद्ध पार्वती थापासमेत रहेको अंश चलन मुद्दामा सिद्धान्त प्रतिपादित भएको पाइन्छ । एकासगोलमा रहेका कुनै पनि सदस्य वा परिवारका नाममा रहेको सम्पत्तिमा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलको सम्पत्ति रहेको अनुमान गरी सगोलका सबै अंशियारको हक लाग्छ भन्ने भएको कानूनी व्यवस्था पनि प्रस्तुत मुद्दामा मनन गर्नुपर्ने नै देखिन्छ । प्रतिवादी अब्दुल रहिमले आफ्नो नाउँमा दर्ता रहेको जग्गा निजको आफ्नै दिदी प्रतिवादी सलमा खातुनलाई हालैदेखिको बकसपत्र गरिदिएको पाइने ।

प्रस्तुत विवादमा अब्दुल रहिमले प्रतिवादीमध्येकी सलमा खातुनलाई हालैदेखिको बकसपत्र गरिदिएको देखिँदा घरव्यवहार चलाउनको लागि जग्गा दिएको भन्न मिलेन । वादीहरूको मन्जुरी लिएर अब्दुल रहिमले सलमा खातुनलाई हालैको बकसपत्र लिखत गरिदिएकोसमेत मिसिल संलग्न

कागज प्रमाणबाट पुष्टि भएको देखिँदैन । वादीहरूको समेत हक लाग्ने सम्पत्ति हालैको बकसपत्र गरिदिएको देखिँदा हालैको बकसपत्रबाट पारित गरिदिएको उक्त सम्पत्ति वादीको पति / पिताको मात्र आफूखुस गर्ने सम्पत्ति रहेको मान्न मिलेन । आफ्नो पालामा आर्जेको भनी वादीहरूको मन्जुरी लिन नपर्ने तर्क गरी वादी दाबी नपुग्ने ठहऱ्याई गरेको सुरू फैसला उल्टी गरी वादी दाबीबमोजिम दक्षिणतर्फबाट ५ भागको ४ भाग लिखत दर्ता बदर भई वादीहरूका नाममा दर्ता कायम हुने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई उल्लिखित कानूनी व्यवस्था तथा तथ्यको विवेचनाको परिप्रेक्ष्यमा अन्यथा भन्न मिल्ने देखिएन । प्रतिवादी अब्दुल रहिमले पैतृक सम्पत्ति नभई अब्दुल्लाह शाहबाट मिति २०६७।१।२ मा निजी आर्जन गरी पारित गरिलिएको जग्गा मलाई हालैको बकसपत्र गरी पारित गरिदिएकोले उक्त दाबीको जग्गाको लिखत बदर हुनुपर्ने होइन भनी प्रतिवादी सलमा खातुन फकिरले लिएको पुनरावेदन जिकिर र निजका तर्फबाट रहनुभएका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।१।७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादी अब्दुल रहिम शाहले सलमा खातुनलाई पारित गरिदिएको मिति २०६८।८।१ को हालैदेखिको बकसपत्रको दक्षिणतर्फबाट ५ भागको ४ भाग लिखत दर्ता बदर भई वादीहरूका नाममा दर्ता हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७१।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७४ साल पुष १७ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको ०७१-CI-१६२७, घर भत्काइ पाउँ, सलमा खातुन फकिरसमेत वि. मोहम्मद शाहसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७२-CR-१०३८, कर्तव्य ज्यान, *महादेवी भन्ने महवादेवी वि. नेपाल सरकार, नेपाल सरकर वि. छविलाल रायसमेत*

अदालतमा बयान गर्दासमेत अनुसन्धान अधिकारीले ज्यान मार्ने धम्की दिएको भनी पुनरावेदनमा उल्लेख गरे पनि सो कुरा मिसिल कागजातहरूबाट नदेखिएको हुँदा केवल सजायबाट उन्मुक्ति पाउने उद्देश्यबाट उक्त जिकिर लिएको देखिन्छ। अदालतसमक्षको साबिती बयानलाई अन्यथा प्रमाणित नभएको अवस्थामा इच्छा विरूद्ध जोर जबरजस्तीबाट गराइएको भनी मान्न सकिने अवस्था देखिन आएन । अदालतसमक्षको साबिती बयानलाई प्रत्यक्ष प्रमाणको रूपमा लिन मिल्ने नै देखिँदा महवादेवीको कर्तव्यबाट नै नाबालकको हत्या भएको निर्विवाद पुष्टि भइरहेको देखिँदा निजको उक्त जिकिरसँग सहमत हुन सकिएन । यस अवस्थामा निज प्रतिवादी महादेवी भन्ने महवादेवी यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसारको कसुर गरेको ठहऱ्याई सोहीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

अब पुनरावेदन नगर्ने प्रतिवादी छविलाल रायको हकमा पुनरावेदन अदालतको फैसला मिले नमिलेको सम्बन्धमा साधकको रोहमा विचार गर्दा निज अनुसन्धानका बखत फरार रहेका र अदालतमा उपस्थित भई बयान गर्दा आफू सो वारदातमा संलग्न नरहेको, सो वारदात हुनु एक महिनापूर्व नै वैशाखमै भारतको पञ्जावमा ज्याला मजदुरीको काम गर्न गएको भनी कसुरमा इन्कार रहे पनि सहप्रतिवादी महवाले

अदालतमा बयान गर्दा प्रतिवादी छविलालले आफ्ना भान्जालाई मन्दिरमा लगी बेहोस पारी सुताएका थिए । त्यसपछि बिउँझाए, मसँग पानी मागे पानी ख्वाएपछि फेरि छविलालले सुताइदियो र "तरबारले दुई पटक हानी दुई टुक्रा पारिदियो" भनी र मौकाको बयानमा भने "पहिले घाँटीसम्म मैले काटेँ र त्यसपछि बाँकी रहेको आधी भाग छविलाल रायले काटी छिनालिसकेपछि लासलाई सोही कोठामा खाल्टो खनी" पुरिदियौं भन्ने बेहोरा उल्लेख गरेको पाइने ।

मृतक लासको टाउकोनजिक प्रतिवादी महवा पक्राउ परेकी र निजसँगको सोधपुछबाट निजले बताएको ठाउँबाट मृतक लासको जिउतर्फको भाग प्रतिवादी महवा सुत्ने गरेको कोठा नजिकबाट बरामद भएको छ । यस मुद्दाको कारक तत्त्व भनेको महवाले बोक्सी विद्याको सिद्धि प्राप्त गर्नु नै रहेको भन्ने देखिन्छ । सो विद्या सिक्नैका लागि नाबालकको बली दिएको भन्ने कुरा निर्विवाद पुष्टि भएको छ । बोक्सी विद्या सिकाउने गुरुको निर्देशनअनुरूप नै नाबालकको बली चढाउने कार्य भएको मिसिलबाट देखिइरहेको स्थितिमा प्र. महवाका गुरु यी प्रतिवादी छविलाल रायको संलग्नताबेगर प्रस्तुत अपराध घटित भएको कुरा पत्यारलायक देखिँदैन । बोक्सी विद्याको सिद्धिको लागि बली अनिवार्य रहेको भन्ने कुरामा महवालाई विश्वास दिलाई आफूसहित संलग्न भई नरबलीजस्तो अत्यन्त जघन्य आपराधिक कार्य यी प्रतिवादीबाट भएको देखिन्छ । बोक्सी विद्याको सिद्धताको लागि गुरु भनिएका छविलालको सहभागिताबिना उक्त कार्य सम्भव पनि देखिँदैन । बली दिँदा गुरूको आवश्यकता अनिवार्य हुने कारणबाट पनि यी प्रतिवादी छविलाल रायसमेतको संलग्नतामा सो घटना घटेको हो, छविलालले पनि एकचोट हानी बालकको शरीर दुई टुक्रा पारेका हुन् भनी प्रतिवादी महवाले पोल गरेकोलाई अन्यथा मानी अविश्वास गर्नुपर्ने नदेखिने ।

घटना वारदातको बेला आफू भारतको पञ्जावमा रहेको भनी लिएको Alibi पनि माथि उल्लिखित सम्पूर्ण घटना विवरणहरूबाट खण्डित भइरहेको अवस्था छ । छविलालले रिसइवीका कारण आफूलाई फसाउन महवाले झुट्टा पोल गरेको भने पनि निजहरूबिच रिसइवी रहेको भन्ने तथ्य विश्वासलायक तवरबाट मिसिल काजगजातहरूबाट पुष्टि हुन सकेको छैन । महवादेवीले आफूलाई निर्दोष देखाएर यी प्रतिवादी छविलाललाई मात्र एकहोरो दोष थोपरेको अवस्था पनि छैन । घटनाको समग्र परिस्थितिबाट बोक्सी विद्या सिकाउने क्रममा यी प्रतिवादीको संलग्नतामा नै नाबालक नितिसको हत्या भएको तथ्य प्रत्यक्ष तथा परिस्थितिजन्य प्रमाणहरूबाट सिलसिलेवार रूपमा निर्विवाद रूपले पुष्टि भइरहेको देखिँदा निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ माथि उल्लिखित आधार कारणसमेतबाट प्रतिवादी महादेवी भन्ने महवादेवीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसारको कसुर गरेको ठहऱ्याई ऐ. नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू रौतहट जिल्ला अदालतको मिति २०७०।१।३ को फैसला सदर गरी भएको फैसला पुनरावेदनको रोहमा तथा प्रतिवादी छविलाल राय यादवलाई सुरू अदालतबाट अभियोग दाबीबाट सफाइ दिएको मिति २०७०।३।९ को फैसला उल्टी गरी निजलाई समेत अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०३।२१ को फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७५ साल श्रावण २७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-०५६७, डाँका, नेपाल सरकार वि. छोटेलाल शाह कानुसमेत

प्रतिवादी वृजकिशोर पटेलले अदालतसमक्षको बयानमा वारदात मितिमा आफू धानको बोझा उठाई ल्याई दौनी गरी राति ८ बजे सुती बिहान ६ बजे उठेको र ८ बजे ट्वाइलेट जान लाग्दा प्रहरीले पक्राउ गरेको भनी कसुरमा पूर्ण इन्कारी बेहोरा उल्लेख गरी बयान गरेको भए तापनि मौकाको बयानमा आफू, छोटेलाल, राजन सिंह र निज राजनले ल्याएका ४/५ जना साथीसमेत भई जाहेरवालाको घरमा डाँका गरेको र डाँका गरी ल्याएको धनमालमध्ये हामीले लिएको धनमाल छोटेलालको घरबाट बरामद भएको र अन्य धनमाल राजन सिंह र निजका साथीहरूले लिई गएको भनी कसुरमा आफ्नो संलग्नता रहेको स्वीकार गरेका छन् । घरबाट धनमाल बरामद भएका प्रतिवादी छोटेलाल साह कानुले समेत आफू कसुरमा साबित भई यी प्रतिवादीउपर पोल गरेका छन् । यस अतिरिक्त जाहेरवालाले यिनको नाम उल्लेख गरी किटानी जाहेरी दिएका र उक्त जाहेरीको समर्थनमा बकपत्रसमेत गरेको देखिन्छ । जाहेरवालाले निजलाई चिनी मौकामा सनाखतसमेत गरिदिएका छन् । जाहेरवालाकी श्रीमतीले समेत वृज किशोरको नाम उल्लेख गरी कागज गरेको र सोही बेहोरा समर्थन गरी बकपत्र गरिदिएकी छिन् । आफ्नै घरबाट पक्राउ परेको भन्ने निजको बयानसमेत निज प्रतिवादी छोटेलालको घरमा चोरीको नगद रहेको पलङ्गमाथि नगदसमेत राखी बसेको अवस्थामा पक्राउ परेको बरामदी मुचुल्काबाट खण्डित भएको देखिन्छ । उक्त बरामदी मुचुल्का गर्ने प्रतिवेदकहरूले मुचुल्काको समर्थन गरी बकपत्र गरेसमेतका आधारबाट निजको जबरजस्ती चोरी वारदातमा संलग्नता रहेको तथ्य निर्विवाद पुष्टि भइरहेको अवस्थामा प्रतिवादी वृजकिशोर पटेललाई समेत जबरजस्ती चोरीमा कसुरदार ठहर गरी सजाय गरेको पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखिने ।

अर्का प्रतिवादी राजन सिंहलाई सफाइ दिएको मिले, नमिलेको के हो ? भन्नेतर्फ हेर्दा निजउपर किटानी जाहेरी परेको छैन । सहअभियुक्तहरू छोटेलाल र वृजकिशोरले मौकामा गरेको पोलका आधारमा अभियोग दायर भएको देखिन्छ । मौकाको पोलको कुनै स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन । राजनले बरामदबाहेकको अरू चोरीको सामान लगेको भनी छोटेलाल र वृजकिशोरले बयानमा गरेको पोल निजका साथबाट चोरीको कुनै नगद सामान बरामद हुन नसकेकोबाट खण्डित भइरहेको देखिन्छ । निजले आफू २०६४ सालमा मजदुरी गर्न भारत गई २०६६ कार्तिकमा मात्र फर्किएको भनी सुरू अदालतमा बयान गर्दा लिएको Alibi को जिकिर निजका साक्षीहरू जितेन्द्रसिह राजपुत र रोशन श्रीवास्तवको बकपत्रबाट पुष्टि भइरहेसमेतका प्रमाणहरूका आधारमा निजको वारदातमा कहीँकतै संलग्नता रहेको भन्ने देखिन आएन । वादी पक्षबाट निजको आरोपित कसुरमा संलग्नताको स्वतन्त्र प्रमाणहरूबाट पुष्टि गराउन नसकेको अवस्थामा निजलाई कसुरदार कायम गरी सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट अभियोग दाबीबमोजिम डाँका वारदात कायम नभई बरामद बिगो रू.२,९९,२४५।२५ सम्मको मात्र जबरजस्ती चोरी गरेको ठहऱ्याई प्रतिवादी छोटेलाल साह कानुलाई चोरीको १४ (२) नं. बमोजिम बिगोको डेढी जरिवाना र ११/२ महिना कैद भई जरिवानाबापत समेत कैद हुने तथा प्रतिवादीहरू वृजकिशोर पटेल र राजन सिंहलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको रौतहट जिल्ला अदालतको मिति २०६६।८।२९ को फैसला केही उल्टी भई प्रतिवादी वृजकिशोर

पटेललाई पनि चोरीको १ र ४ नं. को कसुरमा १४ (२) नं. बमोजिम बिगो रू २,९९,२४५।२५ को डेढी जरिवाना र १ महिना १५ दिन कैद भई जरिवानाबापत समेत कैद हुने तथा प्रतिवादी राजन सिंहलाई सफाइ दिएको सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत हैटौंडाको मिति २०६८।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७०-WO-०१३३, उत्प्रेषण, किरणमान प्रधानसमेत वि. गुठी तहसिल केन्द्रीय कार्यालय, गुठी संस्थानसमेत*

विवादित कि.नं. ४६ को जग्गा दाता निरकुमारीले रै.प. को निर्णय कार्यान्वयन नै नगराई सिद्धिपाणी गौतमलाई पारित गरिदिएको देखिन्छ । यसरी हकै नभएको व्यक्तिले गरिदिएको राजीनामाबाट निवेदकहरूको हक नै छुट्न जान्छ भन्न सकिने अवस्था नरहने।

विवादित जग्गा निजी गुठी वा राजगुठी के हो भन्ने सम्बन्धमा सर्वोच्च अदालतसमेतबाट मिति २०५७।५।७ मा निजी गुठी हो भन्ने अन्तिम निर्णय भइसकेको हुँदा प्रस्तुत विवादित जग्गा निजी गुठीको हो भन्ने कुरामा दुइमत हुन सकिँदैन । विपक्षीले मोहीको हैसियत राख्ने निरकुमारीबाट राजीनामा गरी लिएको भनेको राजीनामा दर्तासमेत बदर भइसकेको अवस्थामा मोही हकको सम्बन्धमा अन्यथा हुने गरी कानूनबमोजिम र सधिकार निकायबाट कुनै निर्णय भइसकेको नदेखिएको अवस्थामा मोही हक कायम रहेछ भन्न नसकिने।

तसर्थ विवादित कि.नं. ४६ को जग्गा मनमानेस्वरी राजगुठी नभई निजी गुठीअन्तर्गतको ठहरी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको हुँदा उक्त फैसलाबमोजिम कि.नं. ४६ क्षेत्रफल १-०-०-० जग्गा विमलादेवी गौतम, उजवलमणी गौतम, किरणमणी गौतम र उषाकुमारी गौतमका नाममा दर्ता कायम उल्लिखित जग्गा मनमानेस्वरी निजी गुठीको नाममा दा.खा. गरी सञ्चालकमा यी निवेदकहरू किरणमान प्रधानसमेत कायम गर्ने ठहर्छ । हकै नभएको व्यक्ति निरकुमारीबाट प्राप्त गरेको लिखतको आधारमा यी विपक्षी सिद्धिपाणी गौतमको नामसमेत मोही महलमा समावेश गर्ने गरी भएको हदसम्मको मालपोत कार्यालयको मिति २०६९।३।२५ र मिति २०६९।६।२८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। सर्वोच्च अदालतको मिति २०५७।५।७ को फैसलाबमोजिम गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ध्रुवकुमार ढकाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल पुष ४ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१४४१, अपहरण, *नेपाल सरकार वि. विनोद मल्लसमेत*

जाहेरवालाले दिएको हुलिया जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रही बयान गरे तापनि अदालतसमक्षको बयानमा कसुरमा इन्कार रहेको देखिन्छ। वादी पक्षबाट प्रतिवादीहरूको इन्कारी बयानलाई सप्रमाण खण्डन गरी वस्तुनिष्ठ तथ्यगत प्रमाण पेस गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरबाट प्रमाणित गराउन सकेको नपाइने।

मिति २०६८।५।३ गते म नवलपरासीको जमुनिया स्थित गोपीगन्ज बजारमा मल किन्न गएको अवस्थामा प्रतिवादी विनोद मल्लसमेतले

मलाई कब्जामा लिई बोलिस् भने मारी दिन्छौँ ज्यान जोगाउनु छ भने १० लाख दिनुपर्छ भनेकोमा रू.२ लाख दिने सहमति भएकाले छोराले फिरौती रकम लिई नवलपरासी सुनवल ७ ज्यामिरेमा आउँदा प्रतिवादीहरू पनि त्यहीँ ठाउँमा आएकाले प्रहरीले घेरा हाली पक्राउ गरेका हुन् भन्ने पीडितको मौकाको कागज बेहोरा देखिन्छ । पीडितले सो आफ्नो भनाइलाई अदालतसमक्ष उपस्थित भई पुष्टि गराउन सकेको पाइँदैन । उक्त भनाइलाई प्रमाण ऐनअनुसार परीक्षणसमेत गरिएको अवस्था नदेखिने ।

घटना विवरणका सम्बन्धमा मौकामा कागज गरी बेहोरा लेखाइदिने जाहेरवाला, पीडित एवं वस्तुस्थिति मुचुल्काका मानिसहरूसमेतले अनुसन्धानको क्रममा लेखाइदिएको आ-आफ्नो भनाइ बेहोरालाई अदालतमा उपस्थित भई पुष्टि गर्न सकेको देखिएन । त्यस्तै प्रतिवेदक प्र.ना.नि विजय सिंहले अदालतमा आई बकपत्र गर्दा जाहेरवाला र प्रतिवादीहरूबिच फिरौती रकम लेनदेन विषयमा छलफल भएको थियो भन्न सकेको नपाइने ।

प्रमाण ऐन, २०३१ को दफा १८ मा भएको कानूनी व्यवस्थाअनुसार वादी पक्षका साक्षी अदालतमा उपस्थित भई सो घटना वा अवस्थाका बारेमा तहकिकातको सिलसिलामा आफूले लेखाइदिएको कुरालाई बकपत्रमार्फत व्यक्त गर्न सकेको नदेखिँदा निजहरूको भनाइलाई प्रमाणमा लिन नमिल्ने ।

अदालतबाट साक्षी उपस्थित गराउन पटकपटक समय दिँदा पनि वादी पक्षबाट आफ्ना साक्षी उपस्थित गराउन सकेको पाइएन । फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ मा भएको कानूनी व्यवस्थाबमोजिम वादी पक्षले आफ्नो दाबी स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्न न्यायसङ्गत नदेखिने ।

अतः विवेचना गरिएका आधार कारणबाट प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरबाट ठोस तथ्ययुक्त आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू कसुरदार देखिन नआएकाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९।३।३१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फाल्गुन ११ गते रोज ६ शुभम् ।

## इजलास नं.८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CI-१२६४, उत्प्रेषण / परमादेश, *गणेश शाह वि. रविन्द्र शाह*

निवेदक रविन्द्र शाहलाई विपक्षी श्री चुल्हाई माया प्राथमिक विद्यालय सरपल्लोमा विद्यालय व्यवस्थापन समितिको मिति २०६७।०२।०६ को निर्णयले २०६७।०२।०७ देखि तलब पाउने गरी राहत शिक्षकमा नियुक्त गरी निजको नियुक्तिलाई जिल्ला शिक्षा कार्यालयबाट समेत समर्थन भएको तथ्यमा विवाद नदेखिने ।

श्री चुल्हाई माया प्राथमिक विद्यालय सरपल्लोको प्राथमिक तहको राहत शिक्षक पदमा यी निवेदक रविन्द्र शाहलाई मिति २०६७।०२।०६ मा नियुक्ति दिइएको तथ्य मिसिल संलग्न श्री चुल्हाई माया प्राथमिक विद्यालयको च.नं.४९ मिति २०६७।०२।०६ गतेको पत्रको प्रतिलिपिबाट देखिन आयो । साथै निजको उक्त नियुक्तिलाई जिल्ला शिक्षा कार्यालय महोत्तरीले मिति २०६७।०२।११ मा समर्थन गरेको भन्ने बेहोरासमेत उक्त कार्यालयको च.नं.२५७८ मिति

२०६७।०२।११ को पत्रबाट देखिन आयो । त्यसैगरी यी निवेदक नियुक्ति पाएको मितिदेखि नियमित रूपमा विद्यालयमा हाजिर भई अध्यापन गर्दै आएकोमा मिति २०७० साल आषाढ महिनादेखिको तलब भत्ता यी निवेदकले प्राप्त नगरेको भन्ने निवेदन बेहोरा रहेकोमा सो कुरालाई विपक्षीहरूले समेत स्वीकार नै गरेको ।

पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।०९।०८ मा यी निवेदक शिक्षा ऐन नियमबमोजिम नियुक्ति भएको शिक्षक हुन् वा होइनन् र निजको तलब निकासा नगर्नुको कारण के हो स्पष्ट खुलाई जिल्ला शिक्षा कार्यालय महोत्तरीबाट जवाफ माग गर्नु भन्ने आदेश भई पत्राचार भएकोमा जिल्ला शिक्षा कार्यालय महोत्तरीको च.नं.२४१० मिति २०७१।१२।२२ को पत्रबाट निवेदक रविन्द्र शाहलाई श्री चुल्हाई माया प्राथमिक विद्यालय सरपल्लोको प्राथमिक तहको राहत शिक्षक पदमा दिएको अस्थाई नियुक्तिलाई जिल्ला शिक्षा कार्यालयले समर्थन गरेको र एउटै दरबन्दीमा एकभन्दा बढी नियुक्ति गरेको कारण छानबिनको क्रममा तलब निकासा रोक्का गरेको भन्नेसम्म उल्लेख गरेको देखियो । यद्यपि कसको नियुक्ति सम्बन्धमा, के कस्तो छानबिन भएको हो, निवेदकको तलब किन निकासा नदिएको हो भन्ने स्पष्ट जवाफ दिएको देखिएन । त्यसैगरी उक्त कार्यालयको लिखित जवाफमा समेत नियुक्ति गरी काममा लगाउने कार्य विद्यालय स्वयं र सोको व्यवस्थापन समितिको रहेको र निकासा माग भएमा दिने भन्नेसम्मको बेहोरा उल्लेख भएको पाइएकोमा तलब निकासाको लागि बारम्बार आग्रह गर्दासमेत जिल्ला शिक्षा कार्यालयबाट तलब भत्ता निकासा भई नआएको हुँदा तलब खुवाउन नसकिएको भन्ने विद्यालयको प्रधानाध्यापकको लिखत जवाफबाट देखिन आयो । उक्त विद्यालयमा निज शिक्षक कार्यरत छैनन् वा निजलाई यस कारणबाट विद्यालयबाट निष्काशन गरियो वा निज शिक्षकको विद्यालयलाई आवश्यकता छैन भनी कहीँकतैबाट उल्लेख नभएको ।

विधिसम्मत रूपमा शिक्षक नियुक्ति गरी अध्यापनको कामकाज गर्न लगाएकोमा निजले पाउने पारिश्रमिक मिति २०७०।०३।०१ देखि उपलब्ध गराएको देखिएन । निवेदक विपक्षी विद्यालयमा राहत शिक्षकको पदमा मिति २०६७।०२।०७ गतेबाट लागु हुने गरी मिति २०६७।०२।०६ मा नियुक्ति पाई जिल्ला शिक्षा कार्यालय महोत्तरी जलेश्वरको च.नं.२५७८ मिति २०६७।०२।११ को पत्रबाट निजको नियुक्ति समर्थन भई सोही मितिदेखि नै कार्यरत रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तसमेतको आधारमा निज विद्यालयमा हाजिर भई कार्यरत रहेको अवधिको तलब भत्ता उपलब्ध नगराएको विपक्षीहरूको कार्य कानूनसम्मत देखिएन । निवेदन मागबमोजिमको परमादेशको आदेश जारी हुने ठहर गरी तथा निवेदकले विपक्षीहरूले गैरकानूनी क्रियाकलाप गरेको भए उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी माग गरेकोमा विपक्षीहरूले गैरकानूनी कार्य गरेको नदेखिँदा उत्प्रेषणको आदेश जारी नहुने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०७२।०१।२२ को फैसला मनासिब देखिँदा परिवर्तन गरिरहन परेन । यस अदालतको मिति २०७४।११।०६ को आदेशसँग सहमत हुन नसकिने ।

निवेदक रविन्द्र शाह विद्यालयमा हाजिर भई कामकाज गरेको अवधिसम्मको पाउनुपर्ने तलब नियमानुसार भुक्तानी दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने तथा उत्प्रेषणको आदेश जारी नहुने ठहर गरी पुनरावेदन अदालत जनकपुरले मिति २०७२।०१।२२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृत: उषा श्रेष्ठ

इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम् ।

## इजलास नं.९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६७-WO-०८८४, उत्प्रेषण, विवेकानन्द प्रसाद यादव वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

निवेदकले आ.व. २०५९/०६० को का.स.मु. नभरेको भन्ने कुरा क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल, सानोठिमी, भक्तपुरको च.नं. ४८७ को मिति २०६७।६।८ को पत्रको बेहोराबाट देखिन्छ। यी निवेदकको आ.व. २०६२ को का.स.मु. मा का.स.मु. भरेको मिति केरमेट भएको भन्ने सम्बन्धमा निजले सो कुरालाई अन्यथा भन्न सकेकोसमेत नदेखिने।

शिक्षा सेवा आयोग नियमावली, २०५७ (२०६०।१२।१६ तेस्रो संशोधनद्वारा थप) को नियम ३२(४) मा **"यो उपनियम प्रारम्भ हुँदाको बखत कार्यसम्पादन मूल्याङ्कन गराई नसकेको शिक्षकले यो उपनियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र नियमबमोजिम कार्यसम्पादन मूल्याङ्कन गराउन सक्ने छ।"** भनी का.स.मु. बुझाउनुपर्ने समयअवधि उल्लेख गरेको देखिन्छ। कानूनले तोकेको समय, विधि र प्रक्रियालाई सबैले अनुशरण गर्नुपर्नेमा यी निवेदकले शिक्षा सेवा आयोग नियमावली, २०५७ मा उल्लिखित समयअवधिको पालना गरेकोसमेत नदेखिने।

निवेदकको उमेर मिति २०७२।१।४ मा ६० वर्ष पूरा हुने भएकोले मिति २०७२।१।५ गतेदेखि लागु हुने गरी श्री माध्यमिक विद्यालय प्रेमपुर गोनाही, रौतहटबाट नि.मा.वि. द्वितीय श्रेणीको शिक्षक पदबाट अनिवार्य अवकाश पाइसकेको भन्ने कुरा जिल्ला शिक्षा कार्यालय, रौतहट गौरको च.नं. २४५० मिति २०७१।१२।३ को पत्रबाट देखिएको हुँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिन आएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट यी निवेदकले समयमा का.स.मु. फाराम नबुझाएको र उमेर हदका कारण मिति २०७२।१।५ गतेदेखि लागु हुने गरी श्री माध्यमिक विद्यालय प्रेमपुर गोनाही, रौतहटबाट नि.मा.वि. द्वितीय श्रेणीको शिक्षक पदबाट अनिवार्य अवकाश पाइसकेको भन्ने कुरा जिल्ला शिक्षा कार्यालय, रौतहट गौरको च.नं. २४५० मिति २०७१।१२।३ को पत्रबाट देखिएको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिन आएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CR-१२१५,* ०६८-CR-०५१७, *आगलागी, नेपाल सरकार वि. देवचन्द्र यादवसमेत, देवचन्द्र यादवसमेत वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान पीडितको मौकाको कागज, जाहेरी दर्खास्त, किटानी जाहेरी, घटनास्थल मुचुल्का, घाइतेको घा जाँच कागज, मौकाको घटना विवरण कागज र अदालतसमक्षको बकपत्र जस्ता मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट जाहेरवालाहरूको घरमा आगो लगाउने कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि भइरहेको आधार प्रमाणबाट मिति २०६१।१२।१३ गते जाहेरवालाहरूको घर तथा बैठक घरसमेतमा आगो लगाउन अह्राउने वा आगो लगाउने कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको देखिन्छ । तसर्थ

प्रतिवादीहरूले आफूले सफाइ पाउनु पर्दछ भनी दायर भएको पुनरावेदन जिकिर मनासिब मान्न नमिल्ने ।

मुलुकी ऐन, आगो लगाउनेको महलको १ नं. र ५ नं. बमोजिमको कसुर पुष्टि भएको अवस्थामा कानूनमा व्यवस्था नै नभएको भवितव्यको अवस्थाको व्याख्या गरी ऐ. दण्ड सजायको १२ नं. बमोजिम सुरू जिल्ला अदालतबाट सजाय गर्ने गरेको सुरू फैसला सो हदसम्म उल्टी गरी मुलुकी ऐन, आगो लगाउनेको महलको १ र ५ नं. बमोजिमको कसुरमा ४ वटा घरमा आगो लगाउने र आगो लगाउन वचन दिने कसुरमा सजाय गर्दा पुनरावेदन अदालत जनकपुरले ४ वर्ष मात्र कैद सजाय गर्ने गरेको फैसला सो हदसम्म कानून र न्यायसङ्गत नदेखिने ।

जाहेरी दर्खास्तमा ११ वटा घर र अन्य धनमाल तथा चौपायासमेत जम्मा रू.५,६१,०००।– बराबरको धनमाल नोक्सान भएको भनी उल्लेख गरेको देखिन्छ भने २०६१।१२।१५ का ४ वटा घटनास्थल मुचुल्काहरूमा पंचा सदाको घर र धनमालको रू.४०,०००।-, रामजी सदासमेत जना ५ को घर तथा धनमालको रू.२,२०,०००।-, बैठक घर र सोमा भएका धनमालको रू. १५,०००।– गरी जम्मा रू.२,७५,०००।– उल्लेख भई रामलखन सदासमेत जना ४ को घर र धनमाल जलेर नष्ट भएको भनी उल्लेख गरेको भए पनि त्यसको बिगो खुलाएको देखिँदैन। जाहेरी दर्खास्त र अभियोगपत्रमा पंचा सदाको घर र धनमाल, रामजी सदासमेत जना ५ को घर तथा धनमाल र बैठक घर र सोमा भएका धनमालको बिगो रू.३,७३,०००।- उल्लेख भएकोमा घटनास्थल मुचुल्काहरूमा घटेर रू.२,७५,०००।- कायम भएको देखिएको छ । रामलखन सदासमेत जना ४ को घर र धनमालको बिगो जाहेरी दर्खास्त र अभियोगपत्रमा रू.१,७७,०००।– भनी उल्लेख भएकोमा घटनास्थल मुचुल्कामा भने यकिन बिगो उल्लेख भएको देखिँदैन । यस अवस्थामा रामलखन सदासमेत जना ४ को घर र धनमालको बिगो के कति कायम गर्ने भन्दा सुरू जिल्ला अदालतबाट अनुपातिक रूपमा घटाई कायम गरेको बिगो रू.१,२५,०००।- लाई अन्यथा हो भनी वादी पक्षले यकिन गर्न नसकेको अवस्थामा अन्यथा मान्नु पर्ने देखिएन । यसरी जाहेरवालाहरूको आगलागिको बिगो रू.४,००,०००।- कायम गरी प्रतिवादीहरूबाट क्षतिपूर्ति भराइदिने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा मान्नु पर्ने नदेखिने ।

तसर्थ, विवेचित आधार कारण, तथ्य एवं कानूनी व्यवस्थाका आधारमा जाहेरवालाहरूको किटानी जाहेरी, घटनास्थल मुचुल्का, घाइतेको घा जाँच कागज, मौकाको घटना विवरण कागज र अदालतसमक्षको बकपत्रबाट जाहेरवालाहरूको घरमा आगो लगाउने कार्यमा प्रतिवादीहरूको संलग्नतामा रहेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, आगो लगाउनेको महलको १ र ५ नं. बमोजिमको कसुरमा ४ वटा घरमा आगो लगाउने र आगो लगाउन वचन दिने कसुरमा सजाय गर्दा पुनरावेदन अदालत जनकपुरले ४ वर्ष मात्र कैद सजाय गर्ने गरेको फैसला सो हदसम्म कानून र न्यायसङ्गत नदेखिएकाले पुनरावेदन अदालत जनकपुरको मिति २०६७।३।२४ को फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, आगो लगाउनेको महलको १ र ५ नं. बमोजिमको कसुरमा ४ वटा घरमा आगो लगाउने र आगो लगाउन वचन दिने कसुरमा एक घरको जनही ४ वर्ष कैद र थप ३ घरमा आगो लगाउने र आगो लगाउन वचन दिने कसुरमा थप एक घरको जनही १ वर्ष कैद सजायका दरले ३ घरको जनही ३ वर्षसमेत जम्मा जनही प्रतिवादीहरूलाई ७ (सात) वर्ष

कैद सजाय हुने ठहर्छ । बिगोको हकमा सुरूले ठहर गरेभन्दा बढी बिगोको धनमालसमेत नष्ट भएको भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षले पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा सुरूको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।३।२४ को फैसला सो हदसम्म सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७५ साल पुस १६ गते रोज २ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०६८-WO-०२०५, उत्प्रेषण / परमादेश, सुभद्रा कार्की वि. नेपाली सेना, सैनिक मुख्यालय, भद्रकालीसमेत*

निवेदकले कक्षा ९ को शैक्षिक सर्टिफिकेट पेस गरेकोमा उक्त बालज्योति बोर्डिङ स्कुलले सो समयमा १ देखि ५ कक्षासम्म मात्र अध्यापन गर्ने अनुमति प्राप्त गरेको पाइयो । कानूनीरूपमा केबल ५ कक्षासम्म मात्र अध्यापन गर्न पाउने विद्यालयबाट ९ कक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरू जारी हुन सक्ने अवस्था रहँदैन । यदि अध्यापन गर्न अनुमति प्राप्त नभएको विद्यालयको नामबाट कुनै शैक्षिक प्रमाणपत्र जारी भएको भए त्यस्तो प्रमाणपत्रले कानूनी हैसियत प्राप्त गर्न सक्ने नै नहुने।

रिट निवेदक सुभद्रा कार्कीलाई सैनिक ऐनअन्तर्गतको कसुरमा कसुरदार ठहर गरी सजाय गरिएको परिप्रेक्ष्यमा सैनिक ऐन, २०६३ मा भएको व्यवस्थालाई अवलोकन गर्नु सान्दर्भिक देखिन्छ । सैनिक ऐन, २०६३ को दफा ५५ ले ढाँटी छली नियुक्त भएको कसुर सम्बन्धमा व्यवस्था गरी देहाय (घ) मा “भर्ना, बढुवा तथा तालिमलगायत सेवाका अन्य प्रयोजनको लागि किर्ते वा नक्कली प्रमाणपत्र पेस गरेमा” भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी सोही ऐनको दफा १०१ को उपदफा १ ले सैनिक अदालतबाट देहायबमोजिमको सजाय गर्न सकिने छ भन्ने उल्लेख गरी देहाय (घ) मा “भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी हटाउने वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गर्ने” भनी कारबाही र सजायको कानूनी व्यवस्था गरेको छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार कुनै सैनिक कर्मचारीले कुनै प्रयोजनका लागि नक्कली प्रमाणपत्र बनाई पेस गरेमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने वा नठहरिने गरी निजलाई सेवाबाट हटाउने गरी सजाय गर्न सकिने भन्ने कानूनी व्यवस्था रहेको पाइने।

प्रस्तुत रिट निवेदनमा यी रिट निवेदकले सेनामा भर्ना हुँदा कक्षा ९ को शैक्षिक प्रमाणपत्रहरू पेस गरेको र सो समयमा उक्त विद्यालयले नै ९ कक्षा अध्यापन गर्ने स्वीकृति लिएको नदेखिँदा उक्त शैक्षिक प्रमाणपत्रहरूले कानूनी मान्यता प्राप्त गर्ने अवस्था रहेन । यस्तो प्रमाणपत्र पेस गरी सेवा प्रवेश गर्ने रिट निवेदकले उपर्युक्त कानूनी व्यवस्थाबमोजिम सैनिक ऐन, २०६३ को दफा ५५ को देहाय (घ) अन्तर्गतको कसुर गरेको नै देखियो । यस्तो अवस्थामा निज रिट निवेदकलाई सोही कसुरमा कसुरदार ठहर गरी सेवाबाट हटाउने ठहर्‍याएको समरी सैनिक अदालतको निर्णय र सो निर्णयलाई नै सदर गर्ने गरेको नेपाली सेना, पुनरावेदन समितिको फैसला त्रुटिपूर्ण देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणबाट यी रिट निवेदक सुभद्रा कार्कीले नक्कली शैक्षिक प्रमाणपत्रहरू बनाई सेवा प्रवेश गरी सैनिक ऐन, २०६३ को दफा ५५(घ) बमोजिमको कसुर गरेको देखिई निज सुभद्रा कार्कीलाई सोही कसुरमा भविष्यमा सरकारी

नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको समरी सैनिक अदालतको मिति २०६७।१०।२४ को निर्णयलाई सदर गर्ने गरेको नेपाली सेना, पुनरावेदन समितिको मिति २०६८।०४।१७ को फैसलामा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल माघ १५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०२९०, ०७१-CI-०९०७, जग्गा खिचोला घर उठाई चलन, *आसनारायण माझीसमेत वि. लिला सरदारसमेत, लिला सरदारसमेत वि. छविलाल माझी थारूसमेत*

स्रेस्ताबाट प्रतिवादी शुभद्रा कोइरालाको नाम दर्ताको कि.नं.२६३ को ०-०-७ जग्गा देखिएको छ । नक्सा मुचुल्काबाट न.नं. ६ र ७ को कि. नं. २६३ भित्रको भई निर्विवाद देखिएको छ र क्षेत्रफलसमेत ०-०-७ नै कायम छ । ट्रायल चेकबाट समेत कि.नं. २६३ को जग्गाको क्षेत्रफल ०-०-७ नै कायम छ । तर न.नं. ८ विवादित जनिएको र नक्सा कैफियतबाट वादी दाबीको प्रतिवादी शुभद्राको बसोबास रहेको इँट्टाको दिवाल पिलर र छत ढलाई भएको विवादित घर जग्गा भनी उल्लेख भएको देखिने ।

सो घर जग्गाका सम्बन्धमा प्रतिवादी शुभद्रा कोइरालाले प्रतिउत्तर फिराउँदा कि.नं. २६३ को जग्गा २०४५ सालमा मेरा नाममा कायम भई २०४५ साल माघ महिनामा पक्की घर बनाई बसेको भनी उल्लेख छ । सो जग्गाको स्रेस्ताबाट समेत २०४५ सालमा नै शुभद्रा कोइरालाले प्राप्त गरेको देखिन्छ र सो तथ्यलाई पुष्टि गर्दै निजले सो घरमा धारा बिजुली जडान गर्न दिएको निवेदन, मतदाता परिचयपत्र, टेलिफोन जडान गरेको कागज तथा दुहवी खानेपानी योजनाको पत्रसमेतको प्रमाण पेस भएको देखिने ।

कि.नं. २१९ को जग्गा मिति २०६१।४।३१ मा मात्र वादीले प्राप्त गरेको तथ्य मिसिल संलग्न वादीको जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिन्छ । निजको दातासमेतले नक्सा मुचुल्कामा उल्लिखित न.नं. ८ को घर बसोबास बारेमा कुनै विवाद उठाएको अवस्थासमेत छैन । यसप्रकार वादीले कि.नं. २१९ को जग्गा २०६१ सालमा प्राप्त गरेको अवस्थामा न.नं. ८ को घर २०५० सालभन्दा अघि नै निर्माण भएको देखिन्छ । निजका साक्षी तारा श्रेष्ठले शुभद्रा कोइरालाको घरमा आफू २०४७ सालदेखि नै भाडामा बसेको भनी बकपत्र गर्दा लेखाएको देखिन्छ । कि.नं. २६३ को घर जग्गाको हक स्वामित्व तथा भोग प्रतिवादी शुभद्रा कोइरालाको भएको तथ्यमा विवाद छैन । विवादित न.नं. ८ मा रहेको घर निज प्रतिवादी शुभद्रा कोइरालाले २०५० सालभन्दा अघि नै निर्माण गरी भोग बसोबास गरेको देखियो । यस अवस्थामा २०६१ सालमा सो स्थानमा जग्गा खरिद गर्ने वादीलाई सो घर भत्काई पाउँ भन्ने वादी दाबी कानूनसङ्गत देखिन आएन । प्रतिवादी शुभद्रा कोइरालाले जग्गा खिचोला गरी घर निर्माण गरेको भन्ने दाबी भए तापनि घर बनाएको भन्नेतर्फ विचार गर्दा तत्कालीन मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. ले **जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन** भन्ने कानूनी व्यवस्था रहेको छ । २०५० सालअघि नै घर निर्माण भएको देखिन्छ । सो खिचोला गरी बनाएको घर उठाई पाउँ भनी वादीले मिति २०६२।४।१३ मात्र फिराद गरेको देखियो । यस्तो अवस्थामा खिचोला गरी घर बनाएको भन्ने दाबी मुलुकी ऐन घर बनाउनेको ११ नं. समेतले पुग्न नसक्ने अवस्था देखिने ।

यसैगरी दर्ता स्रेस्ताबाट प्रतिवादीमध्येका कृष्णकुमारी तिवारीको नाम दर्ताको कि.नं. २१८ को जग्गामा ०-०-७ धुर जग्गा देखिन्छ । ट्रायलचेकबाट समेत सो जग्गाको क्षेत्रफल ०-०-७ नै देखिएको छ । सो कि.नं. २१८ को जग्गा न.नं. १४ मा जनिएको छ । विवादित जनिएको न.नं. १४ मा प्रतिवादी कृष्णकुमारी तिवारीको बसोबास रहेको इँटाको दिवाल पिलर र छत ढलाई भएको २ तले घर रहेको र सोको क्षेत्रफल ०-०-७ धुर उल्लेख भएको देखियो । सो जग्गा ट्रायल चेक र निजको स्रेस्ताबमोजिम मिलेको देखिन आएको छ । सो जग्गामा २०४० साल फागुनमा नै आफूले पक्की घर बनाई बसेको हो भनी प्रत्युत्तर फिराएको देखिन्छ । सो तथ्यको प्रमाणको रूपमा दुहवी गा.वि.स. को मिति २०६२।४।११ को पत्र, टेलिफोन जडान गरेको कागज प्रमाणसमेत पेस भएको देखिँदा सो घर जग्गामा प्रतिवादी कृष्णकुमारी तिवारीको विधिवत् हक स्वामित्व स्थापित भइरहेको अवस्थामा सो घर जग्गासमेत आफ्नो रहेको भन्ने वादीको दाबी न्यायोचित मान्न नसकिने ।

वादीको दर्ता स्रेस्ताबाट कि.नं. २१९ को जग्गाको क्षेत्रफल ०-२-० भएको कुरामा विवाद छैन । नापी शाखा सुनसरीको मिति २०६२।८।१० को ट्रायल चेकको पत्रबाट कि.नं. २१९ को जग्गाको क्षेत्रफल ०-१-१५ कायम भएको देखिन्छ । मिति २०६६।७।४ मा भई आएको नक्सा मुचुल्का हेर्दा विवादित जनिएको वादी दाबीको न.नं. १२ को क्षेत्रफल ०-०-३$^{१}/_{२}$ जग्गा प्रतिवादी छविलाल माझीको भोगमा रहेको देखिन्छ । विवादित न.नं. १३ को ०-०-८$^{१}/_{४}$ जग्गा प्रतिवादी सियावती थरूनीको भोगमा रहेको, न.नं. २० को ०-०-०$^{१}/_{२}$ जग्गा प्रतिवादी दुलारी थरूनीको भोगमा रहेको र न.नं. २१ को ०-०-७$^{१}/_{४}$ जग्गा प्रतिवादी आसनारायण माझीले भोग गरेको देखियो । सो न.नं. का जग्गाहरू वादीको कि.नं. २१९ भित्रकै देखियो । यस प्रकार न.नं. १२, १३, २० र २१ को जग्गाको क्षेत्रफल र वादीको निर्विवाद न.नं. ९ को कि.नं. २१९ को जग्गाको क्षेत्रफल ०-०-१० समेत जोड्दा वादीको जम्मा जग्गाको क्षेत्रफल ०-१-९.५ जग्गा देखिन्छ । र विवादित जनिएको न.नं. ८ को जग्गाको क्षेत्रफल ०-०-५$^{१}/_{२}$ समेत जोड्दा वादीको ट्रायल चेकअनुसारको जग्गा पुग्छ । तर विवादित न.नं. ८ को घर जग्गाका सम्बन्धमा वादीको दाबी नपुग्ने ठहर भइसकेको देखिने ।

यस्तो अवस्थामा नक्सा ट्रेसमा उल्लिखित वादीको कि.नं. २१९ को जग्गाको आकृति प्रकृति हेर्दा विवादित न.नं. १२, १३, २० र २१ को जग्गाहरू वादीको कि.नं. २१९ अन्तर्गत नै पर्न जाने देखियो । विवादित न.नं. १२, १३, २० र २१ को जग्गाहरू वादीको कि.नं. २१९ को जग्गा देखिई पुनरावेदक प्रतिवादीहरूले भोग गरेको देखिन्छ । विवादित जग्गाको दक्षिणतर्फको लम्बाई र नक्सा ट्रेसमा कि.नं. २१९ को दक्षिणतर्फको लम्बाई करिब नाप जाँच मिल्न भिड्न आएको देखिने ।

यसरी पुनरावेदक प्रतिवादीहरूले न.नं. १२, १३, २० र २१ को जग्गा आफ्नो दर्ता स्रेस्ता र ट्रायल चेकभन्दा बढी भोग गरेको देखियो । एकाको हक स्थापित भएको जग्गामा कानूनी प्रक्रियाबिना नै अर्कोले भोग गर्नु, उपयोग गर्नु खिचोला मान्नुपर्ने हुन्छ । वस्तुतः विवादित न.नं. १२, १३, २० र २१ को जग्गा वादीको कि.नं. २१९ भित्रकै जग्गा भएको पुष्टि भएको देखिएको छ । यस्तो अवस्थामा वादीको जग्गामा खिचोला गरेको छैन भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसमेत मनासिब हुन नआउने ।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादीमध्येका शुभद्रा कोइरालाको नाम दर्ताको कि.नं. २६३ तथा प्रतिवादी कृष्णकुमारी तिवारीको

नाम दर्ताको कि.नं. २१८ को जग्गामा खिचोला गरेको भन्ने वादी दाबी नपुग्ने र विवादित न.नं. १२, १३, २० र २१ को जग्गा वादीको कि.नं. २१९ को जग्गाअन्तर्गत पर्न जाने भई सो जग्गाहरूमा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०६६।९।२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०३७१, माना चामल, *राजेन्द्रकुमार श्रेष्ठसमेत वि. राजविक्रम श्रेष्ठसमेत*

प्रस्तुत मुद्दामा वादीहरूलाई पुनरावेदक प्रतिवादीहरूले इज्जत आमदअनुसार खानलाउन तथा स्वास्थ्य, शिक्षा दिएका रहेछन् भनी मान्न मिल्ने प्रमाणबाट देखिन आएन। वादीहरूको जीविकोपार्जन तथा शिक्षा स्वास्थ्यको लागि उपचार खर्च तथा खानलाउन पाउने नैसर्गिक अधिकार रहेकाले प्रतिवादीहरूबाट वादीले माना चामल भराई लिन पाउने नै देखिने।

प्रतिवादीहरूको पुनरावेदन जिकिर हेर्दा वादीहरूले देखाएजस्तो आयस्रोत नभएको तथा वादीका पति तथा पिता राजेन्द्रकुमार श्रेष्ठको कुनै आयस्रोत नभएको भन्ने देखिन्छ । सो सम्बन्धमा विचार गर्दा यी पुनरावेदक प्रतिवादी मञ्जुभक्तको नाउँमा २ आनाको घरजग्गा, मिना श्रेष्ठको १ कित्ता जग्गा रहेको र मञ्जुभक्त रिटायर्ड कर्मचारी भई घर जग्गाको पसल कबल भाडामा लगाएको भनी पुनरावेदन जिकिर गर्दा आम्दानीको स्रोतका बारेमा स्वीकार गरेकै देखिन्छ । यस्तो स्थिति र अवस्थामा वादीहरूका पिता तथा पतिसँग कुनै अचल सम्पत्ति नभएको भने तापनि वादीका सासू मिना श्रेष्ठ तथा ससुरा मञ्जुभक्त श्रेष्ठका नाममा विभिन्न घरजग्गा तथा आम्दानीका स्रोतहरू रहेको देखिन्छ । मानाचामल भराउनुपर्ने व्यक्तिको आर्थिक हैसियत, आय आर्जनसमेतलाई विचार गरी मानाचामलको रकम निर्धारण गर्नुपर्ने हुन्छ। प्रतिवादीहरूको कुनै आयस्रोत नै नभएको भन्ने देखिएन । घर पसल कबल भाडामा लगाएको तथ्य प्रतिवादीहरूले स्वीकार गरेकै देखिन्छ। यस्तो स्थिति र अवस्थामा वादीहरूलाई मानाचामलबापत मासिक रू.१०,०००।– प्रतिवादीहरूबाट भराइदिने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा देखिन आएन । आफूहरूबाट वादीलाई मानाचामल भराउने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला नमिलेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, प्रमाण र कानूनी व्यवस्था तथा प्रतिपादित न्यायिक सिद्धान्तसमेतबाट वादीहरूले अंश पाउने भएपछि फिराद परेको मिति २०६५।१२।२० देखिको आर्थिक हैसियतसमेतलाई विचार गरी वादीहरूलाई मानाचामलबापत मासिक रू.१०,०००।- प्रतिवादीहरूबाट भराइदिने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भरतकुमार दाहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १५ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CR-०१३१, जालसाजी, राजविक्रम श्रेष्ठसमेत वि. मञ्जुभक्त श्रेष्ठसमेत
- ०७०-CR-०१३२, जालसाजी, राजविक्रम

श्रेष्ठसमेत वि. मञ्जुभक्त श्रेष्ठसमेत

- ०७०-CI-०१५४, ०७०-CI- ०२३४, अंश चलन, राजविक्रम श्रेष्ठसमेत वि. मञ्जुभक्त श्रेष्ठसमेत, विजेन्द्र कुमार श्रेष्ठसमेत वि. राजविक्रम श्रेष्ठसमेत
- ०७२-CR-०२६९, जालसाजी राजेन्द्रकुमार श्रेष्ठसमेत वि. राजविक्रम श्रेष्ठसमेत
- ०७२-CI-०३७०, अंश भरपाई लिखत बदर, राजेन्द्रकुमार श्रेष्ठसमेत वि. राजविक्रम श्रेष्ठसमेत

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CI-११२४, बैना रकम फिर्ता, *दानबहादुर प्रजापति वि. राजु थापा*

वादी प्रतिवादीसमेतको बिचमा मिति २०६८।२।१० मा लिखत भई रू.१०,००,०००।-(दस लाख) रकम बैना भएको देखिन्छ। लिखत भएको मिति २०६८।२।१० बाट ३(तीन) महिनाभित्र अर्थात् मिति २०६८।५।९ सम्ममा बाँकी रकम रू.४०,००,०००।- (चालिस लाख) थप गरी रू.५०,००,०००।- (पचास लाख) वादीले प्रतिवादीलाई दिनुपर्ने भाका रहेको उल्लेख भएको पाइने।

तत्कालीन मुलुकी ऐन लेनदेन व्यवहारको ४० नं. मा उल्लिखित हदम्यादको आधार लिई प्रस्तुत फिराद दर्ता भएको छ । सो ४० नं. मा "भए गरेको मितिले २ वर्षभित्र नालिस दिनुपर्ने भनी" हदम्याद तोकेको स्पष्ट छ। लिखतमा भाखा राखिएको अवस्था सो भाखा नाघेको मितिबाट दुई वर्षभित्र नालिस दिने हदम्याद रहने भनी यस अदालतबाट उक्त सिद्धान्तसमेत प्रतिपादन भएको छ। प्रस्तुत फिराद हदम्यादभित्र छ, छैन भनी हेर्दा बैनाको लिखत मिति २०६८।२।१० मा भएको देखिन्छ। सो बैनाको लिखतमा ३ महिनाभित्र थप रकम दिने र जग्गा पारित गर्ने भनी भाखा राखेको पाइन्छ। मिति २०६८।२।१० को लिखत भएपनि ३ महिनाको भाखा मिति २०६८।५।९ मा पुग्ने हुँदा सो मिति २०६८।५।९ बाट २ वर्षभित्र लेनदेन व्यवहारको ४० नं. बमोजिम नालिस गर्नुपर्ने हुन्छ। भाखा नाघेको मिति २०६८।५।९ बाट २ वर्षभित्र अर्थात् मिति २०७०।५।८ सम्ममा प्रस्तुत नालिस दर्ता गर्नुपर्ने हदम्याद रहेको देखिने।

हदम्यादसम्बन्धी कानूनी प्रश्न जहिलेसुकै पनि उठ्न सक्ने र अदालतबाट सो प्रश्नको निरूपण हुने न्यायिक अभ्यास छ । हदम्यादभित्र फिराद नपरेको अवस्थामा अन्य तथ्य औचित्यतर्फ प्रवेश गर्न आवश्यक नै रहँदैन । जतिसुकै भरपर्दो प्रमाण भएपनि हदम्यादसम्बन्धी विधिशास्त्रअनुकूल नभएमा प्रयोजनहीन नै हुन्छ । आफ्नो हक अधिकारतर्फ समयमा नै जागरूक नरहने व्यक्तिलाई अदालतले मद्दत गर्न नसक्ने।

मिति २०६८।२।१० को बैनाको लिखत भाखा समाप्त भएको मिति २०६८।५।९ बाट लेनदेन व्यवहारको ४० नं. मा निर्दिष्ट गरेको हदम्याद मिति २०७०।५।८ सम्ममा फिराद दायर गर्नपर्नेमा मिति २०७१।७।२४ मा मात्र प्रस्तुत हदम्याद नघाई फिराद दायर हुन आएको देखिन्छ। कानूनले तोकेको हदम्याद बाध्यकारी नै हुन्छ । हदम्यादविहीन फिरादबाट वादीले कानूनी उपचार प्राप्त गर्न सक्ने देखिएन । कानूनले तोकेको हदम्यादभित्र नालिस दिनुपर्नेमा सो हदम्याद व्यतीत गरी वादी अदालत प्रवेश गरेको कार्य कानूनसम्मत मान्न सकिएन। वस्तुतः हदम्यादविहीन मुद्दाको फिरादबाट इन्साफ गर्न मिल्ने नदेखिने।

अतः विवेचित तथ्यगत आधार कारण तथा कानूनी व्यवस्था तथा प्रतिपादित न्यायिक सिद्धान्तसमेतको आधारमा हदम्याद नाघी दायर

भएको फिरादबाट प्रतिवादी दानबहादुर प्रजापतिको हकमा पर्ने साँवा रकम रू.३,३३,३३३.३३ सम्म वादीले भराई पाउने ठहर गरेको सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७३।३।१७ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको फिराद हदम्यादभित्रको नदेखिँदा दाबी खारेज हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १७ गते रोज ३ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७१-CR-१५२१, १५५७, ०७२-CR-००९२, ०५०४, १५४७, भ्रष्टाचार (अनियमितता), *हर्कबहादुर दाहाल वि. नेपाल सरकार, राजकुमार लाल दास वि. नेपाल सरकार, नेपाल सरकार वि. नेत्रबहादुर रावलसमेत, नेत्रबहादुर रावल वि. नेपाल सरकार, पशुपतिनाथ ठाकुर वि. नेपाल सरकार*

विवादित कि.नं. ५८ को जग्गाको राजीनामा गरिदिने सल्मा दर्जी र लिने सुशिलकुमार अग्रवाल भएको र.नं. ३१७३ मिति २०४५।१२।२९।३ को लिखतको प्रतिलिपिबाट सो जग्गाको हक सुशिलकुमार अग्रवालले प्राप्त गरेको भन्ने देखिन्छ। सो राजीनामाको अचल सम्पत्ति विवरणको महलमा ०-०-८ ऐलानी जग्गामा बनेको पक्की २ कोठेघर र सोको माथि २ कोठासमेत जम्मा कोठा ४ को घर भन्ने जनिएको छ। साथै हक भोग भएको बेहोरामा वीरगन्ज न.पं. कार्यालयको सिफारिसबमोजिम भन्ने उल्लेख भएको देखिन्छ। सुशिलकुमार अग्रवालको नामको जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिबाट मि.नं.११२ मिति २०६२।६।२८ को स्ववासी दर्ताले वडा नं.८ कि.नं. ५८ को जग्गा ऐलानीबाट नम्बरी हुन आएको भन्ने देखिन आउने।

नापी शाखा, पर्साबाट प्राप्त भएको फिल्डबुकको प्रतिलिपिबाट वि.उ.म.न.पा. वडा नं. ८ सि.नं. ११३-०३९०-०४ को कि.नं. ५८ को ००११५.८० जग्गा, सो जग्गामा पक्की घर-१ उल्लेख गरी मिति २०४६।११।२६ मा सुशिलकुमार अग्रवालको नाममा नाप नक्सा भएको भन्ने उल्लेख गरेको देखियो। त्यसैगरी मालपोत कार्यालय, पर्साको च.नं.३३८० मिति २०६३।८।११ को पत्रको प्रतिलिपिबाट वि.उ.म.न.पा. वार्ड नं.८ सि.नं.११३-०३९०-०४ को कि.नं. ५८ को ००११५.८० जग्गा साबिक सल्मा दर्जीको नामबाट र.नं.३१७३ मिति २०४५।१२।२९ मा सुशिलकुमार अग्रवालले राजीनामा गरी लिई निजले भोगचलन गर्दै आएकोमा निजकै नाममा स्ववासी घर जग्गा कायम रही १ नं. नापी गोश्वाराबाट वि.उ.म.न.पा. वडा नं. ८ सि.नं. ११३-०३९०-०४ को कि.नं.५८ कायम गरी सुशिलकुमार अग्रवालकै नाममा नाप नक्सा भएको, मिति २०६२।६।२८ को निर्णयबाट जग्गाधनी दर्ता स्रेस्ता तयार गरी यस कार्यालयमा सक्कल स्रेस्ता कायम भएको भन्ने उल्लेख गरेको देखियो। वीरगन्ज उ.म.न.पा.को मिति २०६२।११।२९ को पत्रबाट सुशिलकुमार अग्रवालको नाममा रहेको उक्त घर जग्गामा बाटो प्रमाणित गरिदिएको देखिन्छ। उल्लिखित प्रमाणहरूबाट उक्त कि.नं. ५८ को घर जग्गामा मिति २०४५।१२।२९ मा नै सुशिलकुमार अग्रवालको नाममा स्ववासी दर्ता भएको आधारमा मिति २०६२।०६।२८ मा मात्र स्रेस्ता तयार भएकोसम्म देखिएकोले उक्त घर जग्गा स्पष्ट रूपमा सुशिलकुमार अग्रवालको निर्विवाद हक भोगको हो भन्ने कुरा स्रेस्ताबाट पुष्टि हुन आएको हुँदा दाता सुशिलकुमार अग्रवालको उक्त जग्गामाथिको

स्वामित्वमा कुनै विवाद रहेको देखिन नआउने।

सोही कि.नं. ५८ को घर जग्गा सुशिलकुमार अग्रवाल दिने उमादेवी चाचान लिने भई र.नं.३१६६(ख) मिति २०६२।१२।६ मा राजीनामाको लिखत पारित हुँदा सबै प्रक्रिया पूरा भई रजिस्ट्रेसन पारित भएको र सो रजिस्ट्रेसनबापत लाग्ने राजस्व दस्तुरबापतको रकम रू.१,३१,३२८।- मिति २०६३।१।२८ मा बैंक दाखिल भएको भन्ने नेपाल राष्ट्र बैंक, वीरगन्जको भौचर नं. ५०९३११ को सक्कलै बैंक भौचरबाट देखियो। सो राजीनामाको हक भोगको बेहोरामा मेरो नाउँमा दर्ता भएको जग्गाधनी प्रमाण पुर्जाबमोजिम भन्ने उल्लेख भएको देखिन्छ । उक्त राजीनामाको लिखत नै यी प्रतिवादीहरूले ठीक छ भनी हेरी जाँची मोठ स्रेस्तासमेत भिडाई मोठ स्रेस्तासमेत भिडेकोले लिखत पारित गरिदिई उमादेवी चाचानको नाममा स्रेस्तासमेत बनाई दिएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट र निज उमादेवी चाचानको नामको जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिबाट देखिन आउने।

स्ववासी जग्गामा लामो समयदेखि घर बनाई भोग बसोबास गरी आएको हुन्छ । हाम्रो भूमि प्रशासनमा यस प्रकारका घर बसोबास रहेको जग्गालाई कानूनी प्रक्रिया पुऱ्याई नम्बरीमा दर्ता गरी मालपोतको स्रेस्तामा जग्गा दर्ता गरी अभिलेख गर्ने गरेको पाइन्छ। वस्तुतः स्ववासी, मिन्ही घरेडी, गाउँ ब्लक, ऐलानी जस्ता विशेषतायुक्त शब्दहरू भूमि प्रशासनमा रहँदै आएको छ। त्यस्तो स्थानमा लामो समयदेखि घर निर्माण, भोग बसोबास गरी आएको अवस्थामा नियमित प्रक्रिया अवलम्बन गरी स्रेस्तामा अभिलेखीकरण गरी भूमि राजस्वको परिधिमा ल्याउने गरिन्छ । व्यक्तिको सम्पत्तिलाई व्यवस्थित रूपमा अभिलेखमा दर्ता गर्ने प्रक्रिया यद्यपि विद्यमान छ । अन्यथा व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमा प्रत्यक्ष असर परी अन्यायपूर्ण हुन जाने।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा प्रस्तुत जग्गाको अवस्थिति नगरपालिकाको सहरी क्षेत्रमा रहेको र लामो अवधिदेखि घर निर्माण भई बसोबास भइरहेको भन्ने देखिन्छ। कसैको भोगाधिकारमा नरहेको सार्वजनिक प्रयोगमा नै रहेको जस्तो होइन । जग्गाको क्षेत्रफल ०-०-८ (आठ धुर) मात्र रहेको छ । सो स्थानको वरिपरि घरहरू नै भई बसोबास रहेको देखिन्छ । यस प्रकारको भोग बसोबासको आधारमा स्थानीय निकायको सिफारिसबाट बिक्री व्यवहार हुने गरेको र मालपोत कार्यालयले त्यस्तो बिक्री व्यवहारलाई प्रमाणित गरी अभिलेख गर्ने पनि गर्दछ। वस्तुतः प्रस्तुत घर जग्गाको प्रकृति र स्वरूप सार्वजनिक स्वरूपको कसैको भोग नरहेको भन्ने नभई बिक्री व्यवहार हुँदै गरेको र हक हस्तान्तरण गर्न मिल्ने देखिएको छ । मालपोत कार्यालयले यसअघि पनि बिक्री व्यवहार गर्दै तहतह हक हस्तान्तरण हुँदै आएको भन्ने देखिने।

प्रस्तुत विवादमा कि.नं. ५८ को घर जग्गा ऐलानी भनी जनिनुपर्नेमा स्ववासी भनी जनाई अभिलेखमा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने आरोप पत्रमा उल्लेख गरेको देखिन्छ। स्ववासी भनी जनिए पनि सो स्वतः नम्बरीमा पारिणत हुने पनि हुँदैन। सो जनाउने कार्य यी प्रतिवादीहरूले गरेका हुन् भन्ने पनि प्रस्ट प्रमाण छैन। स्ववासी भनी घर जग्गा बिक्री गर्ने र खरिद गर्ने व्यक्तिउपर वादी नेपाल सरकारको अभियोग दाबी नै रहेको देखिन आउँदैन। मूल रूपमा घर जग्गाको स्वामित्ववाला व्यक्तिहरूउपर अभियोग दाबी नै नभएको र सो राजीनामा पारित लिखतबाट खरिद बिक्री गरेको कि.नं.५८ को जग्गाको प्रकृति यथास्थितिमा रही घर जग्गाको हक स्ववासी भनी जनिई निज खरिद दाताको हकमा सुरक्षित रहिरहेको पाइन्छ । यस अवस्थामा यी प्रतिवादीहरूलाई कसुरदार हुन् भनी ठहर गर्न

न्यायोचित हुनेसमेत देखिन नआउने।

प्रस्तुत मुद्दाको अभियोग दाबीमा उल्लेख गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को जस्तो सार्वजनिक सरकारी सम्पत्ति उक्त कि.नं. ५८ को जग्गाको हैसियत देखिन आउँदैन । व्यक्तिले घर बनाई बसोबास गरी आएको र त्यस्तो बसोबासको घर जग्गा तत्कालीन वीरगन्ज न.पं. कार्यालयको सिफारिसबमोजिम किनबेच हुने गरेको भन्ने पनि देखिन आएकोले विवादित कि.नं. ५८ को घर जग्गा उक्त ऐनमा उल्लेख गरेको भावना जस्तो सार्वजनिक सम्पत्ति देखिन नआएकोले प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् भन्ने अभियोग माग दाबी पुष्टि हुन सकेको नदेखिने।

यसै सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, पर्साका जिल्ला न्यायाधिवक्ता रामकुमार थापाबाट अनुसन्धान हुँदा कि.नं. ५८ को घर जग्गा सुशिलकुमार अग्रवालको नाममा मिति २०४५।१२।२९ मा स्ववासी दर्ता भएको आधारमा मिति २०६२।६।२८ मा दर्ता स्रेस्ता तयार भएको भन्ने देखियो । उक्त घर जग्गामा सुशिलकुमार अग्रवालको निर्विवाद हकभोग र स्वामित्व रहेकोले निजले सो जग्गा बिक्री गरेको भन्ने देखियो । सो जग्गा खरिद बिक्री गर्दा हिनामिना भएको भनिएको राजस्व बैंक दाखिला भइसकेको र प्रतिवादीहरूमध्ये कसैले पनि उक्त राजस्व बैंक दाखिला गरेको भन्ने खुलेको देखिएन । त्यसैले कसुरदार स्पष्ट रूपमा किटान गर्न सकिने ठोस र यकिन प्रमाणको अभाव रहेकोले गोश्वारा रूपमा कोही कसैउपर मुद्दा चलाउनु न्यायोचित हुने नदेखिँदा हाल कसैउपर मुद्दा नचलाउने भनी मिति २०६६।९।२४ मा रायसमेत व्यक्त भएको पनि देखिने।

तसर्थः विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीहरूमध्ये नेत्रबहादुर रावल र पशुपतिनाथ ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(ज) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम ३(तीन) महिनाका दरले कैद र रू.३०,०००।– (तिस हजार) का दरले जरिवानासमेत हुने र प्रतिवादीहरूमध्येका हर्कबहादुर दाहाल र राजकुमार लाल दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(ज) बमोजिम मतियारको कसुरमा सोही ऐनको दफा २२ बमोजिम १(एक) महिना १५(पन्ध्र) दिनका दरले कैद र रू.१५,०००।– (पन्ध्र हजार) का दरले जरिवानासमेत हुने ठहऱ्याएको सुरू विशेष अदालत काठमाडौंको मिति २०७१।०८।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरू हर्कबहादुर दाहाल, राजकुमार लाल दास, नेत्रबहादुर रावल र पशुपतिनाथ ठाकुरले आरोप पत्र माग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई र सरोजनिधि वाग्ले

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।

## इजलास नं.११

### १

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७०-RB-००७१, मूल्य अभिवृद्धि कर ०६६/०६७, आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं. २ वि. डुमादेवी इन्टरप्राइजेज*

प्रत्यर्थी करदाताले अन्तिम कर निर्धारण आदेश मिति २०६६/१२/२० मा बुझेको देखिन्छ । सो अन्तिम कर निर्धारण आदेशउपरको करदाताको प्रशासकीय पुनरावलोकनको निवेदन मिति

२०६७/०२/१८ परेको पाइन्छ । यसबाट करदाताको निवेदन हदम्यादभित्रै दायर भएको देखिन आयो । तसर्थ, हदम्यादको कारण निवेदन खारेज गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय उल्टी हुने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट फैसला मनासिब देखियो तर सो फैसलामा आन्तरिक राजस्व विभागबाट पुनः निर्णय गर्नु भनी उल्लेख गरेको भन्ने नदेखिने ।

अतः राजस्व न्यायाधिकरण काठमाडौंले मिति २०६८/०८/०६ मा फैसला गर्दा आन्तरिक राजस्व विभागका महानिर्देशकले पुनः कानूनबमोजिम निर्णय गर्नु भनी उल्लेख नगरिएको हदसम्म राजस्व न्यायाधिकरणको सो फैसला मिलेको देखिएन । सो हदसम्म बाहेक आन्तरिक राजस्व विभागको मिति २०६७/०३/११ को निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६८/०८/०६ को फैसला सदर हुन्छ । अब यसमा कानूनबमोजिम जे जो बुझ्नुपर्ने बुझी निर्णय गर्नु भनी मिसिलसमेत आन्तरिक राजस्व विभागमा पठाइदिने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-१०८८, ०६८-CI-००८८, खिचोला मिटाई चलन चलाई पाउँ, *लियाकत अलीसमेत वि. अफसरून निशा सिद्दिकीसमेत, अफसरून निशा सिद्दिकीसमेत वि. लियाकत अलीसमेत*

बाँके जिल्ला अदालतबाट मिति २०६२/३/२९ मा भएको फैसलाउपर प्रतिवादीहरूको पुनरावेदन परेको भए पनि मिति २०६२/२/१० मा भएको नक्सा मुचुल्कामा विवाद जनिएको न.नं.२३ को जग्गाको सम्बन्धमा सुरू जिल्ला अदालतले केही नबोलेतर्फ वादीको पुनरावेदन परेको अवस्था देखिँदैन । सुरू जिल्ला अदालतबाट मिति २०६२/२/१० मा भएको नक्सा मुचुल्का पुनरावेदन अदालत नेपालगन्जबाट बदर भई मिति २०६७/२/१४ मा पुन: नक्सा मुचुल्का खडा भएको पाइयो । सो नक्सा मुचुल्का र वादी प्रतिवादीहरूको जग्गाको नक्सा ट्रेससमेत भिडाई हेर्दा वादीको कि.नं. १२ को जग्गा र प्रतिवादीको साबिक कि.नं. ३८७ (हाल बदर भई कायम रहेको कि.नं. ५६८) को जग्गा वादीको कि.नं. १२ को जग्गाको पूर्वपट्टि उत्तरतिर सो जग्गाको पूर्वपट्टि उत्तरतिर सो जग्गाको चुच्चो आकार रहेको देखिन्छ । विवाद जनिएको न.नं.१२, १३, १४ को जग्गाको क्षेत्रफल जोड्दा ९ धुरभन्दा बढी करिब १० धुरजति जग्गा देखिन्छ । वादीले आफ्नो फिराद दाबीमा ०-०-६$^{१}/_{२}$ धुर जग्गा मात्र प्रतिवादीहरूले खिचोला गरेको भनी दाबी गरेको अवस्था छ । प्रतिवादीहरूले ०-०-८$^{१}/_{४}$ जग्गा खिचोला गरेको भन्ने सुरू जिल्ला अदालतको फैसलामा वादी दाबीभन्दा बढी बोलिएको अवस्था देखिन आउने ।

सिद्धान्ततः वादी दाबीभन्दा बाहिर गई दाबीभन्दा बढी अर्थात् दाबी नै नलिएको बढी जग्गासमेत खिचोला गरेको ठहऱ्याई भएको फैसला न्यायको रोहबाट फिराद दाबीभन्दा बाहिर गई भएको देखिएबाट दाबीभन्दा बाहिर गई भएको फैसला सो हदसम्म कानूनसङ्गत मान्न मिल्ने देखिँदैन । वादी दाबी नै मुद्दाको आधारशिला हो । दाबीपश्चात् नै मुद्दाको उठान हुने र त्यसै दाबीलाई प्रतिवादीले समर्थन वा खण्डन गर्ने हुन्छ । दाबी निश्चित भएमा मात्र प्रतिवादीलाई स्वीकार गर्न वा खण्डन गर्न सजिलो हुने तथा अदालतलाई पनि दुवै पक्षको स्पष्ट दाबी जिकिरलाई विश्लेषण गरी इन्साफ गर्न सजिलो हुन जान्छ । त्यसैगरी आफ्नो वादी दाबी के कति हो फरक नपर्ने गरी सुरू तहमा नै

स्पष्ट रूपमा उठाउनु पर्छ । सुरू तहमा नउठाएको तथ्य पुनरावेदन तहमा उठाउन सकिँदैन । प्रस्तुत विवादमा वादीले सुरू जिल्ला अदालतमा फिराद गर्दा ०-०-६१/२ धुर जग्गा मात्र प्रतिवादीले खिचोला गरेको भनी फिराद दाबी गरे पनि पुनरावेदन तहमा विभिन्न मुद्दामा गरी ०-०-१८ धुरजति प्रतिवादीहरूले जग्गा खिचोला गरेको भनी पुनरावेदन जिकिर गरेको पाइन्छ । फिराद दाबीमा ०-०-६१/२ धुर जग्गा मात्र प्रतिवादीहरूले खिचोला गरेको भनी दाबी गरेको अवस्थामा सोभन्दा बढी खिचोला गरेको भनी दिलाउन भराउन मिल्दैन । तसर्थ वादीको कि.नं.१२ को जग्गाको पूर्वपट्टि उत्तर दक्षिणमा रहेको नक्सा मुचुल्काको न.नं. १२, १३ र १४ को जग्गामध्ये ०-०-६ १/२ धुर जग्गा मात्र वादीको देखिन आएको र उक्त जग्गासम्म वादीको हकभोग स्वामित्वको जग्गा देखिएबाट एकाको हक स्वामित्वको जग्गालाई आफ्नो भन्नेले खिचोला गरेको होइन भनी भन्न नमिल्ने भएबाट सो ०-०-६१/२ धुर जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहराई पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मनासिब नै देखिने ।

अत: विवेचित आधार प्रमाणबाट मिति २०६७/२/१४ मा भई आएको नक्सा मुचुल्कामा झगडा जनिएको न.नं. १२, १३, १४ को जग्गामध्ये वादी दाबीबमोजिमको ०-०-६१/२ धुर जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६७/३/८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल मङ्सिर २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७६-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजमणि महतो*

यसमा उच्च अदालतको फैसलाउपर थुनामा रहेको प्रतिवादीले कारागार कार्यालयमार्फत मिति २०७६।३।४ मा पुनरावेदनको म्याद बुझी लिएकोमा निजको यस अदालतमा पुनरावेदन परेको देखिएन । साधकको रोहबाट प्रतिवादी कसुरदार हुन् वा होइनन् भन्ने सम्बन्धमा हेर्दा मिति २०७३/२/१० गते जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ बिनापाते स्थित आफ्नै घरबाहिर आँगनमा अनिल परियार रगताम्य अवस्थामा फेला परी उपचारको क्रममा मृत्यु भएको देखियो । प्रतिवादी राजमणि महतोउपर लालजित दमैको किटानी जाहेरी दरखास्त परेको देखियो । "The Cause of Death is due to Head Injury" भन्ने मृतक अनिल परियारको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइने ।

प्रतिवादी राजमणि महतोले मैले लालजित दमैको श्रीमती इन्दिरासँग विवाह गरी बसेकोमा इन्दिराले पूर्वश्रीमान्को कान्छो छोरा अनिल परियारलाई हामीसँग ल्याई राखेको थियो, निजको नागरिकता बनाउने विषयलाई लिएर मलाई र मेरी श्रीमतीलाई कुट्ने पिट्ने गरेका थिए । सोही कारणले मिति २०७६/२/१० गते राति अं. ११:०० बजे घरअगाडि खाटमा तन्ना ओढेर सुतिरहेको अवस्थामा निज अनिल परियारलाई बाँसको डोलेसोले प्रहार गरेपछि टाउको फुटेर रगताम्य भएको हो । त्यसपछि बाँसको डोलेसो तिनाउ खोलामा फाली भागेको हुँ भनी प्रतिवादी राजमणि महतोले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखियो । अदालतमा बयान गर्दासमेत मैले आफ्नो जिउ जोगाउनको लागि मृतकलाई निजकै लठ्ठीले प्रहार गरी कसुर गरेको हो भनी आफूले गरेको प्रहारबाट अनिल परियारको मृत्यु भएको हो भन्ने तथ्य स्वीकार गरी बयान गरेको पाइयो ।

प्रतिरक्षाका लागि प्रहार गरेको भन्ने जिकिर प्रमाणबाट समर्थित हुन आएको नदेखिने।

मृतक अनिल परियारकी श्रीमती मनु परियारले गरेको मौकाको कागज, सुशिल परियारको मौकाको कागज, वस्तुस्थिति मुचुल्का, प्रतिवादीको बयानसमेतका सबुद प्रमाणबाट प्रतिवादी राजमणि महतोले अनिल परियारलाई निजले तन्ना ओडेर सुतेको अवस्थामा राति ११ बजेको समयमा आपराधिक मनसाय राखी बाँसको डोलेसोले टाउकोमा प्रहार गरी हत्या गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको देखियो। तसर्थ, प्रतिवादी राजमणि महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ठहर गरेको सुरू फैसला सदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) समेतका आधारमा सर्वस्व गर्नु नपर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५/०६/२३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सृजना गौतम

इति संवत् २०७६ साल पौष ७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CR-१०१२, अदालतको अवहेलना, हरहरी उपाध्याय वि. सकील अहमद जसगढ*

मालपोत कार्यालय, बाँकेबाट विचाराधीन हकसफासम्बन्धी मुद्दाको कारबाहीयुक्त अवस्थामा रहेको भनेको देखिन्छ। विपक्षी निवेदकले हकसफा मुद्दामा निवेदन दिएपछि सोको कारबाही नपर्खी मिति २०७१/०८/२५ मा निषेधाज्ञा मुद्दा र मिति २०७२/०२/१३ मा यो मुद्दा दिएको पाइन्छ। मुद्दाको विषयवस्तु र प्रकृतिबाट पनि विपक्षीले पराकम्पनबाट भत्किएको घरको व्यवस्थापनसम्म गरेको हो र अदालतको अपहेलना गरेको होइन। म अदालतको सम्मान गर्छु भनी प्रतिबद्धता जनाएकोसमेत पाइन्छ। म अदालतको सधैँ सम्मान गर्छु भनेबाट अदालतको अपहेलना गरेको भन्ने देखिने अवस्था मिसिल संलग्न कागजातबाट खुल्न आएको नपाइँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि उल्लिखित आधार, प्रमाण र कारणबाट निवेदकको निवेदन मागबमोजिम अदालतको अपहेलनामा दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।०८।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल जेठ ३ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-११८७, करारबमोजिम गराई पाऊँ, परवेज अख्तर मोची वि. शोभा राज्यलक्ष्मी सिंह ठकुरी*

प्रतिवादी राघवेन्द्र प्रताप सिहका नाममा कायम रहेको जग्गा रू.२,३६,०००।– मा वादीले खरिद गर्ने गरी बैना स्वरूप ७५,०००।– बुझी लिई दिई बाँकी १,६१,०००।– ६ महिनाभित्रै लिने दिने गरी सर्तसहितको करार मिति २०६१/३/२ मा भएको देखियो। यो तथ्य करारनामा लिखतको प्रकरण ४ मा हालका मितिले ६ महिनाभित्र दोस्रो पक्षले रजिस्ट्रेसन पारित गराई लिई सक्नुपर्ने छ भनी उल्लेख भएको सर्तबाट प्रस्ट हुने।

करार ऐन, २०५६ को दफा ८९(२)(घ) मा करारको परिपालना गर्न दाबी गर्नुपर्ने विषयमा मुद्दा गर्नुपर्ने कारण परेको मितिले दुई वर्षभित्र फिराद गर्नुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा फिरादपत्र २०७०/५/२६ मा दर्ता भएको देखियो। मिति २०६१।०३।०२ मा

भएको करारमा आजको मितिले ६ महिनाभित्र दोस्रो पक्षले रजिस्ट्रेसन पारित गराई लिई सक्नुपर्ने छ भनी उल्लेख भएको देखिन्छ । सो अवधि व्यतीत भएपछि नयाँ वा संशोधित अन्य कुनै सर्त सम्झौता भएको भन्ने देखिएन । करार लिखतको प्रकरण ४ मा उल्लेख भएको ६ महिनाभित्र दोस्रो पक्षले रजिस्ट्रेसन पारित गराई लिई सक्नुपर्ने भनी उल्लेख भएको सर्तलाई नै करारको परिपालना गर्नुपर्ने अवधि मान्नुपर्ने ।

करारबमोजिम ६ महिनाभित्र सर्त पालना नभएको र करारको अवधि बढाउने गरी अन्य सम्झौता भएको नदेखिएको अवस्थामा मिति २०६१/३/२ मा भएको करारनामा अनुसार ६ महिनाभित्र करारमा लेखिएको सर्त पूरा नगरिएको अवस्थामा सो अवधि पूरा भएपछि मुद्दा गर्नुपर्ने कारण परेको मान्नुपर्ने देखियो । यही अवस्थाबाट करार ऐन, २०५६ को दफा ८९(२)(घ) बमोजिम हदम्यादभित्र नालेस गर्नुपर्ने थियो । तर प्रस्तुत मुद्दामा फिराद २ वर्ष नघाई धेरैपछि अर्थात् मिति २०७०/५/२६ मा मात्र दायर भएको देखिँदा मुद्दा हदम्याद नाघी दायर भएको देखिने ।

अत: हदम्याद नाघी दायर भएको प्रस्तुत फिरादबाट मुद्दाको अन्य तथ्यगत अन्तरवस्तुमा प्रवेश गरी इन्साफ गर्न मिलेन । हदम्याद नाघेपछि मुद्दा दायर भएको कारणबाट खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।३।३० को फैसला कानूनअनुकूल देखिँदा सदर हुने ।

इजलास अधिकृतः- अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल जेष्ठ ३ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७०-CR-१६६८, सवारी ज्यान, नेपाल सरकार वि. सुरज मगर*

प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा समेत आफूले चलाएको गाडीले ठक्कर दिई रोमहर्ष आचार्यको मृत्यु भएको तथ्यलाई स्वीकार गरे पनि गाडी ब्याक गरी १८ फिट घिसारेर मारेको कुरामा इन्कार रही बयान गरेको देखिन्छ । मिसिल संलग्न लास प्रकृति मुचुल्का तथा Autopsy Report हेर्दा मृतकलाई गाडीले किचेको र १८ फिटसम्म घिसारेको देखिने घाउ खत रहेको भन्ने उल्लेख भएको देखिँदैन । उक्त रिपोर्टमा मृत्युको कारण Blunt Force Injury to the Head भन्ने उल्लेख भएको देखिन्छ । रोमहर्ष आचार्यलाई गाडी ब्याक गरी किचेर मारेको भन्ने वस्तुस्थिति मुचुल्कामा राजेन्द्र बोगटीसमेतका मानिसले गरिदिएको कागज एवं बकपत्र बेहोरा Autopsy Report लगायतका मिसिल संलग्न कागजातसँग मेल खाएको नदेखिँदा ब्याक गरी किची मारेको भन्ने तथ्य पुष्टि हुन सकेको देखिएन । प्र. सुरज मगरले चलाएको गाडीले ठक्कर दिएको कारणबाट रोमहर्षको टाउकोमा सानो चोट लाग्न पुगेको र सोही कारणबाट निजको मृत्यु भएको भन्ने देखिने ।

प्रतिवादीले परिणामको पूर्वज्ञान हुँदाहुँदै लापरबाही गरेको भन्ने अवस्था मिसिल प्रमाणबाट देखिन आएको छैन । प्रतिवादीको भनाइअनुसार दुर्घटना हुँदाको अवस्थामा केही अप्ठ्यारोजस्तो भई अलि टाढाको वस्तु त्यति राम्रोसँग नदेखिने भएको, अर्को साइडमा मोटरसाइकल र टाटा गाडी आएको तथा मृतकले एक्कासी बाटो काट्न लागेको देखेपछि ब्रेक लगाउँदा लगाउँदै गाडीको अगाडिको भागले ठक्कर दिएको भन्ने देखिन्छ । प्रतिवादी सुरज मगरले लापरवाहीपूर्ण तवरबाट गाडी चलाउँदा रोमहर्ष आचार्यलाई ठक्कर लागेको भनी मान्न सकिनेसम्मको अवस्था प्रमाणबाट देखिन आएन । बिहानको मिरमिरे समयमा गाडी चलाउँदाको अवस्थामा पैदलयात्रीले बाटो-क्रस गर्न लाग्दा संयोगवश दुर्घटना हुन पुगेको

देखिएको छ । यस अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर कायम हुने ठहर गरेको सुरू जिल्ला अदालत र पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिने।

अत: प्रतिवादी सुरज मगरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कसुर गरेको ठहऱ्याई ४ महिना १९ दिन कैद र रू.२,०००।- जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।३।४ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल माघ २७ गते रोज ६ शुभम्।

**७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CI-०९८१, उत्प्रेषण / परमादेश, सिद्धराज मिश्र वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंसमेत*

विद्यालय व्यवस्थापन समितिको मिति २०७४।७।२४ मा बसेको बैठकले निवेदकको शैक्षिक तथा प्रशासनिक कार्य सन्तोषजनक नदेखिएको, शिक्षकहरूसँग मिल्न नसकेको, व्यक्तिगत स्वार्थमा मात्र लिप्त रहेको, सोधिएको स्पष्टीकरणको जवाफ नदिएको भन्नेसमेतका आधारमा प्रधानाध्यापकको जिम्मेवारीबाट हटाउने निर्णय गरी मिति २०७४।७।२४ मा निवेदकलाई पत्रसमेत दिएको देखियो । निवेदक सिद्धराज मिश्रलाई प्रधानाध्यापकको जिम्मेवारीबाट हटाउनेगरीदिइएकोउक्तपत्रनिजलेमिति२०७४।७।२६ मा बुझिलिई भरपाइमा सही नगरेको भन्ने पत्रको पिठमा उल्लिखित बेहोराबाट देखिन्छ । विद्यालयको प्रधानाध्यापक जस्तो महत्त्वपूर्ण जिम्मेवारीमा रहनु भएका निवेदकले विद्यालयको शैक्षिक गुणस्तर उकास्दै विद्यालयको वातावरणलाई स्वच्छ राखी विद्यालयका शिक्षक, शिक्षिका, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थीहरूलगायत विद्यालय परिवारसँग असल अभिभावकको जिम्मेवारीसमेत निर्वाह गर्नु निजको कर्तव्य हुन आउँछ। मिसिल सामेल रहेका विद्यालय व्यवस्थापन समितिका निर्णयहरू, निवेदकलाई सोधिएको १७ बुँदामा उल्लिखित बेहोरासमेतबाट सोअनुरूपको भूमिका निवेदकबाट निर्वाह भएको अवस्था देखिन नआउने।

निवेदकको कामकारबाही सन्तोषजनक नभएको भन्ने आधारमा समुदायद्वारा सञ्चालित उक्त विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा निवेदकलाई प्रधानाध्यापकको जिम्मेवारीबाट हटाउने कार्य शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम (९) बमोजिम भए गरेको देखिँदा निवेदकलाई गैरकानूनी किसिमले प्रधानाध्यापकको जिम्मेवारीबाट हटाइएको भन्ने निवेदकको पुनरावेदन जिकिर तथ्यपरक देखिन नआउने।

समुदायद्वारा सञ्चालित गोकर्ण माध्यमिक विद्यालयको व्यवस्थापन समितिले विद्यालयको र विद्यार्थीहरूको हितका लागि विद्यालयको वातावरण बिग्रन नदिन, शैक्षिक प्रशासन र वित्तीय व्यवस्थालाई पारदर्शी र स्वच्छ बनाउनको लागि तपाईँलाई निम्नअनुसारको स्पष्टीकरण सोधिएको छ भनी विद्यालय व्यवस्थापन समितिको अध्यक्षले हस्ताक्षर गरी निवेदक सिद्धराज मिश्रलाई मिति २०७४।५।१६ मा १७ बुँदे स्पष्टीकरण सोधेको पाइयो । मिति २०७४।५।१६ मा सोधिएको स्पष्टीकरणको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको मिति २०७४।६।२७ मा बसेको बैठकबाट सहमति र समर्थन गरेको कुरा मिसिल सामेल

रहेको निर्णयको प्रतिलिपिबाट देखिन्छ । सोधिएको स्पष्टीकरणको जवाफ नदिएको कुरामा निवेदकले स्वीकार गरेकै देखियो। विद्यालय व्यवस्थापन समितिले समर्थन गरिसकेको स्पष्टीकरणलाई निवेदकले अनदेखा गरी जवाफसमेत दिन आवश्यक नठानी बसेको पाइयो । सोधिएको स्पष्टीकरणको जवाफै नदिएको अवस्थामा सुनुवाइको मौका पाइन भनी निवेदकले लिएको पुनरावेदन जिकिरसमेत मनासिब नदेखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निवेदकको कानूनी र संवैधानिक हक हनन् भएको स्थिति नहुँदा समुदायद्वारा सञ्चालित गोकर्ण माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गरेको निवेदकलाई कानूनी प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको जिम्मेवारीबाट हटाउने गरी भएको काम कारबाही कानूनसम्मत देखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने ठहर्छ भनी उच्च अदालत पाटनबाट मिति २०७५।३।६ मा भएको आदेश कानूनसम्मत देखिँदा सदर हुने।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल श्रावण २६ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-WO-०७३०, उत्प्रेषण / परमादेश, कल्पना रावत वि. वैदेशिक रोजगार विभाग, बुद्धनगरसमेत*

यसमा निवेदक प्रा.लि. को कारोबार रोक्का गर्ने गरी विपक्षी वैदेशिक रोजगार विभागबाट भएको निर्णय कार्यान्वयनको कार्य रोक्ने आदेश जारी गरिपाउँ भन्ने निवेदन माग गरेकोमा प्रस्तुत रिट निवेदनमा उल्लिखित विपक्षीले रोक्का राखेको कारोबार मिति २०७५।११।३ मा फुकुवा भइसकेको भनी वैदेशिक रोजगार विभागको च.नं.४९५ मिति २०७५।११।३ को पत्रबाट लेखी पठाएको देखियो । निवेदक भेरी एन्ड कर्णाली इन्टरनेसनल प्रा.लि. को रोक्का गरिएको सम्पूर्ण कारोबार फुकवा भइसकेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र २६ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CI-१२७४, लिखत बदर दर्ता बदर दर्ता कायम, *जगदिश दास बैरागी वि. रामबाबु चौधरी*

प्रस्तुत मुद्दामा वादी अञ्जनीका पिताको मृत्यु भइसकेको अवस्था भई घर व्यवहार निजकी आमा प्रतिवादी चिन्तामणीले नै गरिरहेकी छिन् । घर व्यवहारको क्रममा आवश्यक परेको अवस्थामा अंशबन्डाको १९(२) नं. ले २१ वर्ष नाघेको अंशियारको मन्जुरी लिनुपर्ने व्यवस्था गरेबाट दाबीको जग्गा बिक्री गर्न यी नाबालक वादीको मन्जुरी लिनुपर्नेसम्मको अवस्था नै रहेको छैन । यस्तोमा लेनदेन व्यवहरको १० नं. को कानूनी व्यवस्थालाई निरपेक्ष मानी घर व्यवहारको क्रममा घरको मुख्यले बिक्री गरेकोलाई समेत बदर गरी दिने हो भने अंशबन्डाको १९ नं. को कानूनी व्यवस्था प्रयोजनहीन हुने।

फिरादी नाबालक रहेको र निजको आमाले नै घर व्यवहार गरी आएको भन्ने देखिएकोमा अंशबन्डाको १९ नं. ले घर व्यवहार गर्दा उमेर नपुगेका अंशियारको मन्जुरीको आवश्यकता नै नपर्ने कानूनी व्यवस्था

हुँदाहुँदै लेनदेन व्यवहारको १० नं. बमोजिम लिखत र दर्तासमेत वादी दाबीबमोजिम बदर गर्ने गरेको जिल्ला अदालतको फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः सृजना गौतम

इति संवत् २०७६ साल फाल्गुन २ गते रोज ६ शुभम्।

**१०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३–CI–१७५०, लिखत दर्ता बदर दर्ता, नन्द राउत कुर्मीसमेत वि. बन्ती राउत कुर्मी*

एकासगोलका अंशियारले सगोलको सम्पत्ति बिक्री वितरन हक हस्तान्तरण गर्दा अरू अंशियारको मन्जुरी लिनुपर्ने नपर्ने भन्ने सम्बन्धमा लेनदेन व्यवहारको १० नं.मा - "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मजुरी लिन नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ। साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले १ वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र उजुर गर्‍यो र निजको मन्जुरी ठहरिएन भने निजको हकजति सो सम्पत्ति निजलाई फिर्ता गराई दिनुपर्छ" भन्ने व्यवस्था भएको पाइन्छ। यी प्रतिवादी नन्द राउत कुर्मीका छोरा भएकोमा मुख मिलेको अवस्था छ । वादी प्रतिवादी एकासगोलमा रहँदा बस्दाको समयमा दाबीको जग्गा खरिद गरी लिएको देखिँदा सो जग्गा सगोलको आर्जन भएकोमा विवाद छैन । एकासगोलका जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारको पनि हक लाग्दछ। अन्य अंशियारसमेतको हक लाग्ने सम्पत्ति हक हस्तान्तरण गर्दा लेनदेन व्यवहारको १० नं. बमोजिम निश्चित प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। दाबी सम्पत्ति हक हस्तान्तरण गर्दा पुनरावेदक वादीको स्वीकृति मन्जुरी लिएको नदेखिँदा सो लिखतले मान्यता पाउन सक्ने अवस्था देखिने।

विपक्षी वादी बन्ती राउत कुर्मीले पुनरवेदक प्रतिवादी नन्द राउत कुर्मीसमेतउपर अंश मुद्दा दायर गरेको र वादीले सम्पूर्ण सम्पत्तिको ३ खण्डमध्येबाट ५ खण्ड लगाई त्यसबाट १ खण्ड अंश पाउने ठहर भएको सुरू अदालतको फैसलाबाट देखिन्छ। दाबीको र.नं. र मितिको लिखतबाट जग्गा हक हस्तान्तरण गर्दा वादीको स्वीकृति मन्जुरी नलिएको र सो जग्गा सगोलमा रहँदा बस्दा खरिद गरेको देखिएको अवस्थामा दाबीबमोजिम लिखत र.नं. ४८(ख), मिति २०६९।४।५ को लिखत ३ खण्डको १ खण्डबाट ५ खण्डको १ खण्ड बदर भई बदर भएको लिखतजतिको जग्गा वादीका नाममा दर्तासमेत हुने ठहर गरेको पुनरावेदन अदालत पाटन, हेटौंडा इजलासको मिति २०७१/१०/४ गतेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल फाल्गुन २ गते रोज ६ शुभम्।

**११**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CI-०६५०, लिखत बदर दर्ता बदर दर्ता कायम, करिस्मा प्रधान (नेपाली) वि. प्रकाशमान शाक्य

दिलकुमारीको नाममा दर्ता भएको कि.नं. २५ को जग्गा निजको एकलौटी कोही कसैलाई बन्डा नलाग्ने हो भन्ने नदेखिनुका साथै आमा तथा बुबाले जे जुन तरहले आर्जन गरेको सम्पत्ति भए पनि त्यसरी आर्जन गरेको सम्पत्ति सगोलको छोरा छोरीलाई अंशहक नलाग्ने हो भनी भन्न मिल्दैन। आफूखुस गर्न

पाउने कुरामा बाहेक सगोलको सम्पत्ति बेचबिखन गर्दा अंशियारको मन्जुरीलाई कानूनले अनिवार्य गरेको छ। यस अवस्थामा प्रस्तुत मुद्दाका वादीसमेतको हक लाग्ने उल्लिखित कित्ता नं. २५ को जग्गा दिलकुमारीले बिक्री वितरण वा हक छाडी दिँदा यी वादीको मन्जुरी लिएको वा उक्त लिखतमा साक्षी नराखेको अवस्थामा आफ्नो हकजति बदर गरी माग्न सगोलको अंशियारलाई लेनदेन व्यवहारको १० नं. ले अधिकार दिएकै देखिने।

विवादित कि.नं. २५ को जग्गा दिलकुमारीको नाममा साबिकमा रहेको रैती नं. ३७० निजकै दाइजो पेवाको हुँदा वादीको मन्जुरी लिनुपर्ने होइन भन्ने पुनरावेदन जिकिर रहेको छ । सो सम्बन्धमा हेर्दा २०४३ सालमा नापनक्सा हुँदाका बखत उक्त रैती नं. ३६९ र ३७० का जग्गाहरू एकै प्लटमा मिलान भई कि.नं. ३२ र २५ कायम भएकोमा दिलकुमारीले आफ्नो भागको जग्गा छुट्याइ पाउँ भनी मालपोत कार्यालय मोरङमा निवेदन दिई निजको निवेदन मागअनुसार नै कि.नं. ३२ बाट कित्ताकाट भई कि.नं. ६६ को क्षेत्रफल ०-०-७.२ जग्गा (साबिक रैती नं. ३७० को क्षेत्रफल जति नै) निजका नाममा दा.खा. दर्ता भई गएको र बाँकी जग्गा कि.नं. ६७ मा कायम भई कि.नं. ६७ कै अर्को सिटमा दर्ता हुन गएको कि.नं. २५ को जग्गासमेत श्रीसम्पत्ति शाक्यका नामबाट दिलकुमारीकै नाउँमा नामसारी दर्ता भएको देखिन्छ। यसरी साबिक दर्तावालाकै मागअनुसार रैती नं. ३७० बाट भिडी कि.नं. ६६ दर्ता भइसकेपछि कि.नं. २५ पनि साबिक रैती नं. ३७० को हो भनी मान्न नमिल्ने।

यस अदालतबाट प्रत्यर्थी झिकाउँदा वादी शारदा शाक्य प्रतिवादी प्रकाशमान शाक्यसमेत भएको अंश मुद्दामा ६ अंशियार कायम भई भएको सुरू फैसला पुनरावेदन अदालतबाट समेत मिति २०५९।६।८ मा सदर भएको अवस्थामा २ भागको १ भाग लिखत बदर गर्ने गरेको भन्ने आधार लिएको देखिन्छ। तत्कालका अवस्थामा निजहरूको ६ अंशियार कायम भए तापनि ती अंशियारहरूबिच विभिन्न मुद्दासमेत परी अंश छुट्टिइसकेपछि प्रस्तुत विवादित लिखत पारित हुँदाका अवस्थामा मिति २०६७।६।६ गते आमा दिलकुमारी र छोरा प्रत्यर्थी वादी प्रकाशमान मात्र एकासगोलमा रही २ अंशियार रहेको देखिएबाट उक्त आदेशमा लिइएको आधारसँग सहमत हुन नसकिने।

अतः नरेशमान शाक्य छुट्टी भिन्न भइसकेको देखिएको, यी प्रत्यर्थी वादी र दिलकुमारीका बिचमा आमा छोराको सम्बन्ध रहेको कुरामा कुनै विवाद नरहेको र यी वादीले आमा दिलकुमारीबाट अंश लिएको प्रमाणसमेत नदेखिएको अवस्थामा प्रत्यर्थी वादीको समेत अंश हक लाग्ने कि.नं. २५ को जग्गा हक हस्तान्तरण गरिदिएको मिति २०६७।७।६ र.नं. १८२१(क) मा भएको लिखतमध्ये २ भागको १ भाग लिखत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।१०।२० मा भएको फैसला कानून र न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल वैशाख २४ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-०२८७, कर्तव्य ज्यान, नेपाल सरकार वि. डिलबहादुर वली*

ज्यान जस्तो गम्भीर कसुरमा अनुमान एवं शंकाको भरमा कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुन्छ । मिसिल संलग्न कागज प्रमाणका आधारमा प्रतिवादीउपर दोषी करार गर्ने भार वादीको हुने र वादी नेपाल सरकारले

आफ्नो अभियोग दाबी स्वतन्त्र तथा ठोस प्रमाण पेस गरी पुष्टि गर्न सकेकोसमेत पाइँदैन । मृतकलाई प्रतिवादीले मार्नुपर्नेसम्मको रिसइवीसमेत रहेको मिसिल संलग्न कागजातबाट देखिँदैन । अत्यधिक रक्सी सेवन गरी मृतक र प्रतिवादी साथसाथै रातको १२:०० बजेको समयमा जंगल र भिरको बाटो हुँदै हिँडिरहेको अवस्थामा रक्सीको नसामा मृतक भिरबाट खसेको र सोही कारण मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मृतक लडेको खबरसम्म नगरी बसेको र साथै हिँडेको आधारमा मात्र शंका गरी दोषी ठहर गर्नु न्यायोचित हुने नदेखिने ।

शंकाको आधारमा जाहेरी परेको, मृतक र प्रतिवादीले अत्यधिक मात्रामा रक्सी सेवन गरेको, प्रतिवादीको मौकामा अनुसन्धानको क्रममा र अदालतमा कसुरमा इन्कार रही गरेको बयान, मृतकको शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Chest Injury भन्ने देखिएको, शव परीक्षण गर्ने डाक्टर नविन खतिवडा र मोहनलाल वलीसमेतको बकपत्र र मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूसमेतबाट मृतकको मृत्यु कसैले मारेको नभई मृतक र प्रतिवादीले अत्यधिक मादक पदार्थ सेवन गरेको कारण कुकुरलोटे भिरबाट मृतक लडी मरेका र मृतकले प्रतिवादीको झोला तथा गलबन्दीसमेत आफैँले बोकेको हुँदा मृतककै साथमा रहेको भनी प्रतिवादीले मौकामा र अदालतमा समेत बयान गरेको हुँदा मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारेको नभई आफैँ भिरबाट रातको समयमा खस्न गई मृत्यु भएकोमा कुनै विवाद नदेखिने ।

तसर्थ: मृतक र प्रतिवादीका बिच मार्नुपर्नेसम्मको रिसइवी रहेको नदेखिनाको साथै प्रतिवादीले नै मृतकलाई कर्तव्य गरी मारेको भन्ने निश्चयात्मक प्रमाण मिसिलबाट देखिन आएको छैन । मृतक र प्रतिवादी रातको समयमा सँग साथ रहेका भन्ने आधारमा मात्र प्रतिवादीले मृतकलाई मारी कुकुरलोटे भिरबाट फालेका हुन् भनी अनुमान गरी प्रतिवादीलाई सजाय गर्न प्रमाणको अभाव देखिँदा निज प्रतिवादीलाई सुरू सल्यान जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको मिति २०७०/१०/२९ को फैसला नमिलेको हुँदा उल्टी भई प्रतिवादी डिलबहादुर वलीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत दाङबाट मिति २०७१/०१/२१ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल असार ८ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०५६३, भ्रष्टाचार (घुस रिसवत), रामप्रसाद न्यौपाने वि. नेपाल सरकार*

मालपोत कार्यालय चितवनमा मिति २०७०।१०।८ मा अ.दु.अ.आ. को टोलीले सो कार्यालयका ना.सु. रामप्रसाद न्यौपाने र ना.सु. खिलाराज शर्मा ढकालको शरीर खानतलासी गर्दा प्रतिवादी रामप्रसाद न्यौपानेको साथबाट विभिन्न दरका र विभिन्न अङ्कका नोटहरू जम्मा रू.१५,३१०।– नगदै बरामद भएको र सो बरामदी मुचुल्कामा निजसमेतले हस्ताक्षर गरेको पाइयो । बरामदी मुचुल्कालाई अदालतमा बयान गर्दा स्वीकार गरी बयान गरेको तथा अनुसन्धानको क्रममा पश्चाताप महसुस गरी क्षमयाचना माग गरेको देखिन आएबाट निजले आफू कार्यरत रहेको मालपोत कार्यालय चितवनमा सेवा प्रवाहको सिलसिलामा सेवाग्राहीसँग घुस रिसवत माग गरेका थिएनन् भनी भन्न मिल्ने

नदेखिने।

मालपोत कार्यालय चितवनमा मिति २०७०।१०।८ मा घुस, रिसवत लिई भ्रष्टाचार गरेको भन्नेसमेतको मुचुल्कामा हस्ताक्षर गर्ने वादीका साक्षीहरू घनश्याम उपाध्याय, गुरूदत्त सुवेदी, राजेन्द्रप्रसाद पौडेल, खिला शर्मा ढकाल, चन्द्रबहादुर सिजाली, रेशम बोहरा र रविन्द्र अधिकारीसमेतका साक्षीहरूले उक्त मितिमा मालपोत कार्यालय चितवनमा भएको खानतलासी बरामदी मुचुल्काबाट प्रतिवादी रामप्रसाद न्यौपानेको साथबाट निजले सेवाग्राहीबाट लिएको घुस, रिसवत रूपैयाँ बरामद भएको हो भनी आरोपित कसुरलाई खम्बिर हुने गरी विशेष अदालतमा आई बकपत्र गरी दिएकोसमेत देखिन आएबाट प्रतिवादी रामप्रसाद न्यौपानेले सार्वजनिक सेवा प्रवाहको सिलसिलामा सेवाग्राहीबाट घुस रिसवत लिएको भन्ने तथ्य समर्थित भएको पाइने।

प्रतिवादीले आरोपित कसुर आफूले गरेको होइन भनी अदालतमा बयान गर्दा जिकिर गरेको देखिन्छ। तर निजले आफ्नो जिकिरको समर्थनमा कुनै भरपर्दो प्रमाण पेस गर्न सकेको देखिँदैन। उजुरवालाले उजुर गर्नुपर्नेसम्मको पूर्वरिसइवी र कारण पनि देखिँदैन । अदालतको फैसलाअनुसारको दाखेल खारेज गर्ने कार्य नै नभएको भन्ने कुरा पनि देखिन आउँदैन । दाखेल खारेजसम्बन्धी काम कारबाही आफैँ कार्यरत कार्यालयमा रहेको कुरालाई प्रतिवादीले अन्यथा हो भन्न सकेका छैनन् । बरामद भएको रकममध्येको रू.८,०००।– प्रतिवादीले सेवाग्राहीको काम गराई दिने भनी बदनियतसाथ लिई राखेको तथ्य अनुसन्धानको क्रममा बुझिएका व्यक्तिको बकपत्र बेहोरा, बरामदी मुचुल्कासमेतले पुष्टि भएको छ। अतः आरोपित कसुरमा प्रतिवादीले सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीतर्फको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी रामप्रसाद न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम १(एक) महिना कैद र सोही दफा ३(१) बमोजिम रू.८,०००।– (आठ हजार) जरिवानासमेत हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंको मिति २०७१।८।१८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार ३० गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-११२३, गैंडा मारी खाग बिक्री व्यवसाय, दिधी लामा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी दिधी लामाले कसुर अपराध गरेको कुरामा साबिती रही अब आइन्दा यस्तो गल्ती कहिल्यै नगर्ने भनी कसुरदारले स्वेच्छाले कसुर स्वीकार गरी त्यस्तो कसुर गरेबापत पश्चाताप गरी मुद्दाको अनुसन्धान तथा मुद्दा हेर्ने अधिकारीसमक्ष समेत साँचो सत्य कुरा लेखाई केही हदसम्म न्याय निरूपणमा समेत सहयोग गरेको देखियो। यसका साथै यी पुनरावेदक प्रतिवादी शारीरिक रूपमा अस्वस्थ बिरामी रही निजले वीर अस्पतालमा स्वास्थ्य परीक्षण गराई औषधी सेवन गर्ने गरेको भनी देखिने मिसिल सामेल रहेको विभिन्न मितिको O.P.D. TICKET तथा उक्त अस्पतालको रिपोर्टसमेतका कागजात पेस हुन आएका छन्। यस मुद्दाका सहअभियुक्तहरूमध्ये गैंडा मार्ने मुख्य व्यक्ति मिलन भन्ने काजीमान प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम १४ वर्ष, राजकुमार प्रजालाई १४ वर्ष तथा श्रीमान् साइला भन्ने

शेरबहादुर प्रजालाई १२ वर्ष कैद हुने ठहरी फैसला भएको देखिन्छ । यस अवस्थामा गैंडाको खागको बिक्री वितरणमा सम्म संलग्न रहेका पुनरावेदक दिधी लामालाई गैंडाको सिकार गर्ने मुख्य अभियुक्तहरूलाई भन्दा बढी अर्थात् हुन सक्ने अधिकतम हद १५ वर्ष कैद र रू.१००,०००।- जरिवाना हुने गरी सजाय गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला न्यायको रोहमा उचित देखिन नआउने ।

उपर्युक्त कुराहरूलाई कसुरको गम्भीरता घटाउने अवस्थाका रूपमा हेर्न सकिन्छ । तथापि यस मुद्दामा कसुरको गम्भीरता बढाउने अवस्थाहरू पनि विद्यमान रहेको पाइयो । प्रतिवादी दिधी लामा पटकपटक गरी ३ पटक गैंडाको खाग बिक्री गर्ने कार्यमा संलग्न रहेको देखिएको छ । गैंडा मार्ने र खागलगायतका अन्य ओखेटोपहारको तस्करी गर्ने कार्य सङ्गठित रूपमा गरिएको देखिएको छ । यस अवस्थाका कसुरदारलाई न्यूनतम हदको सजाय गर्नु उचित हुँदैन । तसर्थ, कसुरको मात्राअनुसार विवेकपूर्ण रूपमा सजाय निर्धारण गर्नु मनासिब देखिने ।

अतः उल्लिखित आधार, कारणसमेतबाट पुनरावेदक प्रतिवादी दिधी लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम पन्ध्र वर्ष कैद र रू. एक लाख जरिवाना हुने ठहरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनबाट मिति २०७२।३।२८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।५।१४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तुसम्बन्धी कसुरको सजाय निर्धारण सम्बन्धमा तयार भएको सामान्य मार्गदर्शनमा उल्लेख भएअनुसारको आधार विन्दुबाट केही बढी हुने गरी प्रतिवादी दिधी लामालाई १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असोज ३० गते रोज ५ शुभम् ।

१५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-WO-०४२४, उत्प्रेषण / परमादेश, जीतेन्द्रकुमार झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत

निवेदकले आफूलाई समायोजन गर्दा घटुवा गरी समायोजन गरिएको र पदसमेत त्रुटि गरी समायोजन गरिएको भन्ने जिकिर रहेको देखिन्छ । निवेदकलाई समायोजन गरिएको भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको च.नं.१६/०६/स्वास्थ्य/४२०५(२३०) मिति २०७६।४।१४ को पत्र विवरणमा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७५९ मित २०७६।३।१ को पत्रानुसार कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम यस मन्त्रालयको (सचिवस्तरको) मिति २०७६।४।१४ को निर्णयानुसार तपाईंलाई स्थानीय सेवाको पदमा देहायअनुसार समायोजन गरिएको छ" भनी उल्लेख भएको देखिन्छ । निजको पद र श्रेणीको विवरण खुलाउँदा हाल कार्यरत पदको विवरणमा पद - वैद्य (पदनामः कविराज) र श्रेणीमा सहायक पाँचौं भनी उल्लेख भएको र समायोजन भएको पदको विवरणमा पद - वरिष्ठ वैद्य र श्रेणीमा सहायक पाँचौं उल्लेख गरी समायोजन गरेको पाइयो । यस अवस्थामा निवेदक जीतेन्द्रकुमार झालाई समायोजन गरिएको पदको श्रेणी सहायक पाँचौं उल्लेख भई समान श्रेणीमा नै समायोजन गरेको देखिँदा घटुवा गरी समायोजन गरेको भन्ने निजको जिकिरसँग सहमत हुन सकिएन । जहाँसम्म पदसमेत त्रुटि गरी समायोजन

गरिएको भन्ने जिकिर छ सो सम्बन्धमा समायोजनका क्रममा भएका प्राविधिक त्रुटि सच्याउन र चित्त नबुझेका कर्मचारीहरूको हकमा समायोजनको पत्र प्राप्त भएपश्चात् आफूलाई परेको मर्का उल्लेख गरी मन्त्रालयमा गुनासो गर्ने व्यवस्था गरिएको र सो गुनासो सम्बोधन गर्नका लागि मन्त्रालयमा ६ सदस्यीय "गुनासो व्यवस्थापन एवं सहजीकरण समिति" समेत गठन भइसकेको छ भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ रहेको सन्दर्भमा निवेदकको उक्त जिकिर सोही निकायबाट सम्बोधन हुन सक्ने नै देखिने।

अतः माथि उल्लिखित आधार, कारणसमेतबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७५९ मिति २०७६।३।१ को पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको (सचिवस्तरको) मिति २०७६।४।१४ को निर्णयानुसार रिट निवेदक जितेन्द्रकुमार झालाई समायोजन गर्दा निजको पदको श्रेणी, तह समान कायम रहेको (पाँचौं तह नै कायम रहेको) देखिएको, निजको पद घटुवा भएको नदेखिएको हुँदा निवेदकले लिएको जिकिरअनुसार आदेश जारी गर्नु परेन। उत्प्रेषणसहितको परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ठहर्छ। निवेदकको हकमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार भनी उल्लेख गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) को मिति २०७६।४।१४ को समायोजन गरिएको निर्णय र पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी यस अदालतको एकल इजलासबाट मिति २०७६।८।५ मा भएको अल्पकालीन अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: धनबहादुर कार्की

इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम्।

## इजलास नं.१२

### १

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-००८७, बन्दीप्रत्यक्षीकरण, राजेशकुमार थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

रिट निवेदक फैसला कार्यान्वयनको क्रममा मिति २०७५।०९।०८ मा बानियाँटार, काठमाडौंबाट पक्राउ परेको भन्ने देखिन्छ। अनिलकुमार गुरूङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हाल पक्राउ परेका यिनै उमेश पुन भन्ने राजेशकुमार थापासमेत भएको वैदेशिक रोजगार कसुर मुद्दाका अर्को प्रतिवादी राजन पोखरेल भन्ने ठानेश्वर पोखरेल र गिता प्रजाले उमेश पुन भन्ने राजेशकुमार थापाले उक्त मुद्दामा बयान गर्ने क्रममा आफूलाई उमेश पुन, राजेशकुमार थापा, नविन पुन र अन्य विभिन्न नामबाट चिनाउने गरेको भनी विपक्षीबाट पेस भएको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। यस अदालतको मिति २०७६।०१।१३ को आदेशबमोजिम मिति २०७६।१०।१९ मा मुस्ताङ टुकुचे ३ को हाल थासाङ गाउँपालिका १ मा सर्जमिन मुचुल्का हुँदा उमेश पुन भन्ने राजेशकुमार थापा र हिरालाल परियार नाम गरेको व्यक्ति एउटै हो भनी सर्जमिन मुचुल्का खडा भएको देखिन्छ। यस अदालतको आदेशबमोजिम सोही मुद्दाको अर्को प्रतिवादी गिता प्रजाले मिति २०७६।०१।२३ मा गरेको सनाखत बयानमा पनि उमेश पुन भन्ने राजेशकुमार थापा भन्ने व्यक्ति यिनै हुन् भनी सनाखत गरेको देखिन्छ भने यी निवेदक उमेश पुन भन्ने राजेशकुमार थापाले प्रति सनाखत गर्ने क्रममा राजन पोखरेलले अरूसँग परिचय गर्दा उमेश पुन भन्ने

राजेशकुमार थापा भनी भन्नु भनेकाले मैले आफ्नो नाम उमेश पुन भन्ने राजेशकुमार थापा भनी परिचय दिएको थिएँ तर मेरो नाम हिरालाल परियार हो भनी प्रति सनाखत बयान गरेको ।

उमेश पुन भन्ने राजेशकुमार थापा र हिरालाल परियार भनिएका यी निवेदक एउटै व्यक्ति हुन् भनी निष्कर्षमा पुगी निजउपर फैसला कार्यान्वयनको क्रममा निजको नाउँको लगत असुलउपरका लागि पक्राउ गरी कैदीपुर्जीसमेत दिई फैसला कार्यान्वयन भइरहेको देखियो । यसैबिचमा यी निवेदकले कारागार कार्यालय नख्खुलाई सम्बोधन गरी मिति २०७६।०९।२५ मा उमेश पुन भन्ने राजेशकुमार थापा र हिरालाल परियार दुवै नाम गरेको व्यक्ति म स्वयम् हुँ । हाल कारागार कार्यालय नख्खुमा वैदेशिक रोजगार मुद्दामा थुनामा रहेको छु भनी निवेदनसमेत दिएको ।

निवेदकले कारागार कार्यालय नख्खुलाई सम्बोधन गरी दिएको निवेदन, सर्जमिन मुचुल्का, प्रतिवादी राजन पोखरेल भन्ने थानेश्वर शर्मा र गिता प्रजाको भनाइ तथा गिता प्रजाले उमेश पुन भन्ने राजेशकुमार थापा र हिरालाल परियार भनिएका व्यक्ति एउटै हुन् भनी गरिदिएको सनाखतसमेतका समग्र प्रमाणहरूबाट यी निवेदक नै उमेश पुन भन्ने राजेशकुमार थापा हुन् भन्ने कुरा पुष्टि भएको देखिन्छ । यसरी यी निवेदक नै २०७२ सालको मुद्दा नं. ५२।३५६ र २०७२ सालको मु.नं.५७।३६७ को वैदेशिक रोजगार कसुर मुद्दाका प्रतिवादी उमेश पुन भन्ने राजेशकुमार थापा हुन् भन्ने देखिई यी निवेदकलाई उमेश पुन भन्ने राजेशकुमार थापाको नाउँको लगत असुलउपरका क्रममा पक्राउ गरी कैदीपुर्जीसमेत दिई कारागार कार्यालय जगन्नाथदेवलमा पठाउने गरी विपक्षीहरूबाट भए गरेका कार्यलाई गैरकानूनी कार्य भन्न सकिएन र उक्त थुनालाई गैरकानूनी थुना भन्न नसकिने ।

वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।०६।३० को फैसलाबमोजिम कैद र जरिवानाको लगत असुलउपरका क्रममा यी निवेदकलाई पक्राउ गरी कानूनबमोजिम कैदीपुर्जीसमेत दिई थुनामा पठाउने गरी विपक्षीहरूबाट भए गरिएका कार्यलाई गैरकानूनी कार्य एवम् उक्त थुनालाई गैरकानूनी थुना भन्न सकिने अवस्था नहुँदा निवेदन जिकिरबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ठहर्ने ।

इजलास अधिकृतः ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-०१४५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. कृष्णबहादुर भण्डारीसमेत

प्रतिवादी राजकुमार तिवारीले अनुसन्धानमा तथा सुरू वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा जाहेरवालालाई चिन्दछु, आफू सिद्ध ग्लोबल सर्भिस प्रा.लि.को सञ्चालक नभई मिति २०७२।०६।०३ बाट मार्केटिङ मेनेजरको रूपमा काम गर्दै आएको छु । जाहेरवालालाई किर्गिस्थान रोजगारमा पठाउँछु भनेर रकम लिएको तथा कहीँकतै वैदेशिक रोजगारको लागि पठाएको छैन, होइन भनी कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको देखियो । जाहेरीपश्चात् २०७२।६।१८ मा जाहेरवाला र राजकुमार तिवारीले वैदेशिक रोजगार विभागको महानिर्देशक सामु पेस गरेको निवेदनमा निजले उजुरीमा दाबी गरेको रकम रू.३,७६,०००।- बुझिसकेको भनी उल्लेख गरेको

देखियो। तत्पश्चात् निजलाई वैदेशिक रोजगार विभागले झिकाई मिति २०७१।७।१६ मा कागज गर्दा पनि निजले उजुर गरेपश्चात् "मैले पाउनुपर्ने रकम र क्षतिपूर्ति प्राप्त गरेको हुँ भनी (स.ज ६) मा कागज गरेको देखिन्छ। वैदेशिक रोजगार न्यायाधिकरणबाट यी जाहेरवालालाई उपस्थित गराउन मिति २०७२।११।५ मा आदेश गरेकोमा निज सो न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्न सकेको पाइँदैन। यस स्थितिमा जुन पक्षलाई वैदेशिक रोजगारमा पठाई ठगी गरियो भनिएको छ सो पक्षले नै अभियोगपत्र पेस हुनुपूर्व नै रकम र क्षतिपूर्ति पाएँ भनी कागज गरेकोबाट निज ठगिएको रहेछ भन्न सकिएन। निजले आफूलाई अन्याय परेको भए अदालतमा उपस्थित भई आफ्नो कुरा भन्नुपर्नेमा सो भन्न सकेको पाइँदैन। जहाँसम्म प्रतिवादीलाई सजाय हुनुपर्ने भन्ने अभियोग दाबी र पुनरावेदन जिकिर छ, आरोपित कसुरमा प्रतिवादी राजकुमार तिवारी इन्कार रहेको देखिन्छ भने अभियोजनका कुरा नै स्थापित नभएको अवस्थामा अर्को प्रतिवादी कृष्णबहादुर भण्डारी उपस्थित नभएको भन्ने मात्र आधारमा रकम लिए खाएको भन्ने कुनै कागजपत्रबाट स्थापित नभएको अवस्थामा सजाय गर्न नमिल्ने।

प्रतिवादीहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको भन्ने शंकारहित तवरबाट पुष्टि हुन नआएकोले प्रतिवादीलाई सजाय गरी हर्जानासमेत भराई पाउँ भन्ने अभियोग दाबी नपुग्ने र प्रतिवादी राजकुमार तिवारी र कृष्णबहादुर भण्डारीले अभियोग दाबीबाट सफाइ पाउने ठहराई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७७ साल जेष्ठ ४ रोज १ शुभम्।

## इजलास नं.१३

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-०४५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामेश्वर दाससमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू आमोद नारायण चौधरी, कौशल्या देवी चौधरी र संजय चौधरीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादीहरूको मृतकसँग कुनै विवाद भएको देखिँदैन। होटलमा भएको विवादपछि कुटपिटबाट बच्नलाई मृतक लुक्न यी प्रतिवादीहरूको चामल गोदाममा आउँदा त्यहा भएको कुटपिट वारदातलाई यी प्रतिवादीहरूले रोक्ने प्रयास गरेको भन्ने कुरा प्र.रामेश्वर दासको बयानबाट खुल्न आएको देखिन्छ। आफ्नो घरपसल गोदाममा अन्यत्रबाट सुरू भएको झगडाको परिणाम स्वरूप कोही भाग्दै लुक्न आएमा त्यस्तो विवाद रोक्ने र आफ्नो जिउज्यान सम्पत्तिसमेत बचाउन प्रयत्न हुनु स्वभाविकै देखिन्छ। यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भन्न मिल्ने अवस्था प्रमाणित गर्न स्वतन्त्र प्रमाणको उपलब्धतासमेत नभएकोले निजहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी वैजु दासको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरू वैजु दास, ज्ञान दास र रामेश्वर दास मुस्कान होटलका सञ्चालक रहेका, निजैहरूको उक्त होटलमा मृतक शम्भु झाले खाजा खाएको र पैसा नदिएको विषयलाई लिएर विवाद सुरू

भएको तथा तिनैजना प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको कुरा प्रतिवादीमध्येका रामेश्वर दासले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा पाइन्छ । त्यसैगरी घटना विवरण कागज गर्ने दानी झासमेतका व्यक्तिहरूको कागजबाट समेत उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता थियो भन्ने कुरा देखिन्छ । प्रस्तुत मुद्दामा खाजा खाई पैसा नदिएको विषयमा वादविवाद भई कुनै किसिमको पूर्वतयारीबिना एक्कासी वारदात भएको पाइन्छ। मृतकलाई मार्नेसम्मको कुनै तयारी, इवी तथा दुस्मनीसमेत यी प्रतिवादीहरूमा रहेभएको पाइँदैन । प्रतिवादीहरूले उक्त वारदातमा कुनै किसिमको हातहतियारसमेत प्रयोग गरेको पाइँदैन । सामान्य प्रकृतिको पैसा तिर्ने विवादमा यसरी उग्ररूप लिनु स्वीकार्य विषय पनि होइन, कुटपिटमा संलग्न भइहाल्नु अक्षम्य पनि होइन, तर त्यस्तो कुटपिटको परिणामका बारेमा विचार गर्नुपर्ने थियो । यद्यपि तत्काल भएको विवादमा हात हालाहालसम्मको परिस्थिति सिर्जना भएको, प्रतिवादीहरूको उक्त कार्यबाट मृतक मर्न पनि सक्छ भन्ने सामान्य सोच प्रतिवादीहरूमा नभएको अवस्थामा मृतकको मृत्यु वारदात स्थलमा नभई उपचारको क्रममा अस्पतालमा भएको पाइयो । पुनरावेदक बैजु दासले आफू वारदातको समयमा अन्यत्र थिए भनी जिकिर लिई साक्षी प्रस्तुत गरेपनि अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट निज घटनास्थलमा नरहेको र मृतकलाई हात नहालेको भन्ने पुष्टि हुन सकेको पाइँदैन । प्रतिवादीहरू ज्ञान दास र रामेश्वर दासको समेत संलग्नतामा कुटपिट भएको भनी अनुसन्धानमा विश्वम्भर झा, स्वयम्भर झा, शशिकान्त झासमेतले गरेको कागजबाट घटना विवरणमा एकरूपता देखिन्छ, यसबाट यी प्रतिवादीहरू घटनास्थलमा थिएनन् भन्ने जिकिर खण्डित हुन पुगेको छ । तथापि यी कागज गर्ने व्यक्तिहरूबाट पनि यी मृतकलाई मार्न सक्ने प्रकृतिबाट कुटपिट भइरहेको थियो भनी भन्न सकेका नदेखिने ।

अत: उल्लेख भएबमोजिमको तथ्य सबुत प्रमाण रहेको प्रस्तुत मुद्दामा गरिएको विवेचनाका आधारमा प्रस्तुत मुद्दामा भएको वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) को अवस्थाको देखिन आएन साथै उक्त वारदातमा ऐ.ऐ. को १४ नं. को पूर्वावस्था विद्यमान रहेको पनि देखिएन । प्रस्तुत मुद्दाको वारदातमा होटलमा खाजा खाएर पैसा नदिएको कारणबाट कुटपिट गर्दा मृतकको मृत्यु भएको देखिएकोले पुनरावेदन अदालत जनकपुरको मिति २०६६।१२।२२ को फैसला केही उल्टी भई प्रतिवादीहरू रामेश्वर दास, ज्ञान दास र वैजु दासले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिमको कसुर गरेको देखिँदा निजहरूलाई सोही नं. बमोजिम दुई (२) वर्ष कैद र रू.पाँच सय (५००।-) जरिवाना हुने ठहर्छ तथा प्रतिवादीहरू आमोद नारायण चौधरी, कौशल्यादेवी चौधरी र संजयकुमार चौधरीको हकमा निजहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको मिति २०६६।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दिपेन्द्रनाथ योगी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र १६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-WH-०१२१, बन्दीप्रत्यक्षीकरण, जङ्गबहादुर भण्डारीसमेत वि. गृह मन्त्रालयसमेत

निवेदकहरू जङ्गबहादुर भण्डारी, काजी गुरूङ र मिलन राईलाई मिति २०७६/७/१ मा सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुविधा र नैतिकता विरूद्धको अन्तर्गतको अभद्र व्यवहार कसुरमा पक्राउ गरेको भन्ने लिखित जवाफबाट देखिए पनि मिति

२०७६।२।२५ गते कास्की जिल्लावाट विद्यार्थीहरूको बैठकबाट निवेदकहरू ३ जनालाई पक्राउ गरी राजद्रोहसम्बन्धी कसुरमा कास्की जिल्ला अदालतबाट म्याद थप गरिएकोमा बन्दीप्रत्यक्षीकरणको मुद्दा परी उच्च अदालत पोखरा कास्कीबाट मिति २०७६।२।३० मा निवेदकहरूलाई थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएकोमा उच्च अदालत बार, पोखराको कक्षमा बसिरहेको अवस्थामा मिति २०७६।२।३१ गते दिउँसो अं.१२.३० बजे रातको समयमा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतमा राखी सार्वजनिक मुद्दामा म्याद थप गरेकोमा निवेदकहरूको हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन परी मिति २०७६।३।३ मा उच्च अदालत पोखराबाट पुनः बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएकोमा मिति २०७६।३।४ गते बिहान निवेदकहरूलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, दमौली, तनहुँमा हिरासतमा राखिएको र राजद्रोहको कसुरमा तनहुँ जिल्ला अदालबाट मिति २०७६।३।३१ मा साधारण तारेखमा रही मुद्दा पुर्पक्ष गर्ने आदेश भएकोमा सो लगत्तै पक्राउ गरी राजद्रोह मुद्दामा स्याङ्जा लगी म्याद थप गरेकोमा मिति २०७६।४।२३ गते स्याङ्जा जिल्ला अदालतमा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा लगत्तै पक्राउ गरी गोरखामा पुऱ्याई सार्वजनिक शान्ति विरूद्धको कसुरमा म्याद थप गरेकोमा मिति २०७६।५।१६ मा जिल्ला प्रशासन कार्यालय, गोरखाबाट थुनामुक्त गरिएको लगत्तै पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, बेसीसहर, लमजुङबाट म्याद थप गरिएकोमा निवेदकहरूले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७६।०६।०२ गते बन्दीप्रत्यक्षीकरण (०७६-WH-००७१) को आदेश जारी भई थुनामुक्त भएकोमा साँझ ५:३० बजे यस अदालतकै सेरोफेरोमा महानगरीय प्रहरी वृत्त, सिंहदरबारबाट खटिई आएका प्रहरीद्वारा पक्राउ गरिएको देखिने।

तसर्थः पक्राउ गरी थुनामै राख्नु पर्ने अपरिहार्यताको अभावमा विना वस्तुनिष्ठ आधार र कारण प्रस्तुत नगरी निवेदकको संविधान प्रदत्त मौलिक हकहरू माथि अनुचित बन्देज लगाउने गरी मिति २०७६/२/२५ देखि यी बन्दीहरूलाई अनवरत रूपमा एकपछि अर्को तथाकथित कसुरको अभियोगमा पटकपटक पक्राउ गरी निवेदकको थुनालाई निरन्तरता दिइराखेको देखिएको अवस्थामा यी बन्दीलाई थुनामै राख्ने प्रवृत्त भावना छैन भन्न नसकिने हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। अन्य कसुरमा थुनामा राख्नु पर्ने नभए आजैका मितिदेखि थुनामुक्त गरिदिनु भनी संक्षिप्त आदेश जारी भई यस अदालतको च.नं.७६३०६-३१५५८६, मुद्दा नं.०७६- WH-०१२१, मिति २०७६।७।१९ मा पत्राचार भएको देखिँदा अरू केही गरी रहनु नपर्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०६७-CR-०६२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हिमप्रसाद शर्मा*

प्रस्तुत मुद्दामा जाहेरवालाले प्रतिवादीउपर किटानी जाहेरी दिएको भए पनि निजले अदालतमा बकपत्र गर्दा मृतकसँग सम्बन्ध नराम्रो रहेकोले प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनेका छन्। सम्बन्ध जस्तोसुकै, चरित्र, चालचलन जस्तोसुकै भए पनि विना ठोस आधार, कारण र प्रमाण विना कसैलाई दोषी ठहऱ्याउन

मिल्दैन । यी जाहेरवाला थानेश्वरभन्दा पहिले नै प्रतिवादीले प्रहरीसमक्ष श्रीमती झुन्डिएर मरेको भन्ने जाहेरी दर्ता गराएको अवस्था छ। मृतकको शव परीक्षण प्रतिवेदनमा टाउकोमा चोट लागेको सम्भावनासम्म औंल्याइएको छ। यसरी बुझिएका मानिसहरूको शंका एवं शव परीक्षण प्रतिवेदनमा औंल्याइएको कुटपिट चोटको सम्भावनालाई प्रतिवादीको कसुर सिद्ध गर्ने आधार बनाउन सकिने अवस्था देखिँदैन । कुटपिट गरी मारेको भए कुन स्थानमा कुटपिट गरिएको हो ? टाउकोमा गम्भीर चोट पुऱ्याएर मारेको स्थान कुन हो ? कस्तो हतियार प्रयोग भयो ? उक्त स्थानमा सङ्घर्षको प्रमाण रगतलगायत ठोस प्रमाण देखिनु भेटिनु पर्ने सो केही भेटिएको नदेखिने।

प्रतिवादीका साक्षीहरू रामलाल शर्मा, जायस्वर जैसीले मृतक आफैँ झुन्डिई आत्महत्या गरी मरेकी हुन भनी प्रतिवादीको अदालतसमेतको इन्कारी बयानलाई समर्थन हुनेगरी बकपत्रसमेत गरिदिएका छन्। आँखा र टाउकोमा घाउको खत छ भन्ने सन्दर्भमा घटनास्थल प्रकृति मुचुल्कामा सो उल्लेख भएको छैन। उक्त मुचुल्कामा बस्नेले घाउ भएको भए त्यहाँ तिनीहरूले बोल्ने थिए, लेखाउन थिए। तर आँखामा र टाउकोमा भएको घाउ सुरू घटनास्थित लास प्रकृति मुचुल्कामा उल्लेख भएको पाइँदैन। लास जाँच गराउन पहाडको बोटोमा करिब १२ कोष टाढाबाट गाडीमाथि लास राखेर ल्याएको अवस्था देखिँदा लासमा चोटपटक लाग्न सक्ने सम्भावना देखिन्छ । शंका र परिस्थितजन्य प्रमाणबाहेक ठोस आधार प्रमाणहरू नदेखिने।

प्रतिवादीले मृतकलाई मार्न लागेको भए मृतक कराएको, चिचाएको, हारगुहार गरेको अन्य व्यक्तिले सुन्नु पर्ने सो कुरा देखाउन खुलाउन सकेको पाइँदैन। परिवारले लगी मृतकलाई झुन्ड्याइएको भए जमिनमा विभिन्न चिह्न हुनु पर्ने त्यस्तो केही देखिएको छैन। हिमप्रसाद शर्मालाई मात्र प्रतिवादी बनाएको छ, अन्य व्यक्ति एवम् परिवारको सदस्यलाई प्रतिवादी बनाएको छैन । एक्लै प्रतिवादीले मारी झुन्ड्याउन सक्ने सम्भावनासमेत नदेखिने।

ज्यान मार्ने कसुर जस्तो आरोपमा-अपराध अपराधीले नै गरेको हो भनी प्रमाणित हुनु पर्छ । अपराध गरेको होला, हुन सक्छ जस्ता काल्पनिक एवम अनुमानको आधारबाट अपराध पुष्ट्याई हुँदैन । परिस्थितिजन्य प्रमाण निर्णयात्मक एवम प्रमाणिक हुनुपर्छ। अपराध मालाकारको रूपमा गाँसिएर जोडिएर प्रमाणित गरेको हुनुपर्छ । तर प्रस्तुत मुद्दामा त्यस्तो प्रमाणहरू पेस गर्न सकेको नपाइने।

अत: प्रतिवादीले कसुर गरेको भन्न सकिने ठोस प्रमाणको अभाव हुँदा निजले अभियोगबाट सफाइ पाउने ठहऱ्याई प्यूठान जिल्ला अदालतबाट मिति २०६५।५।१५ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुर दाङबाट भएको मिति २०६६।७।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कार्तिक २६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७१-CR-१४०९, बन्दीप्रत्यक्षीकरण, डम्बरबहादुर थापा मगर वि. उदयपुर जिल्ला अदालतसमेत

पुनरावेदक प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा उदयपुर जिल्ला अदालतको मिति २०६७।३।२८ को फैसलाबमोजिम लागेको कैदको लगत बाँकी रहेकोमा कानूनबमोजिमको सम्पूर्ण प्रक्रिया पुऱ्याई निजका विरूद्ध कैद म्याद ठेगी, निजले सो कैदीपुर्जी रितपूर्वक

बुझिलिई कानूनबमोजिम कैद भुक्तान गरिरहेको अवस्था देखियो। प्रस्तुत मुद्दाका अर्का प्रतिवादी महेश चौधरीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा शम्भु मगर भन्ने डम्बरबहादुर मगरको खास घर झापा तिर हो भन्ने सुनेको हुँ। निज रामपुर ठोक्सिला वडा नं.५ मा अस्थायी रूपले बसोबास गर्दै आएका थिए। निज घटनास्थलबाट भागी गई म पक्राउ नपर्ने बेलासम्म गाउँमा आएका थिएनन् भनी लेखाइदिएको पाइन्छ। निजको ठेगाना मिसिल संलग्न कागजातहरूबाट पनि झापा सतासीधाम भन्ने खुलेको र जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा शम्भु मगर नै डम्बरबहादुर मगर हुन् भनी लेखाई दिई सनाखतसमेत गरेको देखिन्छ। निजको पहिचानमा तात्विक अन्तर हुने गरी फरक पर्ने नदेखिएको तथा निवेदकले पेस गरेको नागरिकताको प्रमाणपत्रमा निजको वतन झापा सतासीधाम वडा नं. ४ र मतदाता परिचयपत्रमा झापा सतासीधाम वडा नं. ९ उल्लेख भएको देखिएबाट पनि निज नाम तथा वतन परिवर्तन गरेर हिँड्ने गरेको देखिन्छ। प्रस्तुत मुद्दाका सन्दर्भमा यस अदालतबाट जाहेरवाला दीपककुमार खत्वेलाई म्याद दिई झिकाई, निवेदकलाई उपस्थित गराई कानूनको रितपूर्वक सनाखतको प्रक्रिया सम्पन्न गरी पेस गर्नु भनी मिति २०७५।१।७ मा भएका आदेशानुसार मिति २०७५।५।२८ मा जाहेरवाला उदयपुर जिल्ला अदालतमा उपस्थित भई वारदात हुँदाको अवस्थामा निज प्रतिवादी र म एउटै गाउँमा बस्ने गरेको र गाउँघरमा निजलाई शम्भु मगर भनेर बोलाउने हुँदा जाहेरीमा निजको नाम शम्भु मगर भनेर लेखिएको हो। आज मलाई देखाइएका डम्बरबहादुर मगर नै मैले जाहेरीमा उल्लेख गरेका शम्भु मगर हुन भनी सनाखत गरिदिएको देखिने।

कुनै पनि निर्दोष व्यक्तिले आफूले नगरेको कामबापत कुनै पनि किसिमको सजाय पाउनु हुँदैन भन्ने न्यायको स्थापित मान्यता रहेको छ। प्रस्तुत विवादमा यी निवेदकले आफूलाई आरोपित व्यक्तिभन्दा फरक व्यक्ति भएको भनी दाबी लिएको र अन्य व्यक्तिको शंकामा गलत व्यक्तिलाई पक्राउ गरेको (case of mistake identify) भन्ने दाबी लिएको देखियो। यो कुरा पुष्टि गर्न आफू जिल्ला झापा सतासीधाम गा.वि.स. वडा नं. ४ मा जन्म भई सोही वतनमा बसोबास गरी आएको भनी नागरिकता प्रमाणपत्रलाई आधार लिएको देखिन्छ भने पुनरावेदन गर्दा आफू बाबुसँग अंश लिई वडा नं. ९ मा बसोबास गरी मतदाता प्रमाणपत्रसमेत सोही वडा नं. ९ बाट लिएको देखिन्छ। प्रहरी हवलदार दुर्गाप्रसाद श्रेष्ठको प्रतिवेदनमा यी पुनरावेदक झापा स्थायी घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ परेको र यिनको स्थायी वतन झापा जिल्लामा भएपनि उदयपुर जिल्ला रामपुर ठोक्सीमा गा.वि.स. वडा नं. ५ अस्थायी बसोबास भएको शम्भु मगर हुन भनी उल्लेख गरेको, जाहेरवालाले सनाखत गर्दासमेत वारदात हुँदा आफू र यी पुनरावेदक एकै गाउँ घरमा बस्ने गरेको र उक्त गाउँमा यिनलाई शम्भु मगर भन्ने गरेको तथा शम्भु मगर र डम्बरबहादुर थापा मगर एकै व्यक्ति हो भनी किटानी कागज गरेको पाइयो। जाहेरवालाले यी पुनरावेदकलाई पोल्नु पर्ने कारण र अवस्थाबारे यी पुनरावेदकको कुनै भनाइ रहेको देखिँदैन। आफूले कैदी पुर्जी बुझी लिँदासमेत उक्त कैदी पुर्जी आफ्नो होइन, आफू असम्बन्धित व्यक्ति हो भनी विरोध गरी सो सम्बन्धमा कुनै बेहोरा लेखाएको पनि देखिँदैन। तसर्थ, प्रस्तुत मुद्दाको मिसिलबाट यी डम्बरबहादुर थापा मगर नै प्रतिवादी शम्भु मगर हो भन्ने सम्बन्धमा विवाद नदेखिएको हुँदा उक्त रिट निवेदन खारेज गरेको

मिलेकै देखिँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१०।२६ मा भएको फैसला सदर हुने।
इजलास अधिकृत: दिपेन्द्रनाथ योगी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

## इजलास नं.१४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-००९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. चन्द्रे भन्ने विनय नेम्वाङ*

प्रतिवादी चन्द्रे भन्ने विनय नेम्वाङले मौकामा अनुसन्धान अधिकारी र अदालतसमक्ष वारदातलाई सिलसिलेवार रूपमा व्यक्त गरी कसुर गरेकोमा साबित रही बयान गरेको देखिन्छ । मृतकका छोरा सुनिल केरूङले प्रतिवादी चन्द्रे भन्ने विनय नेम्वाङले मेरो बुबा भिमबहादुर केरूङलाई घरमा सुतिरहेको अवस्थामा रातको समयमा धारिलो हतियार बञ्चरोले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निजलाई कानूनबमोजिम कारबाही गरिपाउँ किटानी जाहेरी दिएको र सो जाहेरीलाई पुष्टि हुने गरी अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत गरिदिएको देखियो। घटना विवरणमा कागज गर्ने इन्द्रबहादुर थाम्सुहाङसमेतका व्यक्तिहरूले प्रतिवादीले जग्गासम्बन्धी पूर्वरिसइवी लिई मृतकलाई पहिलेदेखि नै मार्छु भनी गाउँघरमा भनी हिँड्ने गरेकोमा वारदातका दिन मृतकलाई राति घरमा सुतिरहेको अवस्थामा धारिलो हतियार बञ्चरो प्रहार गरी मारेका हुन् भनी कागज गरिदिएको र सो मौकाको कागजलाई अदालतमा उपस्थित भई बकपत्रमार्फत पुष्टि गरिदिएकोसमेत देखिन्छ। मौकामा प्रतिवादीको श्रीमती गंगा नेम्वाङले वारदातको दिन म छोरासहित मृतकको घरमा सुतेको थिएँ, राति श्रीमान् आई छोरा र मलाई आफ्नो घरमा लगी सुताई घरको बञ्चरो बोकी लगी सुतिरहेका भिमबहादुरको घाँटीमा प्रहार गरी गम्भीर घाइते बनाएको र सोही चोटको कारण भिमबहादुरको मृत्यु भएको हुँदा श्रीमान् चन्द्रे भन्ने विनय नेम्वाङलाई कानूनबमोजिम सजाय हुनुपर्छ भनी गरेको कागजलगायतका उल्लिखित आधारबाट प्रतिवादीको साबिती बयानलाई पुष्टि गरेको देखियो। यी प्रतिवादीको घरनजिकबाट कसुर गर्नमा प्रयोग गरिएको धारिलो भागमा रगत सुकेको फलामको बञ्चरो र प्रतिवादीले लगाएको कपडासमेत बरामद भएको पाइन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण *Deep sharp cut injury with short weapon about (*8×3×2.5*) in size leading to complete cutting of trachea, esophagous, thyroid cartilage, laryngopharynx and deep cut upto cerrical spine* 5 *bone, with blood precent ove there vessel were also cut on that part* भनी उल्लेख भएबाट मृतकको मृत्यु यी प्रतिवादीले घाँटीमा प्रहार गरेको बञ्चरोको चोटको कारण भएको तथ्य पुष्टि हुने।

प्रतिवादी चन्द्रे भन्ने विनय नेम्वाङले मृतक भिमबहादुर केरूङलाई धारिलो हतियार बञ्चरोले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीलाई सुरू पाँचथर जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।३।११ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने

ठहर्छ तर प्रस्तुत मुद्दामा यी प्रतिवादी चन्द्रे भन्ने विनय नेम्वाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्न व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रतिवादी चन्द्रे भन्ने विनय नेम्वाङलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ठहर्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पौष २१ गते रोज २ शुभम् ।

## इजलास नं.१५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-CR-०५९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. हेमराज साह तेलीसमेत

आफ्नो छोरीज्वाइँ हेमराज साह तेलीले अन्य प्रतिवादीहरूसँग मतसल्लाहमा परी निजकी ७ महिनाकी छोरी अन्तिमा कुमारीलाई जिउँदै खोलामा फाली हत्या गरेकोले कारबाही गरिपाउँ भनी मुनी साह तेलीको तथा आफ्नो श्रीमान् हेमराज साह तेलीले अन्य प्रतिवादीहरूसँग मतसल्लाहमा परी छोरी अन्तिमा कुमारीलाई खोलामा फाली हत्या गरेकोले कारबाही गरिपाउँ भनी संगिता साह तेलीको किटानी जाहेरी परे तापनि निज उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको आदेशले झिकाइएकी जाहेरवाला संगिता देवी तेलीनले उक्त मितिमा मेरो काखबाट ७ महिनाकी छोरीलाई कसैले खोसी लगेको थिएन, जाहेरीको बारेमा मलाई थाहा छैन, मलाई सहीछाप गराए, पढेर सुनाएनन्, प्रतिवादीहरूले मृतक छोरीलाई जिउँदै खोलामा फालेको होइन, छोरी निमोनियाले बिरामी थियो, १०/१५ दिन गाउँमा उपचार गराएको थियो र मृत्यु भयो, जाहेरी बेहोरा झुठा हो भनी जाहेरी बेहोरा खण्डन गरी अदालतसमक्ष बकपत्र गरिदिएको पाइयो । अनुसन्धानको क्रममा कसुरमा साबित रहेका प्रतिवादी हेमराज साह तेलीले अदालतसमक्ष अनुसन्धानको बयानलाई नकार्दै कसुरमा इन्कार रही बयान गरेका छन् भने अन्य प्रतिवादीहरूले कसुरमा इन्कार रही अनुसन्धानको क्रममा तथा अदालतसमक्ष बयान गरेका छन् । प्रतिवादीतर्फका

साक्षीहरूले प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरिदिएका छन्। मौकामा बुझिएका मानिसहरू राकेश रोशन तिवारी, शंकर साह, राजु पटेल, भागीरथ साह र अशोक साहले घटना विवरण कागजको बेहोरा पढ्न नदिई आफूहरूलाई सहीछाप गराइएको, जाहेरी बेहोरा झुठा भएको र प्रतिवादीहरू निर्दोष भएको भनी अदालतसमक्ष घटना विवरण कागजको बेहोरा खण्डन गरी बकपत्र गरिदिएको पाइन्छ । मृतक अन्तिमा कुमारीको लास फेला पर्न नसकेकोले निजको मृत्यको कारण खुल्न सकेको छैन । उपरोक्तानुसारको प्रमाणहरूबाट प्रतिवादीहरू निर्दोष भएको इङ्गित गरिरहेको तथा अन्य कुनै वस्तुनिष्ठ प्रमाणले निजहरूउपरको अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कर्तव्य ज्यानको कसुरमा सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवाला संगितादेवी तेलीले जाहेरी बेहोरा खण्डन गरी, वादीतर्फका साक्षीहरूले मौकाको बयान खण्डन गरी अदालतसमक्ष बकपत्र गरिदिएका, प्रतिवादी हेमराज साह तेलीले मौकाको बयान खण्डन गरी तथा अन्य प्रतिवादीहरूले मौकामा र अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेका, प्रतिवादीहरूका साक्षीहरूले प्रतिवादीहरूको बयान बेहोरालाई समर्थन गरी अदालतसमक्ष बयान गरेका तथा मृतकको लास फेला नपरी मृत्युको कारण खुल्न नसकेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन नसकेको देखिँदा प्रतिवादी हेमराज साह तेलीलाई कसुरदार ठहर गरी अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुने ठहर गरेको सुरू फैसला केही उल्टी गरी सबै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुने ठहर्‍याएको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको मिति २०७६।२।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः विकाश कुमार रजक

कम्प्युटरः सरस्वती दाहाल

इति संवत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-CR-१००७, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. संजय लिम्बूसमेत

प्रतिवादी प्रदिप यादवले आफ्नो साथबाट ४ पुरियामा रहेको ४ ग्राम लागु औषध बरामद भएको हो । सो लागु औषध हामी तीनैजनाले बराबर बाँडेर सेवन गर्न भनी भारतको सुनौली बजारबाट लिई आएको हो भनी बयान गरेको र अन्य प्रतिवादीहरू संजय लिम्बू र विपिन मगर भन्ने कुमार गाहामगरले आफूहरूबाट लागु औषध ब्राउनसुगर बरामद नभएको र आफूहरूसँगै खाजा खान बसेका एकजना मानिससँग लागु औषध भेटिएकोले प्रहरीले लागु औषध ल्याएको भनी पक्राउ गरेको हो भन्ने बयान बेहोरा लेखाएको पाइन्छ भने अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भने आफूहरूको मिलेमतोमा भारतबाट सामूहिक रूपमा खरिद गरी ल्याएको लागु औषध प्रदिप यादवले राखेको अवस्थामा निजबाट ४ ग्राम लागु औषध ब्राउनसुगर बरामद भएको हो भन्ने बेहोरा लेखाएको पाइन्छ। अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई बरामद गर्ने प्रहरीको प्रतिवेदन बेहोरा र निजको अदालतसमक्ष आई गरेको बकपत्र तथा प्रतिवादी प्रदिप यादवको अदालतसमक्ष भएको बयान बेहोराबाट पुष्टि गरेको देखिन्छ । मौकामा खडा भएको बरामदी मुचुल्का बेहोरालाई प्रतिवादीहरू जना ३ रोहवरमा

बसी सहीछाप गरी बरामदी मुचुल्कालाई नि:सर्त रूपमा स्वीकार गरेको देखिएबाट पनि बरामद लागु औषधमा सबै प्रतिवादीहरूको समान दायित्व र भूमिका रहेकोमा अन्यथा नदेखिने। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा गरेको बयान बेहोरा, बरामदी मुचुल्कामा उल्लिखित लागु औषधको परिणाम र सोमा हेरोइन पाइएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन, मौकाको प्रहरी प्रतिवेदन, प्रतिवेदकले अदालतसमक्ष गरेको बकपत्रसमेतका समग्र प्रमाणको मूल्याङ्कनबाट प्रतिवादीहरू तीनजनाको समान संलग्नतामा र लगानीमा भारतको सुनौलीबाट ४ ग्राम लागु औषध ल्याएको अवस्थामा प्रहरीबाट पक्राउ परेकोमा विवाद नदेखिने।

अनुसन्धान अधिकारीसमक्षको बयानमा केही मात्रामा बिक्री वितरणसमेत गर्ने भनी प्रतिवादीले बयान गरेकोमा सो बयानलाई बिक्री वितरण भन्नेसम्म अस्वीकार गरी अदालतमा प्रदिप यादवले ३ जना मिली सेवन प्रयोजनको लागि ल्याएको भनी सेवनसम्मको कसुर मात्र स्वीकार गरेको पाइन्छ। अन्य प्रतिवादीले अदालतमा लागु औषधमा आफ्नो संलग्नता नरेको भनी अस्वीकार गरे तापनि सहप्रतिवादी प्रदिप यादवले अनुसन्धान र अदालतसमक्ष गरेको बयान र बरामदी मुचुल्कामा उल्लिखित बेहोरा, प्रतिवेदकको अदालतसमक्ष भएको बकपत्रसमेतका प्रमाणबाट अन्य प्रतिवादीको अदालतमा भएको बयान खण्डित हुन पुगेको देखिने।

प्रतिवादीहरूबाट बरामद भएको लागु औषध क-कसका बिच कारोबार भई के कति मूल्यमा क-कसका बिच खरिद बिक्री बेचबिखन गर्न लागेको भन्ने कुरा वादी पक्षले प्रमाणद्वारा पुष्टि गर्न सकेको मिसिल संलग्न कागजातबाट देखिँदैन। प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाणलाई हेर्दा र त्यसमा संलग्न रहेका प्रतिवादीहरूको संख्यासमेतका आधारमा बरामद लागु औषध सेवनकर्ताले सेवन गर्दा खपत हुन नसक्ने अस्वाभाविक परिमाणको भएको पनि देखिँदैन। लागु औषधमा आफ्नो हिस्सा रहेको मौकाको बयानमा स्वीकार गर्ने प्रतिवादी संजय लिम्बूको स्वास्थ्य परीक्षणमा लागु औषध दुर्व्यसनी (narcotic drug user) भन्ने उल्लेख भएबाट प्रतिवादीहरू सबै लागु औषध सेवनकर्तासम्म रहेको देखिन्छ। सेवन गर्ने प्रतिवादीहरू ३ जनालाई बराबर संलग्नताको आधारमा बरामद भएको लागु औषध परिमाण सामान्य देखिएको र सेवनको लागि खरिद गरेको अवस्थामा बिक्री गर्दा खरिद गर्ने प्रतिवादीबाहेकका अन्य दोस्रो पक्षको उपस्थिति नदेखिएको र बिक्री कारोबारको दाबी पुष्टि गर्ने ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूले खरिद बिक्रीको आरोपित कसुर गरेको भन्न मिल्ने देखिएन। प्रतिवादीहरूले लागु औषधको बिक्री वितरणको कारोबार गरेको पुष्टि हुन नआएकोले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू प्रदिप यादव, संजय लिम्बू र विपिन भन्ने कुमार गाहा मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा बरामद भएको लागु औषध बाँडेर सेवन गर्न खरिद गरेको भनी सेवनको कसुर स्वीकार गरेको र प्रतिवादीको संख्या र बरामद लागु औषधको परिमाणका आधारमा सुरू अदालतबाट प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ), (ङ) र (च) बमोजिमको कसुर कायम गरी सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही पाँच वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने ठहर भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति

२०७५।०३।२८ को फैसला मिलेको नदेखिँदा केही उल्टी गरी निज प्रतिवादीहरू प्रदिप यादव, संजय लिम्बू र कुमार गाहा मगरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (छ) को लागु औषधको सेवनको कसुरमा ऐ. दफा १४(१) (ङ) बमोजिम जनही एक वर्ष कैद हुने गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७७ साल आषाढ १ गते रोज २ शुभम्।

## इजलास नं.१६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-०९५६, मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी, *नेपाल सरकार वि. लेखबहादुर परियार दर्जी*

काँकडभिट्टा स्थित विश्व सेवा विस्तार संस्थाकी कर्मचारी मुना आचार्यले यी प्रतिवादी र पीडितालाई सोधपुछ गर्दा प्रतिवादीले भारतको कालिमबोङ स्थित दिदी-भिनाजुको घरमा जान लागेको भनेका हुन् भनी अनुसन्धानका क्रममा लेखाएको पाइन्छ। प्रतिवादीको दिदी-भिनाजु भारतको कालिमबोङमा बसोबास गर्ने गरेको भन्ने निजहरूको परिचय र बसोबासको स्थितिको तथ्य स्पष्ट खुल्ने गरी प्रमाण कागजातसमेत पेस भई सुरू मिसिल सामेल रहेको देखिन्छ । विवाहित पुरूषले विवाह गर्छु वा गरेको भनेर उमेर पुगेकी कुनै कन्याकेटीलाई ललाई फकाई गरी घरबाट हिँडाइँ सीमा पारी आफन्तकै घरमा लगिरहेकोमा सीमामा नै पक्राउ परेको अवस्थामा पीडितलाई बेचबिखन गर्नकै लागि भारततर्फ लैजान लागेको भन्न नमिल्ने।

महिलालाई लिएर सीमा पारी पुर्‍याउँदै र जाँदै गरेको अवस्थामा पक्राउ पर्दा पनि निजलाई वास्तवमै भारततर्फ बेचबिखन गर्न भनी लगेको हो भनी पीडिता एवम् प्रतिवादीको मौकाको बयान, पीडिता एवम् प्रतिवादीबाट बरामद भएको अन्य कागजपत्र, पीडिताउपर प्रतिवादीले घरगाउँबाट हिँडालेको अवस्थामा दिएको आश्वासन गरेको व्यवहार र पक्राउ पर्दा एवम् उद्धार हुँदाको समयमा मौकामा नै विशेषत: पीडितले व्यक्त गरेको भनाइ र निजको अवस्था आदिको निजको तथ्यगत स्थितिबाट नै निर्धारण गर्नुपर्ने हुन्छ। उल्लिखित आधार कारणबाट प्रतिवादीउपर लगाइएको मानव बेचबिखन तथा ओसार पसारतर्फको अभियोग मागदाबी पुष्टि हुन नसकिरहेको परिप्रेक्ष्यमा प्रमाण ऐन, २०३१ को दफा २५ ले अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा हुने भन्ने कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दामा अभियोजन पक्षबाट प्रतिवादीउपर लगाइएको मानव बेचबिखनको कसुर पुष्टि हुन सकेको नदेखिने।

सामान्यतया: जबरजस्ती करणीजस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा प्रत्यक्षदर्शीको रूपमा अन्य कोही नभएर स्वयं पीडिता नै रहेको हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितालाई डर, त्रास, धाक, धम्की दिई जबरजस्ती करणी गरेको भन्ने तथ्य निज पीडिताकै बकपत्र बेहोराबाट पुष्टि भइरहेको देखिन्छ। यदि प्रेमसम्बन्धमा परी प्रेमिप्रेमिकाबिच करणी लिनुदिनु भएको भए यी पीडिताले प्रतिवादीउपरको जबरजस्ती करणीको कसुर पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गर्नुपर्ने कुनै कारणसमेत हुने थिएन। विवाहित पुरूषले अविवाहित महिलासँग विवाह गर्ने भनी प्रेम सम्बन्ध राखी निजलाई अनुचित दबाब, प्रभाव एवम् प्रलोभन पारी झुट्ठा आश्वासन दिई निरन्तर रूपमा करणी एवम्

यौन शोषण गर्ने गरेको कार्यलाई जबरजस्ती करणीको कार्यको कसुर गरेको मानिन जान्छ । यसरी पीडिताको उमेर १८ वर्ष पूरा नभएको, पीडितालाई प्रतिवादीले डर, धाक, धम्कीमा पारी जबरजस्ती करणी गरेको कसुर जाहेरी दरखास्त, प्रतिवादीको मौकाको र अदालतको बयान, पीडिताले मौकामा गरेको घटना विवरण कागजलाई समर्थन गर्दै अदालतमा आई गरेको बकपत्रसमेतबाट स्थापित भइरहेको देखिने ।

प्रस्तुत मुद्दामा पीडिताले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने कुरा अदालतमा आई मौकाको भनाइलाई समर्थित हुने गरी गरेको बकपत्र बेहोरा, निजको उमेर, उक्त प्रतिपादित सिद्धान्तसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीउपर लगाइएको जबरजस्ती करणीको कसुर मात्र पुष्टि भई मानव बेचबिखनको कसुर पुष्टि हुनसकेको नदेखिने ।

अत: उल्लिखित आधार, कारण प्रतिवादी लेखबहादुर परियार दर्जीले पीडिता परिवर्तित ०८ नाम आँखिसल्ला (क) लाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन गरेको कसुर पुष्टि हुन नसकी जबरजस्ती करणी गरेको कसुर मात्र प्रतिवादीले मौकामा र अदालतमा गरेको बयान, जाहेरी दरखास्त एवम् जाहेरवालाको बकपत्र, पीडितले गरेको घटना विवरण कागज एवम् बकपत्रसमेतबाट पुष्टि भइरहेको देखिएबाट निज प्रतिवादी लेखबहादुर परियार दर्जीलाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ बमोजिमको कसुरबाट सफाइ दिने र मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद र ऐ.महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितालाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिबापत भराइदिने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।३।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम् ।